# अमुक प्रेरणा



**ढो**काको कलवेल बज्यो । सुवानीले ढोका खोली र भनी,- 'कम ईन' ।

बाहिर एउटा कालो मान्छे उभिएको थियो र उसको साथमा एउटी १२-१३ वर्ष जतिकी सानी केटी थिई । उनी पनि कालै थिईन्, उनको हातमा एउटा पिंजडा थियो र पिंजडाभित्र एउटा ढुकुर थियो ।

कालो मान्छेले भन्यो,- 'सुवानी ! मलाई लाग्छ, मेरी छोरीको तलवको बारेमा तपाईलाई रोज डाउसनले जनाइसकी होली, के मैले साँचो भने ?'

'हजुर मलाई थाहा छ, सय डलर ।'

त्यो कालो मान्छे एकछिन चुप लाग्यो र केही सम्झेजस्तो गरी बोल्यो,- 'तर, एउटा समस्या छ, के तपाई स्विकार्नु हुन्छ ?'

'के समस्या ? पैसाको लागि हो भने तपाईले पीर लिनु पर्दैन, ५० डलर म अहिले नै पेश्कीको रुपमा दिन्छु, पछि हिसावमा मिलाउला ।'

'होईन-होईन, समस्या पैसाको होईन, समस्या यो ढुकुरको हो ।'

'मतलव ?' आफ्नो सोचाइभन्दा नितान्त फरक कुरा आएकोले सुवानी चकित परी ।

'मेरी छोरीले यो ढुकुरलाई छोड्नै मान्दिन । त्यसैले यो ढुकुर पनि यिनीसँग रहने अनुमति पाउनु पर्‍यो तपाईबाट ।'

'हुन्छ नि ! यसमा के को समस्या ? तर यिनले यो ढुकुरलाई स्याहार्न सक्छिन्?'

'किन नसक्नु ? यिनले यो ढुकुर ल्याँउदा अलि अलि मात्र प्वाँख थियो, अहिले उड्ने भै'सकेको छ ।' उसले छोरीको तारीफ गर्‍यो ।

'यिनको नाम के हो ?'

'घरमा सबैले यिनलाई बौनी भनेर बोलाउछौ अनि ढुकुरको नाम चै क्यास्टो ।'

सुवानीले 'हाई बौनी !' भन्दै हात अगाडी बढाई । पिंजडालाई भुईमा राखेर बौनीले पनि लजाई लजाई हात दिई ।

कालो मान्छे बोल्यो,- 'रोज डाउसन कसरी तपाईको साथी भई त ?'

'उनी नेपाल घुम्न आएकी थिई, त्यै'बेला हामी साथी भयौ ।'

'यो केटी कहिले घरमा बस्दिन, खाली घुमी बस्छे । कहिले कहाँ, कहिले कहाँ । ल अब म जान्छु । आजबाट मेरी छोरी तपाईको जिम्मा लागी । पछि फेरि तपाईलाई काम गर्ने मान्छेको आवश्यक परे सम्झौता गरौला । सुवानी जी ! तपाईलाई एउटा कुरोको अनुरोध गरौ की ?'

'भन्नुस न !'

'मेरी छोरीलाई बागमा ज्यादा नखटाउनु होला । याँ अफ्रिकामा ज्यादै जहरीलो बिच्छी पाईन्छ ।' त्यसपछि त्यो कालो मान्छेले आफ्नी छोरीलाई गालामा म्वाई खादै भन्यो,- 'अब तिमी केही वर्षलाई मेमसाहवसँग बस्नुपर्छ । तिमीलाई स्कुल पठाउन सकिन मैले, तिम्री आमा सधै विरामी ।' अनि उसले झोलाबाट एउटा कपडाको पोका निकाल्यो र बौनीको हातमा दिदै भन्यो,- 'लेऊ, समाउ तिम्रो ढुकुरको चारो ।' अनि उ त्यहाबाट हिड्यो ।

बौनी र सुवानी चाँडै घुलमिल भए । बौनी घर पोछा लाउथी, फूलबारीमा पानी हाल्थी, वासिङ्ग मेशिनमा स-साना हलुका कपडाहरू धुन्थी, घर कुर्थी अनि ढुकुरको सुसार गर्थी । तर कुनैबेला सुवानीले उनीलाई पढाउन खोज्दा भने उ मान्दिनथी र रुन खोज्थी ।

एकदिन सुवानीले भनी,- 'बौनी ! तिम्रो कुरा ढुकुरले बुझ्छ ?'

'बुझ्छ मेमसाहव ।'

'कसरी बुझ्छ ?'

'बुझ्छ नि, नभए यो मसँग बस्छ ?' भन्दै बौनीले पिंजडाको ढोका खोली र फेरि हतार हतार थुन्दै भनी, - 'खोई उडेन त !'

कहिलेकाँही ढुकुर कुर्लिन्थ्यो, कु...कु... गरेर । त्यो बेला बौनीले भन्थी,- 'उ गीत गाउदै छ ।'

एक साँझपख ढुकुर निकै लामो समयसम्म कुर्लियो । बौनी चै 'नकरान धेरै' भन्दै काम गरिरहेकी थिईन् । कफीको चुस्की पिउदै सुवानीले ढुकुर कुर्लेको सुनिरही । ढुकुरको कुर्लाईमा रोदन थियो, पीडा थियो र एकान्तपनको आभाष थियो । ढुकुरको जीवनचक्र विपरीत अञ्जानमै भएको यो अत्याचारमा बौनी दोषी थिई तर अञ्जान थिई । एउटा अपनत्वको न्यानोपन भित्र कति फुरफुर उड्दै रमाउन चाहन्छ यो ढुकुर । तर बौनीले ढुकुरलाई कैद गरेकी छ अनि अञ्जानमै ढुकुरमाथि घोर अन्याय गरेकी छ ।

एकवर्ष पुग्नेताका सम्म सुवानी, बौनी र ढुकुरको विचमा धेरै कुराहरूको प्रत्यक्ष अप्रत्यक्ष आभाष अनुभुतीहरू भएको छ, जो उनीहरूको रगतमा दौडेको छ । संस्कारमा छाप भएर लागेको छ ।

एकदिन बौनी ढुकुरसँग कुरा गरिरहेकी थिई । अनि सुवानीले त्यो सबै सुनिरहेकी थिई । बौनी भन्दै थिई,- 'तिम्रो आँखाहरू ज्यादै निर्दोष र सुन्दर छन् । तिम्रो शरिरको प्वाँखहरू कति सुन्दर छ अनि मिलेर बसेको छ । तिमी जंगलमा गयौ भने काँडाहरूले तिम्रो सुन्दर आँखाहरूलाई घोच्ने छ र प्वाँखहरूलाई छिन्न भिन्न पारीदिने छ । तर म ज्यादै अचम्ममा छु ! तिमीलाई किन जंगल मन पर्छ ?के जंगलमा गर्मी हुदा एसीको चिसो आउछ ? वर्षातको असिनाहरूलाई तिम्रो बसेराले थेग्न सक्छ ? व्याधाको प्रहारबाट तिमीले अकाल मृत्यु बेहोर्नु पर्दैन र ? चारोको लागि दौडधुप गर्नु पर्दैन र ?'

बौनीहरूको मुख्य चाड आउन एकहप्ता अघिबाट नै हर्षले बौनी गद्गद् भएकी थिई । सुवानीले 'के के गर्छौ चाडमा ?' भनेर सोध्दा यसो भन्थी, - बाबुले बहर गोरुको घाँटीमा तिर रोप्छ र रगत निकाल्छ । त्यो रगत हामी सबैले खान्छौ । पुरानो माला चामुण्डाको बेदीमा सेलाएर नयाँ माला लान्छौ । त्यो बेलामा बाबुले सबैलाई पाँच पाँच डलर दिन्छ र त्यो पैसाले हामीहरू होण्डुरसको मेला हेर्न जान्छौ । मेलामा घुर्रा  खेल्छौ र हड्डीको नयाँ नयाँ कुण्डल किन्छौ ।'

एकदिन ढुकुरले चारो पटक्कै खाएन र झोक्राईरहयो । बोक्सी, डंकिनी लागेको भन्दै बौनीले ढुकुरको घाँटीमा नाईलनको रातो फिता बाँधीदिदै चामुण्डालाई पुकारी,- 'हे चामुण्डा ! तिमीले यो ढुकुरको रक्षा गरि देउ ।'

यो सबै देखेर सुवानी हाँसी । बौनीले उनीलाई पनि यसो भनी,- 'मेमसाहव ! यो फिता नखोली दिनु है ।'

साँझ पर्दासम्म ढुकुरले चारो खाएन । त्यसपछि बौनी ढुकुरको मायाले रोई । भोलीपल्ट सुवानीले भेटनरीबाट एउटा डाक्टर बोलाई र ढुकुरलाई सँञ्चो बनाई दिई । बौनी खु:शी भई तर त्यसदिनबाट उसले ढुकुरप्रति त्यति चासो देखाईन ।

एकपल्ट सुवानीले भनी,- 'बौनी ! तिमी यो घाँगर मात्र लाउछेउ । टावजर नी ?'

'मनपर्दैन ! आ...मेमसाहव ! यै'पो सजिलो, यसैमा मोह बसेको छ । गाउँमा सबैले यस्तै लगाउछन् ।'

त्यो रात बौनी बाल्कोनीमा टहली रही । पारी पारीको गाउँमा बलेको बत्तीको धीमा उज्यालोलाई हेर्दै भनी,- 'कठै ! मेरो गाउँ ।'

सुवानीले नयाँ नयाँ घाँगर किनी दिउला भन्दा पनि बौनी मानिन र यो वर्षको अन्तिम डिसेम्बरसम्म मात्र काम गर्ने भई । 'ढुकुर के गर्छौ ?' भनेर सुवानीले सोधी ।

 **युद्ध समाधि**

बौनीले भनी,- 'अः...मेमसाहव ! मलाई यै चिन्ताले सताएको छ तर यसपाली मैले यो ढुकुरको लागि एउटा कठोर र अन्तिम निर्णय गर्नु परेको छ ।'

अनि यो वर्षको अन्तिम डिसेम्बर कालो मान्छे आईपुग्यो । अघिल्लो रात नै बौनीले ढुकुरलाई हेर्दै आफ्नो पोका पन्तरा कसी सकेकी थिई । सुवानीले भनी,- 'यो टावजरहरू पनि लैजाउ ।'

'होस लान्न ।' बौनीले भनी ।

'अनि यो ढुकुर नी ?'

त्यसपछि बौनीले आँशु झारी र भनी,- 'त्यसलाई पनि लान्न ।'

'किन बौनी ?' कालो मान्छेले चकित हुदै सोध्यो ।

बौनीले भनी,- 'बाबु ! मायाले मात्र नहुने रहेछ । मेमसाहव नभए यो ढुकुर उहिले मरी सक्ने ।' अनि बौनीले सुवानीतिर फर्केर याचना पूर्ण स्वरमा भनी,- 'मेमसाहव ! मायाले मात्र नहुने रहेछ, मसँग भन्दा तपाईसँग रहदा यो ढुकुरको ज्यान सुरक्षित हुन्छ । त्यो त मैले अस्तिनै चाल पाएँ । म यसलाई ज्यादै प्रेम गर्छु । मेरो निम्ती भए पनि यो ढुकुरलाई तपाईले आफूसँग राख्नुपर्छ । बरु यो महिनाको तलव मलाई नदिनुहोस ।'

सुवानीले बौनीलाई अंगालोमा कसी र आँशु झारी अनि भनी,- 'तीनजोर नयाँ घाँगर बनाएर तिम्रो झोलामा... अः झोलामा हालिदिएकी छु । ढुकुरको लागि पीर नगर, अब यो मेरो भयो ।' त्यसपछि उनले कालो मान्छेलाई केही पैसा दिईन् र बौनीको हातमा एकसय डलर हालीदिदै भनीन्,- 'यो तिम्रो लागि, बाबुलाई नदिनु है !'

कालो मान्छे हे..हे..हे.. गरेर हाँस्यो ।

सुवानीले फेरि भनी,- 'यो पैसाले चामुण्डादेवीको माला किन्नु, होण्डुरसको मेलामा घुर्रा खेल्नु अनि हड्डीको कुण्डल किनेर लगाउनु । बुझ्यौ तिमीले ?'

बौनीले हुन्छ भन्ने संकेतमा शीर हल्लाई । अब बल्ल कालो मान्छे बोल्यो,- 'सुवानी ! तपाई कहिले नेपाल फिर्नु हुन्छ ?'

सुवानीले भनी,- अर्को वर्ष मेरो अध्ययनको कोर्स सकिन्छ । अफ्रिकी सरकारले थप भिषा दिएर सेवा प्रदान गर्ने मौका दिने कुरा गरेको छ तर म गर्दिन, नेपाल नै फर्किन्छु । पहिले त ठूलो हर्ष र उद्देश्य, उमंग लिएर म यहाँ आएकी थिए । अब त्यो सब म मा छैन, अचानक विचारमा परिवर्तन आयो ।'

'नेपालमा पुगेर हामीलाई त भुल्नु हुन्न होला नि हैन ?'

सुवानीले हाँसेर भनी,- 'म कहिले पनि बौनीलाई बिर्सन सक्दिनँ अनि उनलाई सम्झदा तपाईहरू पनि सबैको याद आईहाल्छ नी ।'

कालो मान्छे हे..हे...हे... गर्दै हाँस्यो अनि बोल्यो,- 'अब हामी जान्छौ । नरुनु, मेमसाहवलाई दुःख नदिनु । वाई क्यास्टो ।'

बौनी गएको पनि पाँच महिना पुगीसकेको छ । सुवानीलाई उनी विनाको पल पट्यार लाग्दो महसुस हुन्छ । कुनै कुनै बेला ढुकुर कुर्लिरहन्छ । त्योबेला सुवानी अझ बौनीको यादले तड्पिन्छे । बौनीको बालशुलभभित्र धेरै कुराहरूको नेपत्थ्य प्रहार थियो । घाँगर, होण्डुरसको मेला, घुर्रा, हड्डीको कुण्डल, चामुण्डादेवीप्रतिको आस्था ।

एकदिन सुवानीले ढुकुरलाई पिंजडामुक्त गरिदिईन् । त्यो दिनभरी ढुकुर घरकै वरीपरी मात्र उडिरहयो, चरिरहयो । ढुकुरलाई सुवानीले हेरिरहीन् । साँझ ढुकुर घरमै आयो र झ्यालको पल्लामाथि बसेर रात बितायो । सुवानीले ढुकुरलाई पिंजडामा थुनिनन् । केही महिनासम्म यो क्रम चलिरहयो । एकदिन सुवानीले के देखी भने, ढुकुरले अर्को एउटा साथी ढुकुर पाएछ । दिनभरी जोडी ढुकुर कता कता उड्थे तर साँझमा बास बस्न घरमै आईपुग्थे । तर बासको निम्ती आउदा बौनीको ढुकुर मात्र हुन्थ्यो । ढुकुर विमार हुदा चामुण्डादेवीसँग प्राथना गरी नाईलनको रातो फिता बाधी दिएकी थिई बौनीले ढुकुरको घाँटीमा, त्यै फिताले गर्दा जोडी भएर चरीरहेको बेला पनि सुवानीले बौनीको ढुकुर यै'हो भनेर सजिलै चिन्न सक्थी । केही महिनासम्म यो क्रम चलिरहयो । एकदिन ढुकुर बास बस्न आएन । त्यो रातभरी सुवानी चिन्तामा परी । भोलीपल्ट ढुकुर देखियो र बास पनि आफ्नै ठाउँमा बस्यो । दुईचार दिनबाट एउटा कुरा यस्तो हुदै थियो, कहिले ढुकुर आउने कहिले नआउने । एकदिन ढुकुर घरको वरीपरी मात्रै चरिरहयो र बेलाबेलामा झ्यालको पल्लामा बसेर विरक्तीले कुर्लिरहयो । सुवानीले सम्झिई जोडीलाई डाकेको होला । अनि उसले ढुकुरलाई यसो भनी,- किन कुर्लिन्छेस क्यास्टो ? चामुण्डाको मेला सकिएपछि बौनी तँलाई भेट्न आउछे, उनीले यै'भनेकी छिन् मलाई फोन गरेर ।'

एकसाँझ ढुकुर बास बस्न आएन, अनि भोलीपल्ट पनि, अनि पर्सी, निकोर्सी । अब सुवानीलाई पक्का भयो की अब ढुकुर आउदैन । ढुकुरले बौनी र सुवानीलाई भुल्दै गएको छ । एकदिन सुवानीले ढुकुरको बारेमा बौनीलाई टेलिफोनबाट सबैकुरा बताई । बौनीले यसो भनेकी थिई त्यो बेला र उ रुदै पनि थिई,- 'मेमसाहव ! आज म कति खुशी छु, बल्ल मेरो क्यास्टोको बुद्धी पलाएछ ।'

राती सुवानीलाई निन्द्रा परेन । उनलाई ढुकुर र बौनीको यादले सताई रहयो । केही समयपछि अचानक सुवानी तर्सी । उनीले ढुकुरको खाली पिंजडा हेरिरही अनि बौनीले गाउँ जाने, बाबु आउने मितिलाई क्यालेण्डर भित्र रातो मसीले घेरा दिएकी थिई । त्यो पनि सुवानी निक्कै गहिरीएर हेरी । त्यसपछि सुवानीमा एकाएक परिवर्तन आयो । उनको निर्णायक मनस्थितिले एउटा कुरालाई फोकस गऱ्यो । बौनीको गाउँ प्रस्थान र ढुकुरको अनुपस्थिति ।

त्यसको ठीक एकहप्तापछि

...हेल्लो ! हेल्लो !! गुड मर्निङ्ग डाउसन ।

'गुड मर्निङ्ग सुवानी ! तिमीलाई सबैकुरा वादमा भनौला, च्याटमा भेटौला नि !'

के कुरा हो सुवानी ? बौनीको एग्रिमेन्ट थप गर्ने हो ?'

'हैन, हैन । उनी त गाउँ गइसकी, निकै महिना भईसक्यो । म त नेपाल फर्कदै छु, भोली रातीको उडान छ । तिमी मलाई भेट्न आउन ।'

रोज डाउसनले ओके ओके भन्दै फोन राखी र फत्फताई, - 'कस्ती पगली केटी !'

सुवानीले पनि थकित भएर क्रेडीलमा फोन राखी अनि लामो उच्छवास छोडी र बौनीलाई सम्झिरही अनि ढुकुरको खाली पिंजडालाई घोरीएर हेरीरही ।

✦✦✦

## ५ युद्ध समाधि

# झुटो माया



उसलाई निन्द्रा परेको थिएन । मनभित्रको एउटा नाजुक ठाउँमा पीडा भईरहेथ्यो र यो पीडा उसको निम्ती नौलो र अञ्जान थिएन । रातको यो एउटा अकाट्य निस्तब्ध घडीमा उ एक्लै जलिरहेथ्यो, भित्रभित्रै । हुन त अरुणालाई पनि यस्तै भएको होला तर उ चै लोग्नेले हतपत थाहा नपावस् भन्ने नै चाहन्छे । त्यसैले त उ लोग्नेको सामु हरदम मुस्कुराउछे । लोग्नेसँग जिस्कन्छे । लाडे पल्टिएर लोग्नेलाई अनेक डिमाण्ड गर्छे । एउटा प्रेममाथिको कपटपूर्ण अतीतलाई बग्दो समयधारको प्रहारले उदाङ्गै पारी दिएता पनि लोग्नेको सामू आफू निस्कलंक रहन उ हरदम प्रयास गर्छे । यो सब बुझ्छ सर्वजीतले तर उसले अरुणालाई प्याक्कै भनिहाल्नु चै चाहदैन । आखिरी अरुणाले त्यसो गर्नुमा पनि त एउटा बाध्यता थियो होला । उ यसरी सम्झिन्छ । अनि फेरि सम्झिन्छ, दिनु त जानेरै धोका दिएको हो उनले । तर

यदि मायामा हारेर सर्वजीत यसो ...यसो । सर्वजीत उसो...उसो भनेकी भए के म पनि त्यतिको दयाहीन मान्छे थिए र ? जव सर्वजीतको आँखा ऱ्याकमा राखेको एउटा रबरको भुण्टे गुडियामाथि पर्थ्यो त्योबेला अरुणाले भनी हाल्थी,- 'यो हाम्रो छोरा ।'

सर्वजीत स्वास्नीको मनोभाव बुझ्छ र भन्छ,- 'ओहो हाम्रो भुण्टे छोरा त नाङ्गो रहेछ । लौ हेर त हाम्रो छोराको तुरी देखिएको ।'

अरुणाले हाँस्दै भन्छे,- 'भोली मेरो पुरानो कुर्ता काटेर कट्टु सिलाइदिन्छु ।'

यस्तै अतीतको धाराप्रवाहमा बगिरहन्छ सर्वजीत । उसले मस्त निन्द्रामा परलोक विचरण गरिरहेकी स्वास्नीलाई विस्तारै पुलुक्क हेर्छ । कता कता स्वास्नीप्रति उसलाई माया लागेर आउछ । आखिरी नारी हो एक छात्ती र एक छाजनको बाध्यतामा परेर यो सब गरी । मरता क्या नही करता ! एक पाटोबाट देखिन्छ धोका भने अर्को पाटोबाट त्याग पनि । नभए कुटुम्बको घरमा दिने बेला भै'सकेकी दुईटी छोरीहरूको उसले कहिले पनि किन कुरा गर्दिन त ? आखिरी साथमा छैन त के भो ? आमा त उ आमा नै हो नी !'

जव ति दुईमा प्रेमविवाह पूर्व प्रेमको सिलसिला चलेको थियो । एकदिन सर्वजीतले थाहा पायो की उ पहिले कसैको भईसकेकी थिई अनि दुईटी छोरीकी आमा पनि ।

एकदिन सर्वजीतले भन्यो,- 'यो सब मलाई किन भनिनौ ? किन लुकायौ ?'

अरुणाले दयानिय स्वरमा भनी,- 'तपाईको माया गुमाउछु भन्ने लाग्यो र नी !'

'तिमीलाई म त्यति कठोर छु जस्तो लाग्छ ?'

अरुणाले भावविव्हल आफूलाई सम्हालेर भनी,- मलाई के'था ! म त यति मात्र जान्दछु कि तपाईकै निम्ती मैले दुईटी छोरीहरूको मायालाई मातृत्वको नाममा सधै तिलाञ्जली दिएको छु । प्रेमको मूल्य नसम्झनुहोला यसलाई । मुटुमा कत्रो पत्थर राखिरहेछु अहिलेसम्म । आ... यस्तो कुरा लोग्नेमान्छेहरूलाई के'था !'

पुनः घर बसाउन सकिन्छ भन्ने एउटा अपाङ्ग आश्वासन र सान्त्वनामा अरुणाले लोग्नेको माया लुटिरही र लोग्ने स्वास्नीद्धारा लुटिईरहयो । उसलाई थाहा छ, समयले नेटो काट्न अब धेरै छैन भनेर त्यसैले एउटासम्म जन्मीदिए सबै कुराबाट मोक्ष पाईन्थ्यो । यसो अलिकति भएको अंश खाईदिने । क्रिया पन्छाईदिने । अपुताली शब्दवाणको निम्ती एक सामाजिक कवच बनिदिने ।

तर विवाह भएको पाँच वर्ष उभो लाग्दासम्म पनि बच्चा हुने कुनै छाँट नदेखेपछि उसको मनमा अमिलो लाग्नु स्वभाविक पनि त हो । यो कुरामा अरुणाले अर्को एउटा ठूलो पाप गरेकी थिई । तर आफूलाई यसप्रति अनभिज्ञ देखाउने मनसायले उ कहिलेकाही लोग्नेलाई भन्थी,- 'दशा चलेको होला, यसो होमयज्ञ पुराण लगाए त कतै मनको यी कामनाहरू पुग्ने थियो की !'

उनीले सोच्थी कि त त्यो महिला बन्ध्याकरणको कुरोले यो सब भईरहेको छैन र ? त्यो कुरा त उनीलाई नै राम्रोसँग थाहा छ । तर मौनता ओढ्नुमा तिनले आफ्नो दाम्पत्यजीवनको धरोहर सहीसलामत रहने छ भन्ने कुरोको हेक्का राखेर यो कुराबाट लोग्नेलाई पर राखेको हुन सक्छे । कुनैबेला राती लोग्नेको छात्तीलाई सिरान लगाउदै उ भन्थी,- 'समाजको थुतुनो थुत्न सकिएन हौ ।'

## ७ | युद्ध समाधि

सर्वजीत स्वास्नीको कुरो बुझ्थ्यो र यसो भन्थ्यो,- 'कतै तेरो काम अस्पतालमा तँ छदै नै तमाम त गरिदिएनन् ?जा'न एकपल्ट गएर बुझ !'

छिमेकीसँग भलाकुसारी दिन कटौनी गफसफ गर्दा एकदिन एउटीले भनेकी कुरोले अरुणालाई ठूलो राहत पुग्यो ।

मान्छेहरू खाली आईमाईलाई मात्र दोष थोपार्छन । यो रे, उ रे अनि उस्तो । लोग्नेको कहिल्यै टेष्ट गराएका छौ ?

अँह...! उहाँ त ठीकै होला ! नभए रक्सीले मातेको बेला किन कहिले कही अब कान्छी ल्याउनुपर्‍यो र एउटा काँध दिने छोरा जन्माउनु पर्‍यो भनेर तम्सनुहुन्छ ? भोलीपल्ट म उहालाई खिज्याँउछु । उहाँ लामो जिब्रो निकालेर कान पक्डनुहुन्छ । अनि भन्नुहुन्छ,- एउटीले नै त तिरीमिरी झै देखाईसक्यो अझ त्यसमाथि अर्को ? यसैलाई भन्छ भारीमाथि सुपारी । अब त विवाह भएको एक दशक टेक्यो । कति बाझियो यै बच्चाको निहुँमा, बाझ्दै मिल्दै । अब त कसो कसो झगडामै प्रेम र प्रेममै झगडा छ भन्नेमा हामी पुगिसकेका छौ ।

एकदिन देवर चै'को एउटा छोरालाई लिएर राख्यौ, के बस्छ र त्यो । उतै जान्छु आमाकोमा भनेर उत्पात गर्‍यो । आमाको मन हो देवरानी आएकी थिई छोरालाई सम्झाउनु तर लिएर पो गई ।

एकदिन अरुणाले चेप्रे घस्दै यसो भनी,- 'आज एउटा कुरा भन्नु मन छ हजुरलाई, रिसाउनु त हुन्न ?'

सर्वजीतले स्वास्नीको कुरालाई केही नम्र भएर सुन्छ र भन्छ । यस्तो लाग्छ सायद उ स्वास्नीको त्यो भन्न चाहेको कुराबाट अनभिज्ञ छैन तर उ आफू सामान्य भई दिन्छ स्वास्नीको अगाडी ।

के कुरा हो तिम्रो ? भनन । मैले केही आपती मानेको छुईन त । अनि उ चुप्प हुन्छ ।

अरुणा केही अप्ठेरो मान्दै भन्छे,- 'एकपल्ट डाक्टरलाई देखाउनु पर्छकी हजुरको शरीर ? छिमेकीले त यस्तै पो सल्लाह दिई । उसको नरलाई पनि यस्तै थियो रे डाक्टरलाई देखाएर ठीक भयो ।'

एकरात अरुणा निदाएकी थिई । सर्वजीत सोफामा बसेर टोलाई रहेथ्यो । उसको मनमा अस्तीको दिन स्वास्नीले भनेको कुराले ठूलो विद्रोह गरिरहेथ्यो । त्यो पनि काँ भन्ने थिई र ! डाक्टरले उसलाई 'तपाई बाबु बन्नको निम्ति सक्षम हुनुहुन्छ ।' भनेपछि अब स्वास्नीको रहस्यले सार्वजनिकता पाउने भयो भनेर उसले लोग्नेलाई भनेको हो । मुहारमा अज्ञानताको भाव पोतीपोतीकन । अन्तिमको गर्भ तुहिदा 'क्युरेट' गराएको थिए । त्यै बेला हुनसक्छ बन्ध्याकरण गरिदियो कि !

सर्वजीतलाई लाग्यो,- स्वास्नीप्रतिको उसको माया निश्वार्थ भए पनि स्वास्नीप्रति विश्वास गरेर नै त यतिका वर्षसम्म उसले दुनियाँको भनाई र ललुवा खपिरहेको छ । के प्रेम अथाह धरातलमा उभिएपछि यति भन्न सकिदैन र ?

सर्वजीतको पुरै संसार घुम्यो र उसलाई चक्कर पनि लाग्यो । के गर्ने ? एउटा निराकरण त समाजलाई दिनैपर्छ । नत्र मृत्यु पर्यन्त यो समाजले पिछा छोड्नेवाला छैन । हुनपनि त जे जसो एथाजेथा जोडिएको छ त्यसको हकवाला त चाहियो नी ! आफ्नै रगतको । तर उसको मनमा फेरि अर्को कुराले घोच्यो । यदी अरुणा मेरो ठाउँमा भए र म निस्कृय भए ? के एउटा नाठो खोजेर मैले एउटा अंश खाने राख्न सक्छु र ? त्यो कुरालाई मेरो पौरुष स्वाभिमानले स्वीकार्न मान्ला र ? कसो ? रातभरी अन्तरमनको द्वन्दसँग सर्वजीत लडिरहयो । अनि अफचौट नतिजाको प्राङगणमा उ रगताम्मे पछारियो ।

तर पनि एउटा निर्णयमा उसले अब पुग्नैपर्छ। कति दिनसम्म पराईको ललुवा बन्ने ? अफिसको साथीभाईहरूले पनि कति भनिसके। सम्झाई सके। अझ उसको लंगौटीहरूले त यसो भन्न पनि पछि परेनन्,- 'हैन के हो यार ! तेरो हतियार त उठ्दैन की कसो ? धार मर्‍यो जस्तो छ नी ? ल है काम नआउने फलाममा खिया लाग्छ ।'

यी यावत कुराहरू मित्रताको गठबन्धन माझ भए पनि यस्ता कुराहरूले सर्वजीतको छाती पोल्थ्यो सधैं। तर फिस्स हाँसेर टारिदिनुसिवाय अरु बाटो नभएपछि उ फिस्स हाँसिदिन्थ्यो।

उसले मस्त निदाएकी स्वास्नीलाई हेर्‍यो, हेरिरहयो। कता-कता भित्री मनबाट माया पलायो स्वास्नीप्रति अनि सम्झियो,- 'यसलाई पनि त कति पीर होला, तर पीर पर्‍यो भन्दैमा रोईहिड्नु पनि त भएन नी ! फेरि उसलाई समाजको एउटा सांघातिक प्रहारले मरणासन्न हुने गरी पिट्यो।

तर मान्छे गल्छ। गल्छ। गल्छ। मायामा, प्रेममा गल्छ। सकारात्मक, नकारात्मक दुवै पाटोमा गल्छ।

अब सर्वजीतले एउटा अन्तिम निर्णय लियो। उसले स्वास्नीसँग अब एउटा अधिकारको निम्ती लड्नै पर्छ। उसको पनि त पितृत्व रोएको छ नी। के उ नपुंशक हो र ?

एउटा साँझ सर्वजीत बगैचामा टहली रहेथ्यो। अरुणाले कुर्सी ल्याई र भनी,- 'याँ बस्नुस, रम पिउनु हुन्छ अलिकती ?'

केही समयपछि अरुणाले सानो चौरको विचमा दरी बिच्छाई, त्यहा केही अचार र स्न्याकस्ले भरिएको प्लेटहरू राखी। एउटा सानो काँचको कचौराबाट बरफका टुक्राहरू निकालेर रमको प्यालामा हाली अनि भनी,- 'आउनुस् यतै बस्नुस् सजिलोसँग, लिनुस् यो।'

सर्वजीतले केही समयपछि भन्यो,- ' एउटा कुराले मन पोलेको छ। आज तिमीलाई भन्छु। सल्लाह मागेको नसम्झिनु, निर्णय सुनाएको हुँ मैले।'

अचानक अरुणा झस्की। यतिका वर्षसम्म लोग्नेले उनीमाथि यस्तरी हैकम जमाएको थिएन। लोग्नेको यस्तो रुप उनले पहिलोपल्ट देख्दैछे।

'म विवाह गर्नु पर्‍यो।'

'हँ !' अरुणाले लोग्नेलाई विस्फरित नजरले हेरी।

'हो... हो अब मैले अर्कै विवाह गर्नुपर्छ। के तिमीलाई यस्तो लाग्दैन र ?'

अरुणा निरुतर भई। उनीले सम्झि अब मेरो दिन गएछ। उसले लोग्नेलाई केही भन्न सकिन। भन्नुपनि कसरी ? एउटा सानो भुलको कारण आज उसको मधुवन जलिरहेछ। त्यो प्रज्वल अग्नीलावालाई निभाउने असफल प्रयासमा उसको नयनबाट साउन उर्लेको छ।

सर्वजीतले नरम स्वरमा भन्यो,- 'अरुणा ! यतिका वर्षसम्म हामी सुःखदुःखमा साथ छौ। सामाजिक नाताले श्रीमान श्रीमती रहेका छौ। के म तिमीबाट साँचो माया पाउन सक्छु ? खै ! त आजसम्म तिमीले मलाई साँचो माया गरेकी नै छैनौ। आज एउटा लोग्नेको स्थानमा म भोकै छु, तिम्रो साँचो मायाको।'

अरुणा रोइरही। सर्वजीतले उनलाई छातीमा टाँसेर भन्यो,- 'म सँग तिमी किन झुटो माया गरिरहेछौ ?'

## ९ | युद्ध समाधि

'म त हजुरलाई साँचो माया गरिरहेको छु। मृत्यु पर्यन्तसम्म पनि हजुरमाथि यो माया कम हुने छैन। हजुर कसरी भन्नु हुन्छ, मेरो माया झुटो भनेर ?'

'यो त आफैले आत्माभित्रबाट मनन् गर्ने कुरा हो, अरुणा !'

'मलाई त्यस्तो लाग्दैन।'

'तर यो सत्य हो। तिमीले यो सत्यताबाट विमुख हुन पाउने छैनौ।'

अरुणाले नाई नाई भन्दै सर्वजीतलाई जोडले अंकमाल गरी। अनि धुरुधुरु रोई। उसको नयनबाट बगेको आँशुले सर्वजीतको छाती भिज्यो तर उ कोमल भएन। भएन, यसकारणले की उसको माया अरुणाप्रति झुटो छैन। तर भोली आउने खुशीको दिनहरू उसले अरुणालाई पनि भाग लाउनेछ। चाहे उसले यसकुरालाई स्वीकारोस् या नस्वीकारोस्।

अरुणा रोईरहेकी थिई, सुक...सुक गर्दै। सर्वजीतले भन्यो,- 'अहिले नै भनेको हुँ र मैले ? निर्णयमात्र पो सुनाएको।'

उसले आकासतिर हेर्‍यो। अब यस एउटा विशाल ब्रमाण्डमा उसले एउटा चक्रब्युह बनाउनुछ। जसमा अरुणा पर्नुपर्छ र निस्कन सक्नुहुदैन। हो अरुणा। उनको झुटो माया।

✦✦✦

# शास्त्रिय देह भेटी



**आ**...आ...आ, आ, आ... म ग नी, ग म प प...प, म ध नी सा ।

महलको मध्यतलाको नाचघरबाट बेलाबखतमा यस्तो आवाजहरू आउथ्यो र त्यो तलाको नाचघरमा रहेका अट्टालिकामा जडान गरेको साना ठुला झुमरहरू मधुरो बलेको प्रतीत हुन्थ्यो । त्यो महल कुनै जमानामा मुगल सम्राटको स्वर्गयुगताका नै विश्व चर्चित थियो । तर समयको एउटा कठोर प्रहारले त्यस महललाई अहिले एउटा टिठलाग्दो खण्डहर र दुःखदायी समर्पितको ईतिहास बनाइदियो । त्यहाँ एउटा पुरानो र ठूलो बरको बुढो गाँछी छ, त्यसैको फेदमा एउटा पागलजस्तो लाग्ने मान्छे प्रायः बसिरहेको देखिन्छ । अनि उ यसै भन्छ सबैलाई, संगीत पारखीहरूदेखी लिएर सिकारुहरू सबै-सबै एकपल्ट यहाँ आउछन् अनि बडो भावभक्ति, श्रद्धासुमन अर्पण गर्छन्, नतमस्तक भएर । संगीत कोमल हुन्छ । मर्मस्पर्शी हुन्छ । संगीतले हृदयको अन्तरस्करणको मौन झंकारलाई स्पर्श गर्छ अनि हृदय रंगमय हुन्छ । तर संगीतको जूनून भनेको यै चाहि होईन । मात्र यो त संगीत हो । जूनूनको नश्वर देह हो जो मेहफिलको अन्तिम प्रस्तुतीसँगै सकिन्छ र त्यसले एउटा अलिकति दाम अलिकति नाम, अलिकती पुरस्कार र अलिकती वाह वाह लिएर जान्छ ।

संगीतमा रिसर्च गर्न आएकी मौरीस थ्रोनहिललाई त्यो पागलजस्तो मान्छेको कुरा निकै घत लाग्यो । उसले भनी,- 'तपाई भन्न सक्नुहुन्छ संगीत के हो ? संगीतको परिभाषा कसरी गर्नु हुन्छ ?'

उसले भन्यो,- 'वास्तवमा संगीतको परिभाषा बक्त्याउनलाई छैन, यो हृदयमा भाँपिने कुरो हो । के तपाई मलाई तपाईको नोटबुक हेर्न दिन सक्नुहुन्छ ?'

मौरीस थ्रोनहिलले उसलाई निसंकोच आफ्नो डायरी दिई । उसले डायरी खोल्यो अनि तत्कालै बन्द गऱ्यो र आ...आ...म ग नि ग म प प...प म नि सा भन्यो । अथवा राग अलाप्यो र बिस्तारै नकारात्मक शिर हल्लायो र विस्तारै भन्यो,- 'शरीर छ प्राण छैन, संगीत छ जूनून छैन, धुन छ रस छैन ।'

भोलीपल्ट बेलुकी मौरीस थ्रोनहिल त्यो मान्छेको थोत्रो सानो भाडाको घरमा पुगी । उ आफ्नो वाद्यवादक सामग्री वरीपरी राखेर विचमा आफू बसेको थियो ।

मौरीस थ्रोनहिल ले भनी,- 'प्रणाम गुरुवर !'

'प्रणाम, आउनुस् जम्नुस् ।'

मौरीस थ्रोनहिलले भनी,- 'गुरुवर ज्यूले शिष्यको लवजमा वाणी उकाली दिनु भए म आफूलाई भाग्यमानी सम्भने थिएँ ।'

उसले भन्यो,- हुन्छ हुन्छ । आश्रममा तिमीलाई स्वागत छ । यदी तिमी संगीतको गहिराईमा डुब्दै जान चाहन्छयौ भने यो अहिलेको तिम्रो वस्त्र धारणलाई यो साधनाको उत्तम घडीमा तिमीले धारण गर्न हुदैन । तिम्रो छातीको दुवै स्तन छोपीएको हुनुपर्छ । तिम्रो सुडौलो खुट्टाबाट विचरण गर्दै गएको नजरहरू नितम्वको दृश्य प्राप्तीमा भड्किनु हुदैन । तिम्रो केसलाई बैजन्ति पुष्पमालाको गजराले गर्धन पछाडी लगेर टमक्कै कसेर बहसमा पारेको हुनुपर्छ । तिमीले सेतो साधगी बस्त्र धारण गर्ने छौ । अनि विणालाई कटीको शहाराले च्यापेर हंशवाहिनीको आशनमा उर्वशी पोखाउदै शाश्त्रियप्रति नतमस्तक हुने छयौ ।

गुरुवरको आज्ञा सुनिसकेपछि मौरीस थ्रोनहिलले आज्ञापालनाको भावार्थले शिर भुकाई र पल्लोपट्टिको श्रृङगार कक्षमा गई ।

उता गुरुवरले रियाज गरेको आवाज मधुरो सुनिन्थ्यो । म ग नि प म ध नि सा ।

मुगल सम्राटको पुरै महल संगीतमय भएको छ । संगीतले जीवन पाएको छ । तालबाट ताल शाश्त्रिय सरोवरबाट र यसलाई किचडबाट हंसले खोराक छानेर लिए भैं निकालेर मुगल सम्राटलाई पेश गरेको छ । शाश्त्रिय उस्ताद कन्हैया बनवाडीले अनि यसमा हैदराबादकी महशुर नर्तकी बबुनी पाठकले आफ्नो शारिरीक शाश्त्रिय कलाबाजा नाच पेश गरेकी छिन्,

...आ...आ...।
पग पगमा घुंघरु छनन...छनन
खवरलाई घुंघरुको खबरै छैन ।
मुजरामा डुब्यो मेहफिल रात यो
सबरलाई पनि सबरै छैन ... ।
पोख्दैमा नजरले कत्यक नजरमा,
ऐनामा जहि पनि तिम्रै, अरुको त नजरै छैन ।

राजामहाराजाहरूको ठूलो आतिथ्य महाजमघटमा सुसारे तरुणी कन्याहरू अनि सेवकहरूको पनि ठुलै हाजिरी थियो । साठीजोर ऐरावत, साठीजोर घुडसवार, माउते र सईसहरूको लागि अर्कै कक्षमा बन्दोबस्त थियो । कलाशी पानशहरूमा अंगुरको रक्सी काँचको स-साना बुट्टेदार अम्खोराबाट पोखिदै थियो । मझौला बाल्कोनीमा मन्त्रीमण्डलहरूको जमघट थियो । भने, प्रधानमन्त्रीले राजाको देब्रेपट्टि बस्ने सौभाग्य पाएका थिए । नाचघर पुनः संगीतमय भयो । हुक्काको गडगडाहट र धुवाको वासनाको तारिफले महल नुहाएको थियो । केशरी चन्दनको धुलोमा मलेको त्यो विदेशी सुर्तीको गन्ध बबुनीले पनि लिनपाई । राजकुमारको आज्ञा भएकोले उस्ताद कन्हैया बनवाडीले पनि राजकुमारको आज्ञालाई नकार्न सकेन । बबुनीले उस्तादलाई हेरी । उस्तादले भन्यो,- यो सेवन गरेर तिमी अर्को मुजराको निम्ति तयार रहन सक्छ्यौ ?'

बबुनीले भनी,- 'उस्ताद ! म मुजराको दासी अनि आजको हाम्रो मुजरा मुगल सम्राटबाट निगाह भएको छ । एउटा ऐरावतले बोकी नसक्ने दान निगाह हामीमा बक्सेको छ । कसरी यो मेहफिलको रौनकलाई म चिसो बनाउ ?' अनि बबुनीले हुक्का युवराजको पयरको सामुन्य राखी र फेरि उठाई अनि आदवले झुक्दै चार कदम पछाडी सरी र मुजराको खालमा गएर बसी ।

बबुनीको शास्त्रीय नृत्यकला देखेर मुगल सम्राट यति दंगदास भएर लुटीए की उनले मन्त्रीलाई एउटा खाली पितम्बरको एक किस्ता मगाए र त्यसमा खुसुखुसु के के लेखे अनि मन्त्रीलाई दिए र उच्च स्वरमा घोषणाको अभिव्यक्तिले पढ्न हुकुम दिए । मन्त्रीले उच्च स्वरमा पढेर यसरी सुनाए,- 'जहाँपहना सम्राट मुगलको अन्तरईच्छा बमोजिम हैदरावादी शास्त्रीय नृत्याङ्गना बबुनीलाई यो मुगलको सरकारले आजको तिथिमितिबाट राजनर्तकीको स्थानमा सारा भौतिक सुविधाको साथमा नियुक्ती गरेको छ । साथै माननीय उस्ताद कन्हैया बनवाडी र निजका वाद्यवादन टोलीलाई पनि माथिको उल्लेखित शर्त अनुसार राजदरवारमा नियुक्ती गरेको छ ।'

त्यसपछि मुगल सम्राटको आज्ञा बमोजिम एक तोप र पचाँस थान बन्दुकहरू एकै साथ ड्याम्म पड्किए । बारुद र तोपहरूको धमकाले आजित भईसकेका ऐरावत र घोडाहरू पनि एकछिन हच्किए त्यसपछि शान्त भए ।

युवराज मुगल सम्राटको एउटै उत्तराधीकारी भएकोले उ मात्तिएको थियो र राज्य संचालनपट्टि उसको ध्यान पटक्कै थिएन । उ त शराव, सुरा र सुन्दरीप्रति आकर्षित थियो । तर किन हो उसले बबुनी र बबुनीको नृत्यलाई मापेपछि उसमा अकास्मत बदलाव आयो । यस्तो बदलाव उसको ह्वशी व्यवहार भने तु का तु हरायो । सम्राट मुगल पनि यस कुरामा अचम्म परेका थिए । अझ राज्य सञ्चालनपट्टि ध्यान दिए कस्तो राम्रो हुने थियो, भोली उनले भगवानलाई शिकायत गर्ने मौका दिदैन थियो ।

एकदिन युवराजले मुजराको आयोजना गर्‍यो । मुगल सम्राटले जवहरतका केही थैलीहरू दिएर भने,- 'युवराज मुगल ! मुजराको समापनमा जवाहरतहरू दान गर्नु मुगलहरूको ऐतिहासिक शान हो । त्यसैले यो थैलीहरू तिमीले राख्नुपर्छ ।'

'सम्राट पीता श्री ! यो जवहारतहरू म कसलाई दान दिउ ?'

जसको कत्थक र जसको तालले तिमीभित्रको झंकारलाई चलाउछ र तिम्रो नशा नशामा त्यो बज्छ उसैलाई देउ ।'

'सम्राट पीता श्री ! छोटेको बद्किस्मती नहोस । दानको त कोही पनि आधिकारीक हुदैन । यो त सत्कर्ममा पर्छ । दरवारदेखि सडकसम्म यसले आफ्नो पहिचान बनाउछ ।'

'त्यसोभए युवराज मुगल पुरस्कार सम्झेर जित्नेलाई देउ ।'

'सम्राट पीता श्री ! जित्नेले त केही दिन अगाडि नै जितीसक्यो । त्यो घडी मुजरा पतिस्पर्धा नभएता पनि हार्नेले हाऱ्यो । मैले हारे र उनैलाई मैले दिईसके आफैले आफूलाई उनीलाई दिईसके । अब यो जीवनको उपहारसँग म यो जवहारतहरूको कसरी तुलना गरौ ?'

सम्राट मुगल केही समय चुप रहदा युवराजको धैर्यताको बाँध भत्कियो । उसले झुकेर विदा माग्यो र फटाफट नाच घरतिर प्रस्थान गऱ्यो ।

रियाज कक्षमा केही मान्छेहरू थिए । उनीहरू रियाज गर्दै थिए । ढोलक, तानपुरा, हार्मोनियम, तबेला, अनि मेरीका बजाईरहेको थियो । युवराजलाई देखेर सबै खडा भए । युवराजले भन्यो,- 'भो भो खडा हुनु पर्दैन । तपाईहरू रियाज गर्नुस । के म जान्न सक्छु बबुनी कहाँ छिन् ?'

उनी त ईन्द्रकमल हेर्न तालमा विहार गर्न गएकी छिन् ।

युवराजले घोडा मगायो र उ पनि तालतिरै हान्नियो । बबुनी तालमा नौका विहारको आनन्दमा लिप्त थिई । उनको छेवैमा युवराज मुगल अर्को नाँउ लिएर पुग्दा मात्र उ साह्रै झस्कीई र भनी,- 'छोटे सम्राट !' त्यसपछि बबुनीले डराउदै भनी,- 'यो नर्तकीको भुल भयो ।'

युवराजले भन्यो, - 'तिमी मेरो छेउमा आउ म नावीकलाई नाउँ जोड्न लगाउछु ।'

बबुनीले केही भन्न सकिन र नबोली हुन्न भनेर शिर हल्लाई । युवराजले उनलाई सेतो फूलहरूको एउटा गुच्छा दिदै भन्यो,- 'मुजरामा मेरो एउटा पर्खाई रहने छ । आज म फूलसँग फूल दाँज्न चाहन्छु ।'

साँझ नाँचघर खचाखच भरियो । तवलाको गद्यात्मक थर्कनमा बबुनीको पगहरू थरथर काम्यो त्यसको तालमा विणाको प्रमुख राग एकहोरो बज्यो र सहायक तारहरूले स्केलमा धुन खोज्यो, ढोलकले शब्दलाई छन्दमा काट्दा जुन प्रकारको एउटा सानो एक कत्थकको विश्राम आउथ्यो । त्यसैको चालमा बबुनीको शरिरको अंग प्रत्याङ्ग छल्किन्थ्यो, राकिन्थ्यो अनि राग अलापको वाणीमा गएर समाहित हुन्थ्यो ।

आ...आ...आ...प म ध नि सा ।<br>
पग पगमा तार बज्यो<br>
तारकै झंकार झनन...झनन...झनन..।<br>
रग रगमा प्रीत डुब्यो<br>
प्रीतकै झंकार...झनन...झनन...॥

कोतवाली पालेले रात्रीको दश बजे हात्ती लगाएर घण्टा बजाएको केही समयपछि मुजराको समापन भयो । सबैजना गईसकेका थिए । युवराज मुगलको आदेश मुताविक बबुनी र उस्ताद कन्हैया वनवाडी मात्र नाच घरमा रहे । केही क्षणपश्चात युवराज आईपुग्यो । बबुनी र कन्हैया वनवाडीले झुकेर आदव टक्राए ।

'आदव उस्ताद !' युवराजले झुकेर भन्यो,- 'म तपाईको शास्त्रीय टोलीको रागिनीसँग अति प्रेम गर्छु । मेरो प्रेम शास्त्रीय प्रेम नहोला तर नर्तकी बबुनीले मेरो प्रेमलाई शास्त्रीय प्रेम बनाउनेछ । उनको

वाणि र लचकतामा अनि थर्कनमा नैवेद्य र श्रीखण्डको रजनी छ । म त्यसैमा डुब्न चाहन्छु । के यो वाणीको तारहरूमध्य एउटा तारलाई म आफ्नो सम्झौ ?'

कन्हैया वनवाडी र बबुनीले चुईसम्म गरेनन् । एकहप्तासम्म सोची सम्झिकन जवाफ दिने समय तोकेर युवराज बाटो लाग्यो ।

आज एक हप्ता पुग्यो । उस्ताद कन्हैया बनवाडीले झुकेर भन्यो,- 'ख्यामित् ! यो ज्यान हजुरकै निगाहमा । हामी हैदरावादी मुजुरावलीहरूलाई मुगल वंशको यो सगुन त ठूलो विपत्तिको रुपमा आईपर्ने भयो । त्यसैले ख्वामितकै जुत्तामुनी हामी खुशी छौं ।' अनि बबुनी आई र झुकी,- 'ख्वामित् ! हजुरको पानदानमा थुकिदिएको थुक बराबर मेरो औकात छैन । मुगल सरकारबाट शिर बचाउने छाजन, नाङ्गो छोप्ने कपास र पेट भर्ने अन्न पाएका छौ । यो तीन कुरालाई म अहिलेकै हैसियतमा राखी राख्न चाहन्छु सरकार ।'

युवराजको आदेशमा कन्हैया बनवाडीलाई कैद गऱ्यो, दरवारीया सुरक्षाकर्मीहरूले अनि बबुनीलाई युवराजको कोठीको रखैल बनायो । एकरात युवराज मातेर आयो अनि मायालु शब्द र स्वरमा यसो भन्यो,- 'मैले हार्न जानेको छैन । म शाश्त्रिय मन पराउछु । फरक यति हो मेरो भित्रबाट शास्त्रीय फुट्दैन तर शास्त्रीयको नुर छ, कसी छ । त्यसैले तिमी नडराउ । तिम्रो शरीरको भोको म हैन । मैले त तिमीलाई त्यै दिन शाश्त्रिय शहवास गरिसकेको थिए जुन दिन... अ त्यो के रे ...? पग पगमा घुंघर छनन...छनन...छनन । अनि उ हाँस्यो मज्जाले हा...हा...हा...।

एकरात दरवारमा एउटा घट्ना घट्यो । युवराज मुगल आफ्नो कक्षमा सुतेको सुतेकै भयो । पल्लोपट्टिको कोठीबाट दरवारीया सुरक्षाकर्मीले बबुनीलाई सम्राट मुगलको सामुन्ने पेश गऱ्यो । दरवारको कैद कोठरीबाट उस्ताद कन्हैया बनवाडीलाई ल्याइपुऱ्यायो । उनको खस्कन्दो अवस्था देखेर बबुनीले रुदै भनी,- 'उस्तादलाई मैले गुरु दक्षिणा यति मात्र दिन सके । यो सब मेरै कारणले भयो । उस्तादलाई म यो दक्षिणा स्विकार्नुहोस भन्दिनँ, यसकारणले कि हजुरले त स्वीकारी सक्नुभयो ।'

एउटा मन्त्रीले प्रधानमन्त्रीलाई कानमा खै के के भन्यो, त्यसपछि प्रधानमन्त्रीले भन्यो,- 'कानुन सरकारको पर्खाईमा छ । सरकारले प्रकृया अगाडी बढाउने आज्ञा बक्सनुपर्छ ।'

निकै गम्भिर भएपछि सम्राट मुगलले चौतर्फी हेर्दै भन्यो,- 'ईश्वर महान हुनुहुन्छ । यिनीहरूलाई केहीपनि नगर ।' त्यसपछि उनले पिताम्बरमा लेखिएको सानो तर महत्वपूर्ण फेहरिस्त आफैले पढेर सबैलाई सुनायो । जो फेहरिस्त युवराजले तीनदिन अगाडी लेखेर कुनै तरिकाले सम्राट मुगल पीता श्रीको आराम कक्षमा फालिदिएको थियो । बरु ती अंगरक्षकहरूले एकपल्टलाई सम्राट मुगलबाट माफी बक्स पाए ।

'देख्यौ शिष्य ! शास्त्रीय तालमा विशाल समर्पित हुन्छ जो परस्परीक छ र समागम पनि । तर यो शास्त्रीयले दुवै पाटोमा एउटै चिन्तन राख्छ । यो नपाउनुमा पनि त्यतिकै मिठास छ, जति पाउनुमा छ । अनि... अनि... अनि...।' त्यो पागलजस्तो देखिने मान्छे केही बोल्न चाहन्थ्यो तर उनको स्वास फुल्यो, फुल्दै गयो । किनकी मौरीस थ्रोनहिल पुरै नग्न भईसकेकी थिई र अब त्यो पागल गुरुवरलाई नग्न बनाउदै थिई । वीणा, तवला, ढोलकहरू गुरुवरकै वरीपरी उस्ताको उस्तै थिए । तर जोडी ती शास्त्रीय धरातलको माझमा घम्साघम्सी परिरहेथ्यो,-

'गुरुवर...!'

'भन शिष्य !'

'आज के बार हो ?'

'तिमी यतिखेर कृपया बारको कुरा नगर, म शास्त्रीय धारमा बगीरहेछु ।'

'त्यसो भए गद्य र तालको कुरा गरौ है ! गद्य र ताल भनेको के हो गुरुदेव ?'

गुरुदेवको कार्यगतिमा अझ बढी तीब्रता आवस् भन्ने मनसायले मौरीस थ्रोनहिल अझ सजिलोसँग सुतिदिई । अब भने गुरुवरको कार्यले गति समात्यो । उसले भन्यो,- 'गद्य भनेको शास्त्रीयको हड्डीभित्र रहेको मासी हो जो अप्ठेरो हुन्छ निकाल्न, थोरै हुन्छ तर चोटिलो हुन्छ, मिठो हुन्छ । अनि ताल भनेको शास्त्रीय गद्यको खोज हो । जस्तो तिमी शास्त्रीयको गद्य खोज्दै यहाँ आईपुग्यौ र तालद्धारा नै यो सब प्राप्त गरिरहेकी छौ । म त एउटा संगीतको रुप मात्र हुँ । वास्तविक गद्य र ताल तिमी नै हौ ।'

मौरीस थ्रोनहिलको रिसर्च पुरा भयो । 'शास्त्रीय गद्यमा जुन एउटा बेमेलरुपकै भएपनि पारस्परीक सम्बन्ध छ समागम छ त्यै हो आजको समाजलाई चाहिएको पनि, समाजले खोजेको शास्त्रीय गद्य । जो यस शास्त्रीय गद्यको झंकार सारा जगतबाट निहालिन्छ । परापुर्वकाल, देवशुर संग्रामपछिका दिनहरूमा पनि शास्त्रीय गद्यको उतिकै उल्लेखित छ ।' गुरुवरले मौरीस थ्रोनहिललाई यसरी गद्यको बारेमा सम्झाउदा उ स्वयंम् पनि शाश्त्रिय गद्यविच तीनपटक स्खलन भइसकेको थियो । तर मौरीस थ्रोनहिल अझै गद्य सृजनाकालागि हंसवहिनी आशनमा बसिसकेकी थिई ।

गुरुवर ! गुरुवर नै भएर होला न पहिले न अहिले उनलाई हतार छैन । वीणाको तारहरूमा संगीतले झंकारको गतिलाई समाउदैछ । जव यो खारिएर प्रचण्ड उर्जाशिल क्षमतामा हुन्छ तव मात्र गुरुवरले राग अलाप्छ । गद्य सुहाउदो । त्यसैले उ अहिले रागको तालमेलमा लिप्त छ ।

आ...आ... आ आ । आ ॥ आ ॥ प म ध नि सा ॥

मौरीस थ्रोनहिल चै हंसवहिनी आशनमा छ । छ । गद्य उपार्जनको लागि ।

✦✦✦

# कालो पुर्वाभाष



**मा**नव पदचाँपको खटखट आवाजले उसको भाव तन्द्रा टुट्यो । उसले सकि-नसकी छेवैको लौरी टिप्यो र उठ्ने प्रयास गऱ्यो । एउटा स्वरले उसलाई बस्न बाध्य बनायो । 'बस बुढा, उठ्नु पर्दैन ।' उसको अलिकती अनभिज्ञता र अलिकती भय मिश्रीत चाउरीएको आँखा आवाज आएतिर विस्तारै उचालियो । उसको हृदय काप्यो । उसले भन्यो,- 'जाऊ जाऊ यहाँबाट गईहाल ।'

एउटाले भन्यो,- 'हाम्रो विजय निश्चित छ बा । हाम्रो सरकार बने पछि तपाईको छोरालाई सरकारले शहिद घोषणा गर्नेछ ।'

विधुवा बुहारीले तिनीहरूलाई मुढा राखिदिई । करिव ६-७ वर्षको एउटा फुच्चे केटोभित्रबाट दौडेर आयो र एकजनाको बन्दुकलाई निकै बेर हेरेपछि अलि-अलि हाँसेर भन्यो,- 'यो बन्दुक हो ?' अनि फुच्चे केटोले 'ढिच्याँऊ' गरेर लामो स्वर तान्यो र बाजेतिर पुलुक्क हेऱ्यो । उसले नातीलाई 'बद्‌मास' सिको

गर्छस यिनीहरूको भन्दै लौरी उज्यायो । केटो भित्र दगुरेर गयो । अब उ आफ्नो अतीतमा डुबिसकेको थियो ।

ढोका ढकढकियो एकनाशले । उसले स्वास्नीलाई भन्यो,- 'खोलीहाल्नु हुन्न ।'

बाहिरबाट आवाज आयो मधुरो,- 'आमा ! ए आमा ! ढोका खोल्नुस त ?'

ढोका खोलियो । एउटा युवक स्वाट्ट भित्र पस्यो र बस्दै भन्यो,- 'भात छ ?'

फूलमाया टाँढबाट टुकी लिएर आई र भनी,- 'भात बसाई दिउ ?'

'छिटो बसाई दे !' युवकले आफूसँग भएको बन्दुक लिस्नुको आडमा राख्यो र पिठिउँको झोला पनि बिसायो । बुढाको मन ढुकढुक गरिरहेथ्यो । आमा चै ले भन्दै थिई,- 'हाम्रो कथन लागेन बाबु तलाई । यो त निको काम होईन नी ! तेरी दुलहीलाई हेर, बिचरी दुईजिउकी छे । हामी त डाँडामाथिको घाम समान भईसक्यौ ।' उसले श्रीमानप्रति रोष प्रकट गरी,- 'हजुरले पनि यसलाई कराउनु हुन्न ।'

बुढाले हारेको स्वरमा भन्यो,- 'के भन्ने ? नभनेको हैन, भनेकै हो । मधौरोले माड नखाएपछि हाम्रो के लाग्छ ? तँ नरो ! हाम्रो त कर्म नै यस्तो । छैटौको लेखा । लेखला भावी, मेटला को ?' अनि बुढाले बुहारीलाई पश्चताप र टिठलाग्दो भावबाट हेरेर भन्यो,- 'मैले भुल गरे । अब मैले यो भुलप्रति प्रायश्चित गर्नु पर्छ बुहारी !'

'के ओली-ओली भन्नुभा'को ? अझसम्म केही बिग्रीगाको छैन, बाटो बिरेको मात्र हो । बाटो नै भत्किगएको त छैन नी !' श्रीमानलाई गाली गरे झै गर्दै बुहारीलाई भनी,- 'उल्कामा लागेको छ यो सम्झाउनु पर्छ । तैले पनि सम्झा यसलाई लाटी झै नहो न । तेरो पनि पोई हो । जीवन बिताउने त हामीसँग होईन नी ।'

सासुलाई निन्याउरो पाराले हेरेर उ भन्थी,- 'आ... कति सम्झाउनु ? कुरो खानु हुन्न, थुतुनो नचला भनेर घुस्सी मात्र उज्याउनु हुन्छ ।'

समयको कालखण्ड सँगसँगै धेरै कुरा वितेथ्यो उसको जिन्दगीमा । जो अब अतीतको एउटा विषादीमा परिवर्तन भएको छ र उसले कतै नचाहेर पनि पिउनु परिरहेकी छ, शनै-शनै । उसले पनि क्रान्तिको सपना नदेखेको भने हैन । उ स्वयम सात सालअघिको नाटकिय समाजवाद क्रान्तिमा एउटा सिपाही थियो । त्यसताका काँ के भएन ? के गरिएन ? तट्बन्धनको निर्माणमा ढुङ्गाको चाङ्ग लाए झै निर्दोशहरूको लास एकमाथि अर्को थुप्रो राखेको स्वयं उसले पनि हो । त्यसबेला एउटा बुढो मान्छेले उसलाई भनेथ्यो । बाबु बन्दुक पार्टीलाई बुझाएर घर जाऊ । यसरी हुदैन क्रान्ति । उ रनभुल्लमा परेको थियो त्यो बेला । साँच्चै पछि त्यो क्रान्तिलाई राष्ट्रिय मेलमिलापको नामाकरण गरेर राजासँग मेरा घाँटी जोडिएको छ भन्नुसम्म पनि पछि परेन । आखिरी के भयो त ? हात्ती आयो - हात्ती आयो फुस्सा । माटोले रगत मागेको छ, परिवर्तन मागेको छ । हामी रगत र परिवर्तन दिन चाहेर पनि दिन असक्षम छौ । हाम्रो त्यहाँसम्मको ह्याँउ छैन । तर एक सहयोद्धाको धरातलमा हामी दरिन सक्छौ । दरिएका पनि थियौ । तर क्रान्तिको बागडोर जसले हाँकेको थियो उनीहरूकै मनोभावनामा कालो परेपछि क्रान्ति त त्यसै अपाहिज हुने नै भयो नि । अपाहिज घोडाले दौडको मैदानलाई नाघ्न सक्दैन । त्यो मैदान मै छोडिन्छ । अनि त्यो बुढो मान्छेले यसो पनि भनेथ्यो,- 'ए जवान सिपाही ! उ त्यहा पर परसम्म हेर त । तिमी के देखिरहेछौ ?'

'आकाशको शुन्य क्षितिज ।' उसले जवाफ दिएको थियो ।

'कस्तो कालो क्षितिज नि ?'

युवा सिपाहीले बुढा मान्छेको कुरा बुझ्न नपाउदै पारीको ब्यारेकमा गोली पड्कियो । उ हतास त्यतैतिर दौडियो । पछि उ जेलमा पऱ्यो । जेल सजायबाट मुक्त भएर निस्कदा धेरै ढिलो भईसकेको थियो र उसको सबै कुरा गुमेको थियो, यो अन्तरालभित्र । बाँकी थियो त केवल एउटा ठूलो धोकाको खत् । अनि पश्चातापको छट्पटी ।

उ आफ्नो अतीतको प्रशान्त जलसरोवरमा हेलिदै थियो, सकिनसकी । अचानक रातको मध्यप्रहरमा 'मुभ' भन्ने आवाज चौतर्फी सुनियो । भेरीलाईटको निख्खुर उज्यालोमा उसले देख्यो, साथी गोली लागेर ढलेको छ । उ मद्दत गर्न जान्छ । त्यतिबेला घाईते जवान बोल्छ,- 'तिमी लड, लड्दै जाउ, मेरो प्रवाह नगर, म ठीक छु ।'

उसको एउटा हारेको मनस्थितिमा त्यो बेला खै कताबाट बिद्रोह उर्जा थपियो । उसले अध्यारोतिर भएभरको गोली पड्काई पठायो । कालन्तरमा गएर क्रान्ति पनि सफल भएन । साथीहरू भगौडे भए । सरकार कै सुराकी भए । लोभमा फसेर समाजवाद क्रान्ति कै धज्जी उठाए । आखिरी मुलुकमा अत्याचारकै विरोधमा उभिएको त्यो बडेमाको पार्टीले पनि केही लछारेन, त्यो बेला । पार्टी भयो छताछुल्ल ।

उसको अतीतहरूले बुर्कुसी लगायो एकपल्ट जोडले । अब उ निकै वर आएको छ । यो त जंगलमा लाबरको फित्कौलीले चरा मारी पोली खान्थ्यो । कसो कु-बाटोतिर लागेछ । क्रान्ति भन्नु राम्रो जानेको छैन, करान्ति भन्छ । तर के उनीहरूलाई भने आफ्नो डफ्फा देखाउनु त छ नि । दशैको टीका थापेर मोर्चामा फर्कन्छु भन्दै थियो ऊ । बाबुले दुई शब्द बोलेको छैन । उ छोरालाई सम्झाउँदा सम्झाउँदा आफै वाक्क भएको छ । आमाले रातोदिन भनिरा'छे । त्यो बेला भन्छ उ,- 'आमा ! अब मैले के भनेर आफ्नो कसम तोडौ ? कमरेडहरूले मलाई के भन्लान् ?'

बल्ल बाबुले मुख खोल्यो,- 'खुरुक्क पार्टी त्याग गरेर यो बन्दुक बुझाई दे । खुबै उत्पात गरेको छु भन्ठानेको होलास् ! ई... तेरो कसम ।'

उसले रन्किएर भन्यो,- 'तिमी धेरै किन कराउछौ बाऊ ? तिमीहरू जस्तै कायर, आत्मसमर्पण गर्ने अनि भगौडे होईनौ हामी । तिमीहरूले गर्न तम्सेर पनि नससकेको काम अब हामी पुरा गर्छौ ।'

आमा चै'ले बुहारीलाई हेरी । बुहारीले कुरो बुझी र आफ्नो लोग्नेको अघि ठिङ्ग उभिएर भनी,- 'म पनि जान्छु हजुरसँग !'

'थुतुनो नचला है फुँडी ! तँलाई के पुगेन याँ ? 'ढुटेकी छोरी कनिका परी, पाँए भन्दैमा खान नजानेर उपरताली भएर मरी' ।' दुलही सुकसुक गर्दै रुन थाली ।

लिस्नुको आडैमा राखेको बन्दुकलाई बुढाले टाढैबाट घोरिएर निकैबेर हेरीबसे । बन्दुक हाँस्यो एउटा भयानक बर्बादीको आभाष पोखाउदै अनि ठूलो अट्टाहससँगै बोल्यो,- 'मलाई रगत चाहिन्छ, म रक्तपिपासु हुँ । केवल रगत... अनि रगत । दोषी, निदोर्षी, बच्चा, जवान, वृद्ध त्यो त म जान्दिनँ, मलाई त रगत भए पुग्छ ।'

भालेको प्रथम डाक सुनिदा त उ बाटो पनि लागिसकेको थियो । स्वास्नी, बा, आमा अनि आफू स्वयं कति निरर्थक कुरो देखिन्छ क्रान्तिको अगाडी । उसलाई एउटा मात लागिसकेको थियो-क्रान्तिको । बन्दुकको भाषामा उ रमाउन थाल्यो । एकदुईलाई ढलाएपछि त उ भयो क्रान्तिनायक । दुई पल्टनको कमाण्डर ।

अचानक बाहिर सुतेको कुकुर भुक्यो र लामो स्वरले रुवाई ओकल्यो । बुढीले ढोका उघारेर टुकी लिई, बाहिर आई र कुकुरलाई अलाच्छिनी भन्दै कराई । त्यै बेला उनीले आँगनको पल्लो चोसोमा एउटा कालो मानव आकृति देख्यो । अब त्यो मानव आकृति दुईवटा भयो । बुढीले टुकी अलि माथितिर उचाली । एउटा आकृतिले भन्यो,- 'आमा ! नकराउनु है, हामी छापामार दस्ताका हौ । सन्तेलाई भेट्न आएको हौ ।'

बुढीको पारखी आँखाले त्यो आकृतिलाई चिनिहाल्यो । उनी जोडले चिच्याईन्,- 'बाबु ! भाग, सन्ते ! भाग, आर्मीहरू आईपुगे ।'

बुढीले त्यतिमात्र भन्न पाई । एउटाले बुढीलाई आफ्नो कब्जामा पारिहाल्यो । अचानक भित्रबाट ढोका लाग्यो, ड्याम्म । अब मानव आकृतिहरू धेरै भए । घर पुरै आर्मीका कब्जामा परिसकेको थियो । मान्छे दौडेको अनि गुनगुन बोलेको मधुरो सुनिन्थ्यो । बुढीको अवस्था बेहाल थियो र उनी अझै पनि एउटा जवानको कब्जामा थिई, प्रायः अचेतन अवस्थामा । घरको बन्द ढोका पुनः उघ्रियो । भित्रबाट बुढा निस्केर बाहिर हेरे अनि उ ट्वाल्ल परे । कालो आकृतिहरूले घरलाई पुरै घेरामा पारे । त्यैबेला घरको धुरीको एउटा सानो च्याँपबाट गोली चल्यो र जवाफी हमलामा अन्धाधुन्ध गोली चल्यो, पटटटटटटट पटटटट ।

अब गोली चल्नुको गतीमा केही सामान्यता छायो । तर बेलाबेलामा दुईतिरबाट नै दोहरी चल्थ्यो गोली । एउटा ठूलो आवाजसँगै ढोका फोडियो । दुलही सँघारैमा ढलेकी छ, बेहोस भएर । उनीलाई नाघेर दुई जना मान्छे होशियारीसँग घर भित्र पसे । घर पुरै अन्धकारको सिकञ्जामा जकडिएको थियो । त्यैबेला गोली पड्कनुको साथसाथै एउटा आवाज आयो घर पछाडिको पालीतिर अनि केही मान्छेहरू त्यतै हानिए ।

'सन्ते भाग्न सफल हुनेछैनस् । आत्मसर्मपण गर् ।' सिपाहीहरू कराए ।

जवाफमा उताबाट बन्दुकले गोली छाद्यो । अब चौतर्फीबाट आक्रमण भयो र केही समयपछि एउटा मानव आर्तनादको ठूलो मर्मान्त पुरुष आवाज बाहिरसम्म सुनियो । बुढा बेहोस भएर आँगनैमा पछारिए ।

'बा ! अब हामी जानु पर्‍यो ।' भनेर एउटा युवाले अलिजोडले कराउदा मात्र बुढाको अतीतमा खलल् भयो र उसले भन्यो,- 'मेरो सन्ते मर्‍यो तर त्यो शहिद होईन । शहिद त देशको निम्ती मर्नेलाई भन्छ । ए केटा हो ! तिमीहरू नै भन तिमीहरू के को निम्ती मर्न आतुर छौ ? के को निम्ती मृत्युलाई सहजैसँग आत्मसात गर्छौ ? तिम्रो मुक्तिको नारामा मेरो सन्ते छ ? जाऊ...जाऊ । यहाबाट गईहाल ।'

तिनीहरू बाटो लागे । अतिपर बारीको खलामा फुच्चे केटाहरू खेलिरहेका थिए । बुढाको भयभित नयनले आफ्नो नातीको चर्तीकलालाई हेरिरहेको थियो । उनीहरू खलाभरी उफ्रेर यसो भन्दै थिए,- 'म... म... म हुन्छु प्रचण्ड ।'

एउटाले भन्यो,- 'म ग्रुपको कमाण्डर ।'

सबैले पदभार बाँडफाँड गरे । एउटाले भन्यो,- 'अब दोश्रो भिडन्त गर्नुपर्छ ।'

एकछिनमा एउटा फुच्चे केटो कडा स्वरमा आ...आ... गर्दै ढुलमुलिएको नक्कल गर्दै खलामाथी लडिबडी खेल्यो । एउटाले काठको एउटा टुक्रा उसको पेटनिर राखेर दुईचार पटक 'ढिच्याँउ' गरेपछि भन्यो,- 'अब तँ मरेको जस्तो गर्न !'

अनि, उसले मरेको अभियन गऱ्यो-खलामा पल्टिएर । यो बालक्रिडाको भयानक खेलको दृष्टिपातमा बुढाको मन काँप्यो । उसले आफ्नो नातीको त्यो बाल अभिनयमा एउटा यथार्थ काँप्यो । 'कस्तो ठ्याक्कै सन्तेलाई भएजस्तो !' उसलाई त्यो अभिनय हैन एउटा भावीले कुम्लो कसेर ल्याउने यथार्थ झै लाग्यो । उसको नाती रगताम्य भएको छ । बन्दुक उछिटिएर पर पुगेको छ । उ बन्दुकलाई समाउन खोज्छ । गोलबद्द आर्मीको घेराभित्र उ छटपटीएको छ फेरी पटटटट पटटट पट्काउछन् आर्मीहरू । अब निश्चल छ मुढा समान ।

'हजुर बा ! भोली पनि हामीहरू यस्तै खेल्छौ ।' भनेर नातीले उसलाई हातमा समाएर झड्काउदा पो उ झसंङ्ग भयो । उसले नातीलाई च्याँप्प पारेर छातिमा टाँस्यो र पारीपारीको क्षितिजतिर हेऱ्यो । उसलाई त्यो बुढो मान्छेको वाक्य आयो, 'बाबु ! बन्दुक पार्टीलाई बुझाएर घर जाऊ ।' अनि अर्को वाक्य, 'उ त्यहा पर-परसम्म हेर त, तिमी के देख्छौ ? कस्तो कालो क्षितिज नी !' उसले त्यो अन्ततोगत्वको क्षितिजमा पनि उसको थुप्रै नातीहरूको करुणामय दर्दमिश्रीत आवाज सुन्यो र उनीहरूकै अस्पष्ट आकृतिहरू देख्यो । कोही मारिरहेछन्, कोही मरिरहेछन् । मान्छे मार्ने मार्चपास ट्रेनिङ्गमा उनीहरू लागिरहेछन् । उसलाई लाग्यो,- 'त्यो क्रान्तिको रक्तिम क्षितिज उसको निम्ती एउटा कालो पूर्वभाष हो । हो पक्कै एउटा कालो पूर्वभाष हो ।'

# विजयी अखडा



दक्षिण अफ्रिकाबाट ढुवानी भएका ग्लेडीयटर (तरवार बाज, वादविवाद गर्न सक्ने ) दासहरू सिधै होमरको नेतृत्वमा रहेको कारागारमा पुग्थे । जंजीरको सामुहिक खटखट र छङ्गछङ्ग मातलाग्दो आवाजले आजित कारागारको अट्टालिका वर्षौ वर्षदेखि अवाक थियो । एउटा प्रभुत्ववादी शासनको हैकममा कति पिल्सिए, कति मारिए, मानवअधिकार, मानव सभ्यता ! तर होमरको सरकारलाई अलिकति पनि दया थिएन, बन्दी दासहरूसित । उ दयाको मतले होईन क्रुरता र हिंसाको मतमा आफ्नो प्रभुत्वको आयुलाई नापिरहन्थ्यो । यात्रामा अथवा सवारीमा घोडा अलिकति ढिलो हिडेँ घोडाको र सईसको ज्यानको कुनै ठेगान हुदैनथ्यो ।

आज कारगारमा एउटा नयाँ ग्लेडीयटर ल्याएको छ । उ पुरै जंजिरको बहुल्यताभित्र कसिएको छ । उसलाई यहाँ ल्याउदा होमरले चौतर्फी सुरक्षाको ठूलो बन्दोवस्त गरेको छ । लाग्छ, उ माथि होमरले अब पुरा पैसा दाउमा लगाउने छ र टिकट लिएका मान्छेहरूको उपस्थितिले अखडा खचाखच हुनेछ । उसलाई एउटा क्रुर र कठोर नजरले निकैलामो समयसम्म हेरेपछि होमरले एउटा कडा आदेश दियो, सैनिक कमाण्डरलाई,- 'यसको हिस्सामा आईपर्ने रक्सी अरु कसैलाई दिनु, यसलाई नदिनु ।'

सैनिकले आदवका साथ सैल्युट ठोकेर कमाण्डरलाई हेऱ्यो । उ पनि अर्को आदेशको प्रतिक्षामा छ । जो होमरको नजरमा ठीक मानिन्छ र आज्ञारुपी मानव रोर्वट भन्दै मनमनै हाँस्छ होमर र 'गेट आउट' भन्ने संकेत गरेको खिरोलो जुङ्गामा उ बडो शानले ताव दिन्छ ।

यो कुनै नौलो र पहिलो प्रकृया हैन । 'सवाललाई जवाफ छैन, काललाई ओखती छैन ।' होमरको शासनकालको यो एउटा तीतो यथार्थ कथन हो । बग्गी कारागारको मुलगेटमै रोकिएको थियो । होमरको फिर्ती सवारीलाई पर्खेर बसेका सैनिक कमाण्डरको पुरै एक पल्टनलाई गाडेको खम्बा झै भएर रहने कडा उर्दी सुनाएको थियो र त्यसो भएको पनि थियो ।

राती खाना खानेबेला अगावै बन्दी ग्लेडीयटरहरूले सामुहिक प्राथना गर्थे । त्यो प्राथनाको समयमा होमर त्यहाँ आईपुग्थे र एउटा कठोर स्वरमा यसरी कराउथे,- 'यहाँ कोही नास्तिक हुन पाउने छैन र सबैले ईश्वरमाथि भय राख्नु पर्नेछ । आउदो पाहुनाहरूको मनोरञ्जनको निम्ती को को तोकिएको छ उनीहरूले ईश्वरसँग सहायता माग्नु ।'

रातको मध्यप्रहर एउटा ग्लेडीयटर जंजिर बजाउदै फलामे ढोकाको छेवमा आएर उभियो । पहरेदारले त्यसलाई भन्यो,- 'के चाहियो अब ?'

'एउटा चुरोट पाउन सक्छु ?' ग्लेडीयटरले सोध्यो थाकेको स्वरमा । अनि उ चुप्प लाग्यो । चुरोट सल्काएर धुवा उडाउदै उ आफ्नो तरवारलाई घुमाई घुमाई हेर्दै थियो । आज आइपुगेको नयाँ ग्लेडीयटर उसको नजिकमा गयो अनि केहीबेर उसलाई हेरिबस्यो । उ पनि बोलेन केवल तरवारलाई खेलाइरहयो ।

नयाँ ग्लेडीयटरले भन्यो- 'म बास्को, साईवेरीयामा थिए । यहाँ ल्यायो मलाई ।' उसले हात अगाडि बढाएको थियो ।

अर्कोले तरवार म्यानमा राख्दै भन्यो,- 'म लावेल, मध्य अफ्रिकावासी । सुनखानीमा बिद्रोह गर्दा यहाँ आईपुगे ।'

त्यो रात बास्को र लावेल दुइविच परिचयको आदन प्रदान भयो । होमरको शासनबाट अनभिज्ञ लावेलले कैदखानाको भित्तालाई मुक्काले हान्दै भन्यो,- 'कस्तो फोहोर भित्ता ! किन ? यहाँ सफाई कार्यक्रम चल्दैन ?'

बास्कोले भन्यो,- 'तिमी नयाँ छौ र यसो भन्छौ । पुरानो हुदै जाऊ अनि तिमीलाई यै भित्ता मन पर्छ । किन थाहा छ ? म भन्छु सुन तिमी ।'

लावेलले उचाली सकेको मुक्का पनि रोक्यो र भन्यो,- 'तिमी मलाई डर देखाउनु चाहन्छौ कि कसो ? म डराउन्न । मौका मिलेछ भने त्यो होमरको टाउको छिनाल्नु बेर लाउदिन म त !'

बास्कोले यसो भन्दैथियो,- 'यो फोहोरको भित्तासँग हाम्रो र हामीसँग यो फोहोर सधै एउटा निकटता खोजी रहन्छ। उ साह्रै अप्ठ्यारो खालको शासक छ। तिमीलाई थाहा छैन लावेल उ कतिसम्मको शैतान छ।'

होमरको बारेमा बास्कोले नालीवेली सुनायो लावेललाई तर अचानक लावेलको ध्यान पर कुनामा रोईरहेको एक जोडी युवा बन्दीमाथी खनिएको छ। बास्को उसलाई भन्छ,- 'आ...! त्यता ध्यान नदेउ। यहाँ सधै यस्तो हुन्छ। कुरा के भने यिनीहरू दुईमा एक पाहुनाहरूको मनोरञ्जन दिन मर्ने छ।'

पेट्रोलिङमा आउने सैनिकहरूको बुटको टकटक आवाज सुनेपछि बास्कोले हतारिदै भन्यो,- 'हामी कम्बल ओढेर सुतेको अभिनय गरौ छिटो।'

अनि तिनीहरूले त्यसै गरे। पेट्रोलिङ सैनिकहरू गईसकेपछि बास्कोले भन्यो,- 'यहा मित्रता गाँस्नु र भाईचारा गर्नुको कुनै अर्थ नै रहदैन। किन थाहा छ ?'

लावेलले 'म त गुम्सिएँ' भन्दै कम्बल हटायो र भन्यो,- 'अहं ! थाहा छैन, त्यसो किन ?'

बास्कोले म्यानबाट आफ्नो तरवार बिस्तारै निकाल्यो र लावेलको घाँटीमा राख्यो अनि मुसुक्क हाँसेर भन्यो,- 'मित्र लावेल ! म तिमीलाई चिन्छु। तिमीप्रति मेरो सहानुभुति छ तर तिमीलाई यो तरवारले चिन्दैन। मान्छेप्रति यो तरवारको सहानुभुति छैन। मार्नु र मर्नुमा यो तरवारको बेजोड हतास रहन्छ। अनि सत्यता पनि यै हो। यसलाई तिमीले स्विकार्नै पर्छ।'

अप्रत्यासित भयले लावेलको शरिर पुरै काँप्यो। उसले आफूलाई निडर देखाउने मनसायले सम्हालिदै भन्यो,- 'मित्र ! ग्लेडीयटरहरूको निम्ती त अखडाको लडाई उनीहरूको लागि गहना नै सावित भएको छ। अनि यो कुरालाई तिमीले पनि स्विकार्नु पर्छ।'

बास्कोले बिस्तारै टाउको हल्लायो। मानौ, उसलाई लावेलको कुरा पत्याउनु परेको छ। एक प्रकारले बास्कोलाई यस्तो लाग्यो की यत्रो महिना अभ्यास मुक्त रहेको उनको युद्ध कौशल उसको अब लावेलसँग नै दाँज्नु पर्छ। तर उसले यो विचारलाई मन भित्रै राखेर भन्यो,- 'म त अब होमर टारगेटमा छु। भोली कुनै पनि बेला कुनै पनि रुपबाट मर्न सक्छु तर मलाई कुकुरको झै मृत्यु स्विकार छैन।'

लावेलले सोध्यो,- 'के तिमीले होमरको बिरुद्धमा बोलेको छौ ?'

बास्कोले विस्तारै भन्यो,- 'डेनिसकल्ली !'

'डेनिसकल्ली !' लावेलले त्यै शब्द प्रश्नवाचक दोहोऱ्यायो।

'हो, डेनिसकल्ली ! होमरको एकमात्र बहिनी, राजकुमारी डेनिसकल्ली। उनीसँग मेरो रोमान्स चलेको थियो। पछि होमरले चाल पायो र उनले बहिनीलाई दुई कोर्रासहित राज तहखानामा पठाई दियो।'

'बास्को ! के डेनिसकल्लीसँग तिम्रो चोखो प्रेम थियो ?'

'खै ! थिएन होला। मलाई लाग्छ, उनले चोखो प्रेम गर्न चाहेकी छैनन् तर उनी बैशले भने खुब उत्पात उम्लेकी छन्।'

त्यैबेला एउटा उर्दी जारी भयो। एकछिन सुराहीको अनि ड्रमको संयुक्त कोलाहलले कारागारको शान्त वातावरणलाई बलात्कार गऱ्यो। आउदो आइतवार पाहुनाहरूको निम्ती युद्धको मनोरञ्जन

सम्राट होमरबाट हुकुम बक्सेको छ । सबै ग्लेडीटरहरूलाई नेलमै (जंजिरसँगै) उपस्थित गराई माथिको बालकोनीमा राखिनेछ । अनि उर्दी सकिएको संकेत जनाउन एउटा सैनिकले ड्याम्म पेस्तोल पड्कायो ।

अनि, आईतवारको दिन, दरवारको पछाडीपट्टि निर्मित ठूलो रंगशालामा मान्छेहरूको ठूलो उपस्थिति थियो । बग्गीहरूलाई सईसहरूले लामबद्ध राखेका थिए भने पाहुनाहरूले होमरलाई उपहारहरू ऊटमा लादेर ल्याएका थिए । र, ती ऊटहरूलाई भने तबेलापछाडीको मैदानमा ठूला ठूला तोरण टाँगेर बाँधेका थिए । शुन्य समयको संकेत पाउनसाथ ब्याण्ड पाटीका सैनिकहरूले सुराही, ड्रम र न्याउली बाजा बजाउन थाले । होमर र उनका पाहुनाहरू अनि युद्धमा असर्फी लगानी गर्नेहरू बडो उत्सुकताको साथ प्रतिक्षामा थिए ।

बास्कोले भन्यो, आँखा चिम्लिएर,- 'हे ईश्वर ! अब जसले मृत्युवरण गर्छ उनको आत्मालाई स्वर्गमा बास दिनु ।'

लावेलले भन्यो,- 'बास्को ! तिमी जति धार्मिक छौ त्यति देखिदैनौ । कठोर भापिन्छ तिम्रो अनुहारबाट ।'

'चुप लाग !' बस्कोले अलि झर्केर भन्यो ।

अखडाको दुईवटा द्वार खोलिदा आएको ठूलो आवाजले भेलामा भएका सबैको मन तर्सायो । शनै-शनै भित्रबाट लोहा मकुण्डो धारी दुईजना ग्लेडीयटरहरू निस्किएर र मैदानको विचमा आएर उभिए अनि होमरतिर फर्केर बडो आदरको भावमा झुके ।

होमर उठ्यो र जुङ्गामा ताउ दियो अनि यताउता हेरिसकेपछि दाहिने हातमा भएको हरियो ध्वजा हल्लायो ।

लडाई शुरु भयो । दुवै ग्लेडीयटरहरू सक्दो शक्ति पोखाएर लडे । दया, क्षमा र जीवनदानको त्यहाँ कुरै थिएन । दुवै लहलुहान भए । दुवैले युद्ध कौशल उतिकै जानेका रहेछन् । युद्ध निकै समयसम्म चल्यो । अन्त्यमा एउटा ग्लेडीयटरको टाउको शरिरबाट यसरी उछिट्टियो कि तोपको मोहरीबाट आगोको मुस्लो जस्तै । भेला स्तब्ध भयो । त्यै रात दरवारको परीसर भरी एउटा कुरा सनसनी फैलियो र यो कुराले कारागार पनि अछुतो रहेन ।

डेनिसकल्लीले विष सेवन गरेर आत्माहत्या गर्ने प्रयास गरेकी थिई की उनको शुसारेले देखेर त्यसो गर्न दिईनन् भन्ने हल्ला । त्यो रात होमर आएर बास्कोलाई खाउला झै गरेर हेरेर मात्र गयो । सबै ग्लेडीयटरहरू आतंकीत थिए होमरसँग । अब के हुने हो ? कस्तो रडाँको मच्चाउने हो यी कुकुरको छाउरो होमरले ? सबैको मनमा यै कुरा खेलिरहेको थियो ।

अर्को एउटा चाडको दिन विना उर्दी होमरबाट अखडामा युद्ध लडाउने आपतकालिन हुकुम भयो । सबै ग्लेडीयटर र मन्त्रीहरू छक्क परे । यहाँ सम्मकी राजगुरु पनि रनभुल्लमा परे । तर उनले होमरलाई 'किन यसो गरिबक्स्यो सरकार ?' भनेर भन्ने आँट गरेनन् ।

अघिल्लो रात नै बास्कोलाई साईवेरिया लाने भनेर कारगारबाट निकालेको थियो तर जव अखडाको द्वारबाट बास्को निस्कियो, उसले मकुण्डो हातैमा बोकेको थियो । उ एकपल्ट यो मान्छेको भीडमा डेनिसकल्ली र लावेललाई देख्न चाहन्छ ।

## २५ | युद्ध समाधि

बास्कोलाई देखेर डेनिसकल्ली र लावेल स्तब्ध भए । लावेल भन्न चाहन्छ, डेनिसकल्लीलाई की सम्राट होमरलाई भनेर यो युद्ध रोक्न लगाउ । तर यो सम्भव थिएन । लावेल पहरेदार सैनिकहरूको घेरा भित्र थियो भने डेनिसकल्ली राजकीय सुरक्षाको कडा परिधीभित्र ।

होमरले आफ्नो समिपमा उभिएको सैनिक कमाण्डरलाई हेऱ्यो । सैनिक कमाण्डरले कुरा बुझ्यो । उसले हेण्डमाईकबाट चर्को स्वरमा भन्यो,- 'ग्लेडीयटर बास्को ! तिमीले होमर सरकारको नियम तोड्न पाँउदैनौ त्यसैले त्यो मकुण्डो तिमीले लाउनैपर्छ ।'

अब दुई ग्लेडीयटरविच युद्ध चर्कियो । सबै बास्कोदेखि चकित परेका थिए । आज बास्को किन लड्न सकृय छैन ? खोई उसले जानेका युद्ध कौशल ? बास्को रक्तम्य भै सकेको थियो । उसलाई बारम्बार चोटमाथि चोट लागिरहेको थियो । डेनिसकल्लीले चिच्याएर सैनिक कमाण्डरलाई भनी,- 'युद्ध रोक्नुहोस ।'

सैनिक कमाण्डरले होमरलाई हेऱ्यो । होमरले आफ्नी बहिनी डेनिसकल्ली र सैनिक कमाण्डरलाई रातो-रातो क्रोधित आँखाले हेऱ्यो । त्यसैले दुवैले चुँ सम्म गरेनन् । डेनिसकल्लीले बरर आँशु झारी अनि ईश्वरलाई पुकारी ।

त्यहीबेला लावेललाई झाँगाबाट खसे जस्तै भयो । रमिते भएका दुईजना ग्लेडीयटरहरू यसरी खस्याक् खुसुक कुरा गरिरहेका थिए,-'यो त होमर सरकारले ठीक गरेन । यसरी छलकपटले ग्लेडीयटरलाई निस्कृय हुने औषधी खुवाएर युद्धमा होमाउनु त सम्राट साजकीय शान र युद्धको नियम विपरीत भयो ।'

एउटाले भन्दै थियो,- 'चुप लागेर बस्नुमा नै हाम्रो आयुको अलिकति समय लम्बिन्छ । भित्ताको पनि कान हुन्छ ।'

अब दुवै ग्लेडीयटर चुपचाप भए । लावेललाई यो षडयन्त्रको पुरै चक्रब्युह थाहा भयो ।

बास्को पुरै निस्कृय भै'सकेको थियो । सक्दो उ प्रहार गर्न हैन आफ्नो बचाउ गर्नमा लागेको थियो । अब त उ यतिसम्म गलेको थियो की उ आफ्नो फलामे ढालको वजन पनि राम्रोसँग उचाल्न सकेको थिएन । त्यसपछि उ लड्यो । अर्को ग्लेडीयटरले उसको छात्तिमाथी तीनचार पटक आफ्नो भाला गाड्यो र होमरतिर फर्केर भन्यो,- 'सरकार ! यो दासलाई अरु केही आज्ञा भए आदेश होस् ।'

होमर केही बोल्न मात्र के लागेको थियो एउटा चर्को प्रतिशोधको आवाजले उ भुलियो ।

'यो दास ग्लेडीयटर लावेलले यो विजयको विरोध गर्छ । होमर सरकारको विरोध गर्छ । यो युद्ध निश्पक्ष छैन । यो जाल-साजी, कपटपूर्ण छ यो युद्ध । किनकी महान योद्धा ग्लेडीयटर बास्कोलाई निस्कृय हुने विषादी पेय पिलाईएको छ ।'

भेलामा खैलाबैला मच्चियो । सैनिक कमाण्डरले हेण्डमाईकबाट बोले,- 'होमर सरकारबाट यस षडयन्त्रको छानबिन हुनेछ, तपाईहरू शान्त रहनुहोस् ।'

त्यैबेला सैनिकघेरा भत्काएर लावेल अखडामा आईपुग्यो र बास्कोको तरवार टिप्यो अनि त्यो अर्को उभिरहेको ग्लेडीयटरलाई एकै प्रहारमा दुईटुक्रा बनाई दियो । यो सबै यति छिटो भयो की मानौ कुनै चमत्कार भयो । त्यसपछि एउटा चर्को र भारी ललकार गुञ्जीयो अखडामा । अखडाको चौतर्फी,- 'यस सभामा भेलामा उपस्थित हुनुभएका सज्जनहरू म यस अखडाबाट होमर सरकारलाई युद्धको निम्तो दिन्छु । यो होमर सरकारले मेरो निम्तोलाई स्विकारेर आफ्नो पूर्वजको मान-मर्यादा, शानलाई जिवीत राख्ने छ भन्ने मलाई आश छ ।'

सभा, भेला चकमन्न भयो । तर एकैछिन पछि पल्लो कुनाबाट तमाम् सबै ग्लेडीयटरहरूले है... है... है गर्दै ताली बजाएको आवाजले अखडा पुरै गुञ्जीयो । होमरले सैनिक कमाण्डरलाई हेरे । सैनिक कमाण्डरले हातहतियारले सुज्जित तैनाथ सैनिकहरूलाई हेरे । सैनिकहरूले बन्दुकको नाल लावेलतिर सोझ्याए तर झटपट होमरले हातको ईसाराले सैनिकहरूलाई रोकेर उ आफू अखडामा गए । त्यसपछि अखडामा त्यो अगाडीको कोलाहल रहेन । अहिले  मात्र तरवारको टक्करबाट आएको टिङ्ग टिङ्गको आवाज सुनिन्छ, अखडामा । लावेलका अगाडी होमर टिक्न सकेन । उ नराम्रोसँग पछारियो । लावेलले तरवार उचाल्यो र होमरको गर्धन छेवैमा जमिनमा गाड्यो । होमरले भन्यो,- 'मार्, मलाई मार्, छिनाई दे मेरो गर्धन, किन रोकिन्छस् ? उठा तेरो तरवार ।'

लावेलले होमरको आँखामा आँखा गाढेर हेऱ्यो अनि भन्यो,- 'अखडामा वीर योद्धालाई मार्न सक्छु, कुकुरलाई हैन ।'

त्यसपछि लावेल के फर्कन लागेको थियो अचानक कतैबाट दुईतीनवटा बाँण आएर उसको पिठ्युमा रोपियो । त्यै पनि उ आफ्नो गाढेको तरवार निकालेर बलैले घुम्यो । फेरि दुईवटा बाँण गोलीको वेगमा आयो र लावेलको छात्तीमा गाडियो । एकछिन पछि लावेल ढल्यो, घाईते होमरको शरिरमाथि ।

त्यसको एकसातापछि राती अचानक दरवारमा गोली पड्कियो । गोली पड्केको आवाज होमरको विश्रमगृहबाट आएको थियो । सबै सैनिकहरू त्यतै दौडिए । एउटाले भन्यो,- 'सम्राट होमरले आत्महत्या गऱ्यो ।'

होमरले आत्महत्या गर्नु अगावै बहिनी डेनिसकल्लीलाई एउटा पत्र लेखेको थियो अनि उसले रक्सी पनि निकै पिएको थियो । केही दिनपछि राजपरिवार र उच्च सैनिक पदाधिकारीहरूको उपस्थितिमा डेनिसकल्लीले गद्धी सम्हाली ।

अनि एक बिहान राजदरवार परिसरको ईलाकाभरी र कारागारको परिसरभरी स्वतन्त्रताको आवाज छान्द्राङ्ग छिन्द्रीङ्ग, ट्याङ्ग ट्याङ्ग टुङ्गटुङ्ग यसरी सुनियो । त्यो आवाज थियो कारागारको बन्दीहरूको नेलकडी, हत्कडी खोलिएको, छिनालिएको, चुडालिएको एउटा मिठो आवाज । केही लाहोरहरू काममा व्यस्त थिए । सबैलाई डेनिसकल्लीले सेतो गुलावको थुङ्गाहरू दिदै थिईन् ।

✦✦✦

# अभिव्यक्तित् विद्रोह



उनको झ्यालबाट बाहिर हेर्दा सोझै पहिले केही पर एउटा आर्ट ग्यालरी आँखैमा ठोकिन्थ्यो । त्यस ग्यालरीको तल्लोपटीको भित्तामा कलाकारहरूले तुल लेखेको हुनपर्थ्यो । किनभने त्यो भित्ता आफ्नो वास्तविक रुपमा थिएन । कुसुमले झ्यालमा बसेर सधैं त्यो भित्तालाई हेरिरहन्थी, जो रंगहरूको समायोजनमा डुबेको भित्ता थियो ।

यो सिलसिला नयाँ होईन । त्यो ग्यालरीको कलाकारले कुसुमलाई झ्यालमा बसेर सधैं रंगीन भित्ता ताकिरहेको देखेको पनि करिव दुई वर्ष पुग्नै लागको थियो । उ अरुहरूसँग यसै भन्थ्यो । आज पनि ग्यालरीको कलाकार तुलमा डुबेको छ र उ घरी-घरी झ्यालपटी हेर्छ । यथावत पहिलाका दिनहरू झैं नै कुसुम झ्यालमै बसेकी छे र भित्तैलाई हेरिरहेकी छे ।

कुसुमले किन निहाली रहन्छे त्यो भित्तालाई ? त्यो भित्तासँग उनको के लगाव छ ? सधैं एकचित्त त्यो भित्तालाई निहाली रहनुको अभिप्राय के हो ? न यो कुरा त्यो कलाकार कै चासोको विषय थियो न कुसुमले कसैलाई भनेकै थिई । कहिलेकाँही यै रंगहरूको रंगीन कल्पनामा कुसुम डुब्थी र जीवन र

रंगविचको घनिष्ठता खोज्थी । उ मनमनै सोच्थी,- 'मेरो सेतो रंगको साडीमा सबै रंगहरू खुल्न सक्छ ! पहेलो, नीलो, रातो, खैरो, बैगुनी, कलेजी ईत्यादी ईत्यादी ।' कालो पनि त भन्न चाही मुखले खोजे पनि उनको मनले त्यसको प्रतिकार गऱ्यो । उनको नयन रसायो र आँशुका केही मोतीहरू भुईमा खसे । उसले आफ्नो गर्धन पछाडीबाट फिजीएर पिठ्युतिर बगेको केशरासीलाई बटुलेर अगाडीपट्टि ल्याई अनि निकैबेर सुमसुम्याइरही । आफूले लगाएको सेतो साडी र आफ्नो कालो कपाल दाँजेर हेरी । उसलाई पटक्कै चित्त बुझेन । खोई त जीवनसँग रंगहरूको समायोजन ? यो त पुरै निरस छ ।

उसले पुनः झ्यालबाट ग्यालरीतिर हेरी । कलाकार आफ्नै धुनमा रंगहरूसँग खेलिरहेको छ र घरीघरी केही कदमपछि सरेर सुन्दरतामा के कमी छ की ! भन्दै कमीहरू खोजीरहेको छ । यो सब देखेर कुसुम अतिनै छटपटाउछे मनभित्रै । भनु पनि के भनु त्यो कलाकारलाई ? अझसम्म उनलाई त्यो कलाकारको नामसम्म थाहा छैन ।

कलाकार आफ्नै धुनमा रंगहरूसँग खेलिरहेको छ र अहिले उ एउटा छायँवादी आर्ट गर्नमा ब्यस्त छ । कुसुमले बुझ्न सक्दिनन्, त्यो कलाकारले के बनाउदैछ ? र के बनाउन चाहन्छ ? जे होस् उ आफ्नै धुनमा एकाग्र छ र यै उसको एकाग्रपनमा कुसुम छटपटिएकी छे । कलाकारले बेला-बेलामा झ्यालतिर पनि हेर्छ र फेरि उ रंगहरूमै डुब्छ । तर कुसुम धीर छे । चटपटाउदीन । जीवनको सारतत्व जीउनुको वर्तमानमा कसरी प्रस्फुटन हुनुपर्छ उ त्यही कुरा खोजीरहेकी छे । ईन्द्रेणीको सप्तरंङ्गी रंग जीवनको माधुर्यतामा पोतिन नसके रंगहरूको अस्तित्वनै के छ र ! उनलाई लाग्यो, संसार छायाँवादी मोहमा चुर्लुम्म डुवेको छ कलाकारको कलाकृतिजस्तै । नभए तुलमा अथवा उनले स्टाण्डमा च्यापेको क्यानभाषमा किन खुल्दैन मनका भाकाहरू ? किन प्रतिविम्वीत हुन सक्दैन मान्छेको विचारहरू ? अधरबाट शब्दहरू हामफालेर नबाहिरीए पनि नयनको घनिष्ठताले मनको चाहना र कुरो बुझे झैं ।

कलाकार एकोहोरो रंगहरूसँग खेलिरहेछ । यता कुसुमको छटपटीमा कुनै सामान्यता आएको छैन उ मनमनै बर्वराउछे, 'तिम्रो कतै नभएको नाथे छायाँवादी आर्ट रे ! हेर न मलाई, कति प्रतिबन्धमाझ पनि म खुलेको छु । तिमी बुझ्न सक्दैनौ मलाई त्यो बेग्लै कुरो हो । तर म बाट त मेरो कर्तब्यमा कुनै खोट आएको छैन ।'

उसले कपाल लुछी र फेरि बाधेर सँगाली  अनि पुन ग्यालरीतिर हेरी । अहिले उसले त्यहा कलाकारलाई देखिन । मात्र हावाको चिसोमा सुकोस भनेर छोडेको त्यो छायाँवादी आर्ट थियो त्यहाँ । आर्ट पुरै ठूलो परिधीमा बनाईएको थियो र कुसुमले त्यो स्पष्टसँग देख्न सकी । तर यो के बनाएको ? उसले आर्टको भावार्थ बुझ्न भने सकिन । मात्र रंगहरूलाई जता मन लाग्यो त्यतै पोतेको छ । न कुनै आकार छ न रुप । न कुनै कुराको अभिव्यक्ति हो यो न सार । उ सुक सुक गर्दै रोईरही । अब उसलाई लाग्यो, 'जीवनका सबै कुराहरू स्वाह भए स्वाह । यतीका धैर्यता साँधेर बस्दा पनि फूलमा रंगहरू खुल्न सक्दैन भने रंगहरूको अस्तित्व जीवनको माझमा छैन । यिनीहरूको बाँहजोडाई निरार्थक हो ।'

साँच्चै कलाकारले मानव भावना बुझ्न नसकेता पनि अञ्जानमै उ बाट बनेको छायाँवादी आर्टले आध्यात्मिक कुरोको प्रतिनिधित्व गरेको छ । जो अंञ्जानमै उसँग अनुकुल भयो र उसलाई नै धुरु धुरु रुवायो । उ दौडेर गई र दराज खोली । दराजभित्र झुण्डाएका एक एक साडीहरू हेरी । र, फेरि दौडेर गई र त्यो छायाँवादी आर्टलाई निकै गमेर हेरी । अनि पागल झै खितिती हाँसीरही ।

## २९ युद्ध समाधि

उ त साधगी थिई । के उसलाई रंगहरूसँग अलिकती रमाउने चाहना छैन र ? कस्तो निष्ठुरी कलाकार रहेछ त्यो । उसले रंगहरूबाट अलिकती रंगहरू चोरेर केवल सपना त रंगाउन चाहेकी थिई । जो अन्यले बाहिरबाट हेर्दा नयनको सिमीत परिधीमा देख्न सक्छ ।

उसले सोचीरही र सोचीरहदा उ निकै कठोर देखिन्थी । चट्टान जस्तै । समय, बैश, समाज र संस्कार अनि त यो बुझ्नै नसकिएको त्यै छायाँवादी आर्ट । हृदयले जीवनको ठूलो क्यानभाषमा फोकस गर्छ । नयनले यसमा सपना बुनेपछि मस्तिष्कले यसलाई उर्जा दिन्छ अनि वर्तमानले रंगहरूको प्रादुभाव गराउछ र अनेकौ परिस्थितिले यसमा कुची चलाउछ । अनि बनिन्छ एउटा छायाँवादी प्रस्तुति । जो जीवन भोगाईको घडीले हरपल पलपल चलाई रहन्छ र जीवन यात्राभरी यसले नौटंकी देखाई रहन्छ । त्यो पनि छद्मभेषी रुपमा । मान्छेहरूले यसलाई स्विकार्नु वा गलहत्याउनु उनीहरूको नैसर्गीक अधिकार हो । तर यसमा परिस्थितिले मान्छेहरूलाई रनभुल्लमा पारिदिनु कति प्रकृति प्रतिको अन्याय छ यसमा ।

अब कुसुमलाई खपी खानु भएन । उसले धैर्यताको यो पर्खाल भत्काएर वा नाघेर जाने निधो गरी । भोली देखा परोस् त त्यो कलाकार त्यसलाई कठालोमा समातेर सोध्छु, 'तैले के बनाएको ?' भनेर । फेरी उ आफ्नै कमजोरी प्रति सजग भई । के भोली देखा नपरोस् ? उ त सधै देखापर्छ । रातभरी कुसुमको मथिङ्गलमा त्यो कलाकार र उसको त्यो छायाँवादी आर्ट फनफनी घुमिरहयो । भोलीपल्ट साविक झै कुसुम झ्यालनिर गएर बसी । कलाकार पनि उ भन्दा अगावै भित्तातिर आईपुगिसकेको थियो । तर हिजोको छायाँवादी आर्ट त्यहा थिएन । लाग्छ आज अर्कै आर्ट गर्न चाहन्छ उ । त्यसैले उ आर्ट स्ट्याण्डमा अर्को नयाँ क्यानभाष लगाउदै छ । रंगका प्लेट र ब्रुसहरू सानो टेविल भरी छरिएको छ । कतै संगालिएको छैन । कुसुम श्वासलाई कावुमा राखेर प्रतिक्षामा छे की अब कलाकारले कुन प्रकारको प्रस्तुति पस्कने हो । 'फेरी उही बाह्र वर्षमा उन्यौ फूल्यो आचीको गन्ध ।' के हो के हो ? रंगहरूको थुप्रो मात्र । कुसुमले आफूलाई नियन्त्रणमा लिन नसकेपछि एकै श्वासमा दौडेर त्यहा पुगी र अलि कडा स्वरमा भनी,- 'यो के बनाएको ?'

कलाकार छक्कै पऱ्यो र बोल्यो,- 'के बनाएको तपाई देख्नु हुन्न ? म आर्ट गर्दैछु । चित्र बनाउदै छु ।'

कुसुमले रिसाएर सोधी,- 'यो के को चित्र हो ?'

कलाकारले निकैबेर कुसुमलाई हेरेर भन्यो,- 'मेम साहव ! यो छायाँवादी आर्ट हो तपाई बुझ्नु सक्नु हुन्न ।'

कुसुमले भनी,- 'यै त म बुझ्न चाहन्छु । तपाई मलाई यो छायाँवादी आर्टको भाव बुझाउनुस् ।'

'तपाई कस्तो अप्ठ्यारो प्रकारको आईमाई हुनुहुदो रहेछ । छायाँवादी आर्टको भाव पनि कतै बुझाईन्छ र ? यो त आफैले बुझ्ने हो ।'

कुसुमले हात बनाएर भनी,- 'ई...! आफैले बुझ्ने कुरो हो ! आफैले बुझ्ने कुरो भए तपाईले खोई बुझेको ?

'मैले त नी बुझेकै कारण बनाएको हुँ ।'

'के तपाईले मलाई बुझ्नु भएको छ ? म पनि तपाईको यी छायाँवादी आर्टहरू भन्दा कमकी छुईन ।'

कलाकारले ब्रुस चलाउन रोकेर भन्यो,- 'मतलव ?'

कुसुमले अस्फट स्वरमा भनी,- 'मतलव म विधुवा हुँ । के तपाईको रंगहरू म मा खुल्न सक्दैन ?'

कलाकारले भन्यो,- 'मेम साहव ! मैले अघिनै भनि सके छायाँवादी आर्टको भाव बुझाईदैन । आफै बुझ्नु पर्छ । म, यो मेरो आर्ट र तपाई । हामी तीन छायाँवादी अस्तित्वका छौ । हामी आफैले आफू आफूलाई बुझ्नु पर्छ बुझिदिनु पर्छ । अनि मात्र छायाँवादी सारतत्वले अमरत्व पाउछ । नत्र भने त छायाँवादी अस्तित्वको अस्तित्वनै कता र कति रहन्छ ?'

कुसुमले अलि रिसाएर भनी,- 'ए कुरो त्यसो हो ? त्यसो हो भने भोली पनि तपाईले एउटा छायाँवादी आर्ट गर्नु पर्छ । भिजन म दिन्छु ।'

कलाकारले भन्यो,- 'हुन्छ म गर्छु तर भिजन के हो ?'

कुसुमले मसिनो स्वरमा भनी,- 'विधुवा !'

आर्टीसले भन्यो,- 'हाउ स्विट ! यो त म तपाईलाई हेरेर नै बनाउछु ।'

कुसुमले कड्किएर भनी,- 'तपाईले विधुवा आईमाईको हैन मात्र विधुवाको छायाँवादी आर्ट गर्नु पर्छ । बुझ्नु भो ? मलाई हेरेर बनाएर त विधुवा मात्र नभएर विधुवा आईमाई भयो । म विधुवा मात्रै छायाँवादी आर्टको रुपमा हेर्न चाहन्छु । होईन भने म चुपलागेर बस्नेवाला छैन । खुवैको जे कुरापनि छायाँवादी ।'

कलाकार बोल्न सकेन । उ चुप लागेर कुसुमको कुरा सुनिरहेथ्यो । भोलीपल्ट कलाकार आफ्नो आर्ट स्ट्याण्डमा क्यानभाष र रंग कुचीहरू लिएर भित्तानिर आयो । तर सदा झै आज उसले त्यो झ्यालमा कुसुमलाई देखेन । अचम्म त यो भयो की आज त्यो घरको झ्यालै खोलिएको थिएन । तर एउटा छायाँवादी प्रहार भने कुसुमले नराम्रोसँग त्यो कलाकारलाई गरेकी थिई । त्यो के भने एउटा सेतो साडीलाई विभिन्न रंगहरूले रंग्याएर झ्यालको रडमा बाँधेर झुण्ड्याई दिएकी थिई, कुसुमले । जो कुनै पुजा अर्चनामा उठाएकी बहुरंगी ध्वजा समान प्रतित हुन्थ्यो । कलाकारले त्यो निक्कैवेर घोरिएर हेऱ्यो अनि मनमनै भन्यो,- 'थैक्स् गर्ड... हाउ ग्रेट !'

त्यसपछि अन्यत्र दिनहरूमा त्यो घरको झ्याल खोलिएन । तर बेलाबेलामा भने कलाकार भित्तानिर पुगिरहन्थ्यो तर उसले झ्याल खुलेको कहिले पनि देखेन ।

+++

# दिगो साईनो



**मा**न्छेहरूले मित्रताको उदाहरण दिनु पर्दा सुकमान र जजमानी बाबुको नाम लिन्थे पहिला-पहिला । हुन पनि हो, ति दुई साह्रै अचाक्ली मिल्थे, नङ्ग र मासु समान, बितेका दिनहरूमा । तर अहिले मित्रताको ती उदाहरण दिनेहरू नै अचम्ममा परेका छन्, कि के कारणले सुकमान र जजमानी बाबुको विचमा पानी बाराबार भयो ? कसैले यसकुरोको भेउ पाउनै सकेन र कसैले सोध्ने आँट सम्म गरेन । सुकमानको जजमानी बाबु प्रति र जजमानी बाबुको सुकमान प्रति के कस्तो धारण थियो त्यो त ति दुईलाई मात्र थाहा थियो । तर भलै अन्यत्रले देख्दामा दुवै सामान्य देखिन्थे । भन्नेहरूले यसो भन्न पनि बाँकी राखेनन्,- 'चिनी पनि धेरै खायो भने तितो हुन्छ ।'

यि यावत कुराहरू ति दुवैले सुन्न नपरेका होईनन् परेकै हो तर तिनीहरूले पनि के गरेर टालिदिउन् बोल्नेको मुख ? दुवैले सहनुको पराकाष्टा नै छोएका थिए । त्यै पनि मन न हो कहि कतै त कुनै बेला भावनामा बग्छ बग्छ । एकअर्कामा विष्मात त लाग्छ लाग्छ हाल मिलेर विताएको पलहरू सम्झदा ।

हे प्रभु ! यो कुन पापीको नजर पऱ्यो हामी माथी ? कठै जजमानी बाबु ! आफ्नो घुरेनमा जे फल्यो बुढीयालाई भनी हाल्थे,- 'सुकमान कहाँ नी पठाई दे । त्यसले पनि चाखोस् न ।' कति पल्ट त सरकारी मामिलामा उनले कडा चतुऱ्याईका साथ जजमानी गरेर सुकमानलाई बिगो तिर्नबाट पनि बचाएका थिए । सुकमानले गुण लगाएकोछस् नी ! भन्दा उनले भन्थे,- 'मान्छेले गर्ने कर्तब्य पुरा गरेको हु तँ यसलाई गुण नसम्झी ।'

साच्चै जजमानी बाबु सुकमान प्रति उदार भावना राख्थे । त्यसो त सुकमानको पनि केही सहयोग उ माथि नभएको होईन । उ आफैले सोच्यो पहाडबाट बसाई सरेर मधेश भासिदा झोडा सुकमानले नै दिलाई दिएको थियो । त्यो झोडा सजिलै थोडै मिलेको थियो र ? त्यसको निम्ती सुकमानले त्यहाका रैथानेहरूसँग कम फौदारी गर्नु परेथ्यो । ज्यानलाई पनि सिरुपातेको धारमा राखेर उसले त्यहाँ जजमानी बाबुलाई स्थापित गरेको थियो । रैथानेहरूले सिङ जोड्न आउदा उ यसो भनेर बुर्लुक्क उफ्रिन्थ्यो,- 'जजमानीको गर्धन छिन्नु भन्दा अगाडी मेरो गर्धन छिन्नु पर्छ अनि मात्र तिमीहरूले मनमानी गर । नत्र भने ई....! तेरीमा नाथुहो मान्छे बसेको ठाउमा मान्छे बस्न नआएर को आउछ ?'

फेरि एकदिनको कुरा मधेसको औलोले जजमानी बाबुको परिवारलाई सोत्तर बनाएकोबेला सुकमानले कम्ती हेरचार नगरेको होईन । कसैले सुकमानलाई 'तँ त जजमानी बाबुको कमारो जतिकै भईस सुकु !' भन्दा उ भन्थ्यो ठट्टा गर्दै,- 'गरीव छु बडो हम्मेले दुईछाक जोहो गरेको छु नी च्यापु हल्लाउनलाई । दान गरेर पुण्य कमाउन त सपनाकै कुरो भो तर यिनको (जजमानी बाबु) सेवा गरेर धर्म लुटौ भन्ने लागेर पो !'

समयको गती सँगसँगै उनीहरूको चिसोपनमा पनि दशाधा समय वित्यो । यस अन्तरालको कैयौ अखटोहरूमा दुवैमा जम्का भेट नभएको पनि होईन तर दुवै हेराहेर गर्थे र आफ्नो बाटो तताउथे । उनीहरू प्रति सद्भाव राख्नेले कहिले काही दुवैलाई सम्झाउथे । यसो हैन, उसो हो । यो ठीक यो बेठीक ईत्यादी । जवाफमा जजमानी बाबु भन्थे,- 'खै ! मनमा ईवी, राग छैन त्यै बोलचाल मात्र नभएको हो । अब त मनले एउटा युग बित्यो की झै लागेको छ । त्योसँग मलाई गुनासो छैन । किनभने हाम्रो मित्रताको आयु त्यतिमात्र थियो की भन्छु म त ।'

उता सुकमान यसो भन्थे,- 'त्यो पढेगुनेको मान्छे, जजमानी गर्ने तुजुक भएको त त म म बोले पनि उमेरले त्यो म भन्दा जेठो हो । मैले कुनै कसी बाँकी राखेको थिईन ईज्जत दिनुमा । आखीरी मेरो एउटा सानो अविवेकी कुरालाई त्यसले मनमा गमेर लिनु पर्ने कामै थिएन । आ...! बडा अब त बानी भईसक्यो त्यो बेगर रहने ।'

एकदिन जजमानी बाबुको स्वास्नीले डराउदै लोग्नेलाई यसो भनी,- 'सुकुको घरमा नि के गर्नु ?'

तेरो तजविज !'

'हैन तपाई हुदाहुदै म कसरी निर्णय गर्न सक्छु र ?'

जजमानी बाबु चुप थियो । के कसो भन्ने बारेमा उसले तत्काल निर्णय दिन सकेन । राती ओछ्यान लाग्दा स्वास्नीले मनको कुरा अलि अस्पष्ट गरी पोखी । जजमानी बाबुले कुरो बुझीहाल्यो र स्वास्नीतिर फर्केर भन्यो,- 'मनकै कुरो गरिस् गौरीकी आमा !'

त्यसपछि जजमानी बाबुको घरबाट सुकमानको घरमा विहेको निम्तो पुग्यो। गौरीको विहेमा सुकमानको परिवारलाई निम्त्याएको थियो । कसैले जजमानी बाबुलाई छोरीको विहेको निम्तो पठाएछौ त

पुरानो  हललाई भनेर भन्दा उ अलिकती अन्कनाएर यसो भन्थे,- 'गाउँमा बसेपछि गाउँको ऐनमा त बाँधिनै पऱ्यो । ऐनले कतै यो जजमानी बाबु भनेर छोड्छ ? गाउँलाई नै निम्तो गर्दा त्याँ पनि पऱ्यो । '

सुकमानको पुरै परिवार त विहेमा आएन तर सुकमान चै आयो । विहे साँगे गर्दा सम्म सुकमानको हाजिरी भईरहयो, जजमानी बाबुको आगनमा । दुवैको मनमा एकप्रकारको अन्यौलता थियो र त्यस अन्यौलतालाई जजमानी बाबुबाट भएको हार्दिकतासम्मले तोड्न सकेको थिएन । सुकमान काँतर मनस्थितिले सोच्छ, 'जजमानी बाबु पढेको मान्छे, म त बाह्रखरी पनि छिचोलेको छुईन कतै म अघि सरे भने अर्को अनर्थ पो होलाकी !'

उनीहरूमाफ समय वितिरहेको थियो आफ्नै गतीमा । यो उनीहरू विचको मौनता आफैमा एउटा प्रश्न चिन्ह भएर दुवैको सामु कोरिएको थियो ।

एउटा विहान अचानक जजमानी बाबु तर्सियो स्वास्नीको कुरा सुनेर,- 'सुन्नु भो प्राणनाथ ! सुकमान त वित्यो रे, मान्छेहरू उतैतिर लागेका छन । भन्दै थियो सुतेकै ठाउँमा पो ! हन कस्तो अचम्म ? वरा ! लौन टुङ्गो लगाएर आउनुहोस् ।'

जजमान बाबु पनि उतैतिर हान्नियो । स्वास्नीको कुरो सुनेको ठीकै रहेछ । सुकमानको घरमा वेदनाको आर्तनाद चर्किरहेको थियो ।  बाँस र कात्रो लिन युवाहरू गईसकेका थिए । सुकमानकी स्वास्नी अचेतन अवस्थामा थिई । उनीलाई देखेर मन कुडियो जजमानी बाबुको र उ पनि घुकघुक गर्दै रोयो । हल पुन नारीन नपाउदै जजमानी बाबु एक पाटे गोरु झै भयो । मौनताको यो लामो अबधीमा मित्रताको एउटा अभावले समयको जुवामा नारिएर मनको जर्जर बाँफो फुटाउन सकेन । यै हुने भयो घिटघिटो अब जजमानी बाबुलाई ।

सुकमानकी स्वास्नीले जजमानी बाबुलाई हेरी र अफ बेहाल भई रुन लागी । तर उनको मुखबाट एक शब्द पनि निस्किएन । त्यस प्रताडित क्षणले भनौन जजमानी बाबुलाई अफ मर्माहत बनायो । उ आफैमा शक्तिमा शक्तिहिन भएको छ । त्यसैले उ मा अब सहानुभुती पोखाउने शब्दहरू पनि छैन । घामले थुम्के भञ्ज्याङ्ग चुम्दाताकासम्म त युवाहरूले लाशलाई कसकास पारिसकेको थियो । जजमानी बाबु चुपचाप गएर लाशलाई एकापटीको आफ्नो काँध दियो । त्यो देखेर सुकमानकी स्वास्नी डाँको छोडेर रोई । जजमानी बाबुले पनि आँशु रोक्न सकेन । उसको पनि आँशु झऱ्यो बरररर । राम नाम सत्य हो ! राम नाम सत्य हो !!

साँझपख मलामीहरू फर्किदासम्म पनि सुकमानकी स्वास्नीको रुवाईको हिक्काहरू मत्थर भएको थिएन । उनी पुन रुन थाली । मित्रताको अन्तिम पराकाष्ट हुन्छ ? यदी हुन्छ भने त्यो आफैमा विवादीत छ । समाप्ती, त्याग र समर्पणले यसको धारमा पाइन लाउछ भने सुकमानको मृत्यु उनीहरूको मित्रता विच आलोचित हुन सक्दैन । जो धेरैपल्ट हृदयले बोलेको छ र जजमानी बाबुले उसैको आँखामा पढेको थियो । केवल यति हो अब यो संसारमा सुकमान रहेन ।

सिकुवामा घोप्टो परेर रोईरहेकी सुकमानकी स्वास्नीलाई मानव करुणामयको दृष्टि प्रहारले पन्छिदै जजमानी बाबुले मात्र यति शब्द बोल्न सक्यो की बुहारी नरोउ अब, नरोउ । फिलहाललाई मात्र यति बोल्न सक्यो जजमानी बाबु ।

+++

# मञ्चन



नगरपालिका द्वारा निर्माण भएको ठूलो हावा घरमा सन्ध्याकाल पख एउटी युवती टहलिन आउथी सधै । उसले साथमा एउटा सानो कुकुरको छाउरा बोकेकी हुन्थी, छात्तिमै सटाएर । जवसम्म साईप्रसको भंगालोमा भएको किस्तीहरूको पाल निकाल्न थालिदैनथ्यो तवसम्म उ त्यतै र त्यसै टहली रहन्थी । उ घरीघरी कुकुरको छाउरोलाई म्वाई खान्थी र यसो भन्थी,- 'ओ बेबी !'

एकदिन उ हावाघर मुनीको फलैचामा आनन्द लिईरहेकी थिई । त्यैबेला कुकुरको छाउरो चुई चुई गर्दै चुईकिन थाल्यो । उसले सम्झी भोकायो होला सायद । अनि उसले प्लास्टिकको च्याप्टो क्यारीयरबाट पाउरोटीको एउटा टुक्रा निकालेर कुकुरको छाउरा तर्फ बढाउदै भनी,- 'कम कम !'

त्यैबेला तुफानको बेगमा एउटा अर्धपागल जस्तो देखिने युवक खै कताबाट हानिएर आयो र उसको हातमा भएको पाउरोटी थुत्त थुतेर कपाकप खायो । कुकुरको छाउरोसँगै उ पनि हेरेको हेरेकै भई । आकस्मिक भएको यो घट्नाले उ डराई । कुकुरको छाउरो पनि उफ्रिएर उसको काखमा पुगिहाल्यो र पुन चुईकिन थाल्यो । त्यो युवक उसको नजिक आयो र भन्यो,- 'म अझै भोकाएको छु । कुकुरको भाग काटेर तपाई फेरी मलाई अर्को एक टुक्रा दिन सक्नु हुन्छ ?'

'पाउरोटी त सकियो, यो बेलायती छाउरो हो यसलाई एक टुक्रा भए राती सम्मलाई मनग्गे हुन्छ ।'

युवकले भन्यो,- 'त्यसो भए अब यहाँ तपाईको केही काम रहेन । तपाई जान सक्नु हुन्छ ।'

युवतीले यताउती हेरी र भनी,- 'किस्तीहरूको पाल खोल्न लागेकै छैन ।'

त्यसपछि युवक चुपचाप अर्कोदिशातिर हान्नियो । भोलिपल्ट त्यो युवक पाउरोटी चपाउदै थियो । त्यो युवतीले उसलाई पाउरोटीको पिस एकएक गर्दै दिदै थिई ।

'म तपाईको नाम जान्न सक्छु ?' युवतीले अचानक सोधी ।

'हाकीताका !'

युवतीले चै भनी,- 'म मोरी !'

युवकले भन्यो,- 'मलाई क्योटो शहरको उपद्रे बच्चाहरूले पागल भन्दै ढुङ्गाले हान्छन् अनि लखेट्छन् पनि । सायद म पागलै जस्तो देखिन्छु होला हैन ?'

युवतीले भनी,- 'अलिअलि ।'

युवकले सोध्यो,- 'खोई त आज कुकुरको छाउरो ? ल्याउनु भएन त ?'

युवतीले भनी,- 'त्यो आज एउटा वेतायती छाउरीसँग भुलिएको छ ।' फेरी युवतीले भनी,- ' अं ! साँच्चै तपाई किन यस्तो हुनु भएको ?'

युवकले जवाफ दियो,- 'काँ भएको ! परिस्थितिले मलाई यस्तै बनायो त म के गरौ ?'

अचम्ममा परी युवती,- 'परिस्थिति ? कस्तो हो परिस्थिति ?'

युवकले भन्यो,- 'मोरी ! तपाई अञ्जान हुनुहुन्छ यस विषयमा । के भने नि म एउटा नाटक लेख्न चाहन्थे । काल्पनिक नाटक जुन नाटकले प्रेमवादलाई ईश्वरीय स्तरमा राखेको भान दिन्छ । म त चाहन्छु अझ त्यो भन्दा माथिको श्रेणीमा होस् । तर मेरो हृदयमा नाटकको रुपरेखा फुर्न सकेन । यो सोच्दासोच्दै मेरो यो हविगत भयो ।'

अब प्रायः दिनहु जसो हाकीताका र मोरीको भेट हुन थाल्यो हावा घरमा । मोरी हाकीताकालाई नुहाउन सफा रहन, चुरोट नपिउन र रक्सी नपिउन सल्लाह दिन्थी । तर किन किन हाकिताका मान्दैनथ्यो । उ भन्थ्यो,- 'हृदय सफा छ, शरिर त माटो न हो ।'

उ नुहाउन पर्‍यो भने फुजी माउन्टेनको चुचुरोमा थुप्रेको हिउहरू पग्ल्यो कि पग्लेको छैन त्यो हेर्थ्यो पहिला र पग्लदै छ भने डोलमा पानी तताउन थाल्थ्यो ।

समय बित्नुको क्रमसँगै हाकीताका र मोरी विच घनिष्ठ सम्बन्ध बन्न गयो । सम्मानिनय शब्द चरणबाट एक छलाङ्ग उनीहरू तल आईसकेका थिए, अपनत्वमा तिमी-तिमी भनेर । दुवैलाई थाहा थियो यो प्रेम होईन, मित्रता हो तर मित्रताले प्रेमरुपी फेर्छ फेर्दैन यो कुरो दुवैलाई यकिन हुन सकेन ।

एकरात भरी हाकीताकाको यादमा मोरी छटपटाई रही । जुन दिन साईप्रसमा भएको कस्तीहरूको पाल झरिसक्दा पनि हाकीताका हावाघरमा आई पुगेन । मोरी प्राकृतिक हिसावले नै अलि भावुक थिई तर देख्नुमा हाकीताका धेरै चञ्चले र हाउडे थियो ।

एकदिन मोरीले भनी,- 'हाकीताका ! बिकनीको फूलहरू मलाई मनपर्छ तर अंञ्जुलीमा उठाउनै सक्दिन ।'

हाकीताकाले मोरीको कुरालाई हावामा उडाउने मनसायले त्यै पारामा टाउको हल्लायो र भन्यो,- 'ए ! हो ? कठै अस्ति तिमी किन पो आइनौ मोरी ?'

'मेरो मनमा नाटक फुर्ला फुर्ला जस्तो भयो नि त !'

'फुऱ्यो त ?'

'फुरेन । यस्तै भईराखेको छ केही महिना अघिबाट मलाई ।'

एकदिन मोरीले आफैलाई शंका गरी, 'म प्रेममा डुबिसकेको छु ।' तर उसले हाकीताकालाई यो कुरा भनिन । भनेपनि उसले हाँसेर उडाई दिन्छ । बरु एउटा अपत्यारीलो प्रेमको अभिब्यक्ति दिनु राम्रो हुन्छ ।

एकदिन मोरीले भनी,- 'हाकीताका ! बितेको हप्ता भित्र तिम्रो नजरमा मन छुने कुनै कुरा पऱ्यो ?'

'पऱ्यो त, क्योटोको एउटा सानो उपद्रे केटो, जसले माछा पोखरीमा मुतेको थियो र पालेले उसको अभिभावकलाई एक हजार येन जरीमानाको पुर्जी काटी दिएको थियो । बितेको हप्ताभरी मलाई त्यै कुराले मोहित बनायो ।'

मोरीले आकासतिर हेरी र लामो खुई काडी ।

एकदिन हाकीताकाले खुशीहुदै भन्यो,- 'मोरी ! भोली नाटक हेर्नु पर्छ । मैले दुईवटा टिकट किनेको छु है !'

'कस्तो नाटक ? गीति नाटक की ?'

'नाटक के सम्बन्धी छ, त्यो म जान्दिन । मलाई सरोकार छैन त्यस कुरासँग । मात्र यति जान्दछु भोली सो हुने त्यो नाटक हो । नाटक भएकोले मात्रै टिकट खरिद गरेको हुँ ।'

नाटकहलको उज्यालो बत्ति अफ हुने साथ हल फेरी मधुरो गुलावी रोशनीमा डुब्यो । हाकीताका छटपटियो । उ कहिले आफु पछाडीको दर्शकलाई घुमेर हेर्थ्यो त कहिले मोरीको अनुहारमा हेरी रहन्थ्यो । मोरी भन्थी,- 'हाकीताका ! भलाद्मी भएर बस न !'

नाटकको समाप्ती पछि दुवै जना फूजी ई मैलको यात्रु विश्रामालयमा गएर बसे । नाटकको मार्मिक प्रस्तुति ले मोरीको हृदय छिया छिया भएको थियो र त्यसैको पीडामा उ सुकसुक गर्दै रोईरहेकी थिई । उसले प्रमुख पात्र हाकीताकालाई सम्झिई र नायीकामा आफैलाई उभ्याई । यो थियो मोरीको कल्पनाले सजाएको पात्रहरू ।

'के भयो मोरी ? किन तिमी लगातार रोईरहेछौ ?' रोईरहेकी मोरीलाई देखेर हाकीताकाले सोध्यो ।

'नाटक अति हृदयविदारक थियो, हाकीताका !'

'अः अः मलाई पनि त्यस्तै लाग्यो तर मैले तिमी जति बुझ्न सकिन । अ अ त्यो लडाईकोबेला घोडाका टापहरू ।'

अब मोरी एकदम चुर्लुम्म डुबी नाटकको भावसागरमा । उ भन्दै जादै थिई । हुन सक्छ उसको व्याख्याले पट्यार लागेर हाकीताका चै ट्रेनको लिकमा कसेको नटबोल्टुहरू गन्दै थियो । मोरी आफ्नै तालमा बर्बराई रही । बल्ल हाकीताका उसको नजिक आएर बस्यो अनि झोक्रायो । मोरीको रोदनिय प्रस्फुटीत त्यो फूजी ई मैलको यात्रु विश्रामलय भरी धिमा धिमा गुञ्जिन थाल्यो ।

क्यारीगुल्लाको तानाशाहीबाट प्रान्तलाई अनि मुलुकलाई नै मुक्त गर्नु छ । उसले युद्धमा जानै पर्ने भयो । प्रेमको अथाह मिलन विच युद्धको प्रार्दुभाव पहिलो आवश्यकता बनेर अगाडि आयो । उसलाई उसको मायालुले ओठमा एउटा विदाईको गतिलो म्वाई दिईन् । उसले पनि आफ्नो तरवार र ढाललाई पछाडी बाँध्यो र आफ्नी मायालुलाई ओठैमा चुम्यो र भन्यो,-'क्यारीगुल्लाको तानाशाही माँझ प्रजातन्त्र हुर्कन सक्दैन प्रिय ! त्यसैले यसको निराकरणको निम्ती मैले युद्धमा जानै पर्छ । तिमी मलाई पर्खिबसे म युद्ध जितेर आउछु । म मर्ने छैन । तिमी विश्वास साँधेर बस । म तिमीलाई मेरो मिठो उपस्थिति दिन जरुर आउने छु प्रिय ! जरुर आउने छु ।'

जब उ युद्धमा ढल्यो त्यसपश्चात उनको आत्मा ईश्वरको अगाडी विलौना गरिरहेको थियो । ईश्वर म माथि अझ दयावान हुनुहोस् । मैले मेरी प्रियालाई वचन दिएको थिए की म युद्ध जितेर उनलाई आफ्नो मिठो उपस्थिति दिने छु भनेर । तर अब यो त मेरो वसको कुरो भएन । हे पालनहार तपाईले मलाई मात्र एकपल्ट केवल एकैपल्ट शरिरमा बचाईदिनुहोस । म मेरी प्रियासँग अन्तिम विदाई गर्न पाउँ । त्यसपछि मलाई हजारौ मृत्यु पनि सहजै स्विकार हुने छ ।'

-हाकीताका ! तिमी आफै सम्झ । उनले आफ्नी प्रियालाई कुन हद सम्म प्रेम गरेको थियो जो एक पल्ट उनलाई शरिरमा पाउनुको निम्ती उसले हजारौ हजार मृत्यु स्विकार्न ईश्वरसामु कबुल गऱ्यो । सोच तिमी राम्रो सोच चक्षुलाई बन्द गरेर आत्माको चक्षुलाई खोल । तिमीले पहिला जे जस्तो देख्ने छौ त्यै तिम्रो प्यार हो प्रेम हो ।'

हाकीताकाले केहीबेर आँखा बन्द गरेर पुन खोल्यो ।

'के देख्यौ तिमीले ? भन भन न हाकीताका ? के देख्यौ तिमीले ?'

हाकीताका एकदमै भावुक भयो । उनको दुवै हातले मोरीको पाखुरा समायो र आफ्नो अनुहार विस्तारै मोरीको अनुहारतिर बढायो । जब अधरको सामिप्यता बढ्दै गयो तव मोरीले विस्तारै आँखा बन्द गर्न थाली । अचानक त्यैबेला हाकीताका जोडदले अट्टाहर छोडी हाँस्यो र भन्यो,- 'आईमाईहरू कति नाजुक हुन्छन् । हेर न तिमी त सिरीयस भई गयौ । म त अभिनय पो गर्दै थिए त, सिरीयस भएको । तिम्रो कुरा सुनेर सिरीयस भएको अभिनय ।'

'हाकीताका ! साच्चै तिमीले केही देखेनौ ?'

'देखे, देखे । किन नदेख्नु ! त्यै उपद्रे सानो केटालाई देखे, जसले पार्कको माछा पोखरीमा मुतेको बापत आफ्नो अभिभावकलाई एकहजार येन जरिमानामा पारेको थियो ।'

त्यसपछि हाकीताका र मोरीको भेट भएन । यस विचमा मोरी चार पाँच पल्ट हावाघरमा गई तर त्यहा हाकीताका फेरी फेरी देखिएन । एक पल्ट क्योटो शहरको दैनिकी पेपरमा एउटा अनौठो प्रकारको आत्मा हत्याको खबर प्रकाशित भयो । 'क्षेत्रिय स्तरको भुईफुट्टा नाटककार हाकीताकाले आत्माहत्या

गऱ्यो ।' आत्माहत्याको पुलिस विवरण यस्तो थियो,-'मृतकले आत्माहत्या गर्ने क्रममा एउटा जहरीलो कोब्रालाई पानीमा उसिनेर पुरै खायो । आदी ईत्यादी ।'

करिव ६ दशक पछीको कुरो थियो । एउटी बुढी महिला लौरीको साहारामा हावाघरको फलैचामा बसिरहेकी हुन्थी, संन्ध्याकालतिर । प्रेमको मधुर्यतामा संसार भुल्नेहरूको त्यहा निकै रमाईलो जमघट हुने गर्थ्यो ।

'आमा तपाईलाई म यहा सधै देख्छु !'

'तिमी यहा किन आउछौ आफ्नो केटो सँग ? जीवन प्रारम्भको पाईलाहरू कसरी चाल्ने भन्ने बारेमा सधै कुरा गरिरहन्छौ हैन ?'

युवतीले 'हो' भन्ने संकेतमा शिर हल्लाई । मोरीले थरथर काम्दै एउटा हात उठाई र मुसुमुसु हाँस्दै भनी,- 'फटाई केटी तिमी ! कुरा चोर्न कति सिपालु ।'

मोरीको नयनमा धमिलो बादल छायो । उसले करिव करिव रोएको स्वरमा भनी,- 'हो म यहा सधै आउछु र हाकीताकालाई सम्झिरहन्छु । त्यो बडो उदेकको मान्छे थियो, मुडी थियो अनि पागल जस्तै पनि, बडो अनौठो प्रकारको । माया नगरु भन्दा पनि गरु गरु लाग्ने । त्यो सँग मेरो कहिले मन मिलेन, प्रेम त भावना प्रेमरुपी भएकोले भयो । अब म जीवन मंञ्चनको अन्त्यतिर एउटा प्रस्तुति लिएर आएको छु र मलाई लाग्छ म त्यो पुरा गर्न सक्दिन । तिमीले मेरो एउटा काम गरिदिनुपर्छ । यो मेरो अस्तु हो ।' मोरीले झोलाबाट एउटा सानो बाकस निकालेर युवतीलाई दिदै भनी,- 'हुन त अस्तु भनेको आफ्नै नश्वरदेह हो खरानी हुनपर्ने तर यसमा यो छैन । यसमा मेरो वास्तविकताले फूलबुट्टा भरेर बुनेको सपनाहरूको खरानी छ । जो बैवाहिक जीवनको गर्भबाट बाहिर आउन नपाई कुमारीत्वको बेदीमा बली भयो । यस बाकसलाई लगेर तिमीले ह्वान ह्वाई नदिमा बगाई देउ । भन सक्छौ ? यति काम तिमी मेरो निम्ती गरि दिन्छौ ?'

युवतीले गहभरी आँशु पारेर बाकस लिन हात अगाडी बढाई । मोरीले आँशु चुहाउदै बाकस युवतीको हातमा थमाई दिई र सुकसुक गर्दै रोई । तर आज पीडाले रोएकी थिईन । एउटा मंञ्चनको जिम्मेवारीबाट उ सफल साथ अगाडी बढ्न सकेकी थिई । उसले मुन्टो घुमाएर पछाडी हेरी साईप्रसको भंगालोमा लामबद्ध राखिएको किस्तीहरूबाट नाविकहरूले धमाधम पाल खोल्दै थिए ।

मोरी थरथर काम्दै उठी र लौरीको साहरामा उभिई । अब उसलाई जीवनसँग कुनै गुनासो थिएन । थियो त केही तिक्तता अलिकती । जो हाकीताकाको अनुपस्थितिको कल्पनामा भने मुटु भित्र अलिकती चस्कन सक्छ । चसक्कै ।

✦✦✦

# नीतिधारण



महिला बन्दीगृहको लामो गल्लीमा छाएको निरबतालाई मानव पदचापको एक टड्कारो टक..टक..टकको आवाजले भत्काई दियो। केही परबाट पुलिस पोशाकमा एउटी हेर्दै कठोर देखिने महिलाले जोडसँग कराउदै 'कैदी नम्बर ५०१' भनी। एउटी आधवैशे महिला जो जंजीरको संसार भित्र पुरै बाधिएकी छे, विस्तारै जेलको ढोका निर आई र चुपचाप उभिरही। त्यो महिला जेलरले कठोर स्वरमा भनी,- 'तिमीलाई चाडै यहाबाट कालापानी लादैछ, आजीवनको निम्ती, तिम्रो केही भन्नु छ ?'

महिला कैदीले भनी,-'मेरी छोरी म बाट रुष्ट छे , त्यो पनि स्वभाविक हो। उ अञ्जान छे म प्रति र दुनियाले उसलाई यै कुरा भनेको छ कि म एक उग्रवादी दलकी आईमाई हुँ। उ मलाई भेट्नै चाहदिन र मलाई लाग्छ म मरेर गएता पनि उसले मलाई घृणा गर्न भने छाड्ने छैन। ए जेलर साहेवनी ! तपाई मेरो एउटा काम गरिदिनु हुन्छ ?'

'तेरीमा कुकुरनी ! म तेरी कमारी हुँ ?' जेलर साहेवनी च्याठिई ।

महिला कैदीले ब्लाउजको भित्री भागबाट केही रुपिया निकाल्दै भनी, 'हैन हैन मैले काँ त्यो भनकी हु र मैले त विन्ती पत्र पो चढाउन चाहेको हुँ ।'

यताउता हरेपछि त्यस महिला जेलरले रुपिया समाउदै भनी,- 'के काम ? छिटो भन् ।'

'यो मेरी छोरीको ठेगाना हो अनि यो एउटा डायरी । तपाईले यो डाएरी मेरी छोरीको हातमा पारिदिनु पऱ्यो ।'

महिला जेलरले रुपियाँ खल्तिमा हाल्दै भनी,- 'ल ल म प्रयास गर्नेछु ।' अनि फेरी सुनिएको मानव पदचापको टक टक आवाज मधुरो हुदै गयो र पुन : जेललाई फेरी त्यै निरवताले गाँज्यो ।

कुरुक्षेत्रमा कर्णको रथको पैया जमिनमा फस्दा जव कर्ण रथबाट उत्रेर पैया निकाल्न थाले त्यो बेला श्रीकृष्णले भने,- 'अर्जुन ! कर्ण यतिखेर रथको पैया निकाल्नमा ब्यस्त छ र उसको धनु र तर्कश पनि जमिनमा राखेको छ । मौका राम्रो छ । तिमी कर्णमाथी बाण प्रहार गर ।'

अर्जुनले नम्र स्वरमा भने,- 'हे कृष्ण ! यतिखेर कर्ण आफ्नो रथको पैया निकाल्नमा जुटेको छ र उ निशस्त्र पनि छ । उ यतिखेर आपदमा छ । युद्धको निम्ती उ अहिले धनु र वाणले सुसज्जीत छैन । उ असहाय छ अहिले । के म उसलाई यस्तो अबस्थामा बाण प्रहार गरु ? यो त युद्धको नियम विपरित भएन ?'

श्रीकृष्णले अर्जुनलाई सम्झाए,- 'हे नादान अर्जुन ! युद्ध र प्रेममा हर कुरो जायज हुन्छ ।'

आफ्नो ब्रामण पीताको कुरा सुनिसकेपछि ती १० वर्षे बालिका भगिरथीलाई कस्तो असर पऱ्यो कुन्नी उसले अति श्रद्धापूर्ण महाभारतको कितावलाई ढोगी अनि पीताको हातमा थमाई दिई । समयले एउटै चालमा आफूलाई बहाएतापनि समय आफ्नो कर्तब्यमा कहिले चुकेन । चुक्दैन पनि । आफु भन्दा तल्लो जातमा गएपछि भगिरथीको निम्ती माईतीघरको आगन र ढोका सधैको निम्ती विरानो भयो । 'ब्रामण संस्कार र धर्म नासी त्यस कुलटी अलच्छिनीले' भनेर पीताले त उ जिउदै हुदा उसको काज क्रिया अन्त्येष्टी पनि सकिदियो । अकस्मात लोग्नेको मृत्युको पीडाले भगिरथी पागल सरह भई । लोग्ने टोक्ने संज्ञा पोल्टो भरी कसेर उ धपिन पऱ्यो लोग्नेको घरबाट ।

आत्महत्याको मनस्थितिबाट उ त्यो बेला झस्किई, जव उसको गर्भ भित्र एउटा निर्दोष जीवन चट्पटायो । जो सांसारीक लीलाबाट बेखवर र अंञ्जान थियो । अनाथ आश्रमको संचालीकासँग कागजी सम्झौता गरेर भगिरथी अंन्धकारमा बिलाई । अनाथ आश्रमको गेट भित्रबाट एउटी सानी केटीले भनी, गेट बाहिर उभिएकी महिलालाई,- 'आन्टी ! तपाई मलाई धेरै माया गर्नु हुन्छ हैन ?'

'हो हो म तिमीलाई धेरै माया गर्छु । तिमी राम्री छौ । तिम्रो आमा छैन ?'

'खै कुन्नी ! मलाई त सानोमा यहा छोडेर गएकी रे । अब त मरिसकिन् होला ।'

त्यसपछि सानी केटी बाई अन्टी भन्दै विस्कुट लिएर दगुरी ।

जव गुडीया बाह्र वर्षकी भई एकजना मान्छेले उनलाई अनाथ आश्रमबाट निकाल्यो । त्यसपछि प्राय गुडीया र भगिरथीको भेट दिनहु जसो भयो । गुडीयाको बाल-मस्तिष्कमा किला समान चुमेको 'आमा' प्रतिको विषादीले भगिरथीलाई पल पल रुवाउथ्यो । उसले गुडीयालाई छोरी भनेर छात्तिमा टाँस्न र गालाभरी म्वाई खान कहिले पाईन । उ डराउथी की कतै गुडियाले थाह पाई भने यो सम्बन्ध टुक्रिएर

उ नितान्त एक्ली पर्नेछ । सरकारी अनाथ आश्रमको छत्रछायाँमा छोरीको भविष्य खाईलाग्दो नहुने देखेपछि भगिरथीले मन दह्रो बनाई र हर कुरा स्विकार्ने प्रण गरी । सिवाय 'म तिम्रो आमा हुँ गुडीया !'भन्नु बाहेक ।

अब उ के भईन यो शहरमा ? के के उपाधीले सजिईन उ । कलगर्ल क्याविन गर्ल, भिआईपी पार्शल, पोस्टर गर्ल, यस्तै अनेकानेक । गुडीया जति जति हुर्कदै जान्थी भगिरथीलाई त्यति चिन्ता पर्दै जान्थ्यो । चिन्ता गुडियाको भविष्य र आफ्नो ढल्कदै गएको वैशको । उसले ऐनामा आफूलाई राम्रो निहाले पछि चै केही ढुक्क भएर बर्बराउथी । अझै केही वर्ष त ...कसो !

अब उ वैशको मापदण्डलाई नजर अन्दाज गरेर जस्तै जोखिम वा अनजोखिम काममा उत्रनु पनि पछि परिन । मात्र उसलाई कागजी भगवान चाहिएको छ । पैसा पैसा । यस अबधी भित्र उसले के गरिन ? के भोगिन ? आँ गर्दा अलंकार बुझ्ने भई उ । मैलपोश सुरुवाल र खद्दर भित्रको घिनलाग्दो राजनीति उसले छर्लङ्ग बुझी । कानुन, प्रशासन, विधेयक भित्र राखिएको आदर्शहरू त्यो पनि जम्मै बुझी । धर्म संस्कार, वर्ग भित्रका कडीहरू सबै बुझी । त्यसैले एकरात उ मन खोलेर अट्टहास ओकल्दै जीवनमा पहिलो पटक सुब हाँसी । धेरैबेर हाँसी रही । उ रमको नशाले हल्का तौर मात्दा यसो भन्थी,- 'पैसा... पैसा ! मलाई पैसा चाहिन्छ ।'

कुनै कुनैबेला एउटा अज्ञात मान्छे उ कहाँ आउथ्यो । उसलाई भगिरथीले रुपियाँको विटा दिदै भन्थी,- 'पैसाको चिन्ता नगर्नुस । मेरी गुडीया कस्ती छे ? तपाईले त मेरो बारेमा साँचो कुरा भन्नु भएको छैन होला, त्यो नभन्नु होला । समयले नै उसलाई दिने छ मेरो पुरा परिचय ।'

एकदिन उसलाई फोन आयो । अनि फोनमा यो प्रकारको वार्ता भयो, 'एक महिनाको लागि हुन्छ ?'

'हुन्छ, हुन्छ तर म चार्ज चाही पुरा लिन्छु । हो नि किन हैन ? किनकी एक महिनासम्म म वेश्या रहने छैन र वेश्या भन्दा अलि माथील्लै स्तरमा हेरिन्छ रखैललाई । बुझ्नु भो ? अः अः पर्सीको उडान ? ठीकैछ भोली म साँझ एयरपोर्ट आईपुग्छु एकरात त्यतै होटलमा बसौला । फिलहाल एडभान्स २५ प्रतिशत ।

अचानक होटलमा राती पुलिसले छापा हान्यो । भगिरथीले केही बुझ्नै सकिन । भोलीपल्ट एउटी महिला पुलिसले यसो भनी,- 'तपाई उग्रवादी दलको सहयोगीको अभियोगमा पक्राउ पर्नु भएको छ ।'

'के उग्रवादी ? मलाई केही थाहा छैन ?'

'यो दुईटा सुटकेश तपाईको हो ?'

'एउटा मेरो हो र एउटा मेरो अ...अ ...अ.. !'

'कस्को हो भन्नुस ?'

'हर्नुस म एउटी पेशेवर आईमाई हुँ । त्यो धनढ्य मान्छेले मलाई एक महिनाको बुकिङ्गमा लिएको हो । यो एउटा शुटकेस उसकै हो ।'

'झुट उ कुनै धनाढ्य ब्यक्ति होईन । उ त उग्रवादी दलको एउटा हर्ताकर्ता मान्छे हो । जसलाई हाम्रो गुप्तचरहरूले ठेगान लगाई सकेको छ ।'

'दुवै शुटकेसमा ए.के.४७ को गोलीहरू छ । अनि कन्साईन्मेन्टको पनी । केही बमहरू र साईनाईटका पुरीयाहरू पनि । यो त देशद्रोही मुद्दामा दरिन्छ । मुत्युदण्ड वा आजीवन काराबास ।'

गुडीयाले डायरी पढी सिध्याई । त्यसको नयनबाट अविरल आँशु बग्यो । रोदनिय स्वरमा उसको मुखबाट यति शब्द मात्र निस्कियो 'मम्मी !'

डायरीको केही पाना खाली छोडीएको थियो र अर्को पानामा एउटा पत्र छोटो लेखिएको थियो ।

प्यारो छोरी ! गुडीया ।

अभागी मम्मीको आशिर्वाद तिमीलाई ।

मेरो बारेमा अब तिमीलाई सायदै अरु परिचय दिईरहन नपर्ला । कालापानीको बासलाई अंगाल्नु भन्दा पहिला तिमीलाई एक पल्ट आँखा भरी हेर्न पाए हुन्थ्यो भन्ने लागेको छ । त्यसपछि मेरो जीवनको कुनै आकांक्षा बाकी रहने छैन । यो ठेगानामा आउनु ल !

कालापानी चलान हुन आधा घण्टा जतिमात्र बाँकी थियो । भगिरथीको वेहाल आतुर नयनले सक्दो जेलको अट्टालिका भत्काएर बाहिरको संसार हेर्न चाहन्थ्यो, 'कतै गुडीया हतारिएर आउदै छीन् की !' कैदी वाहन आईपुगेर जेलको प्राङगणमा रोकियो तर गुडीया आईपुगीन । कमाण्डरले छिटो छिटो भन्दै बेतको छडीले आफ्नो पेन्टमा हान्दैथियो, स्वाट्ट...स्वाट्ट । थकित भगिरथी बिस्तारै अगाडी आई अनि उभिई महिला जेलरको अगाडी र भनी,- 'आज म सँग पैसा छैन तर तपाईले मेरो एउटा काम गरिदिनु पऱ्यो, त्यो ईश्वरको निम्ती हुनेछ ।'

महिला जेलरले अलि कडा स्वरमा भनी,-'काम काम । भन छिटो समय कम्ति छ ।'

भगिरथीले दवेको रोदनिय स्वरमा भनी,- 'मेरी छोरी गुडीया यहा अबश्य आउछे उनी पक्कै आउछे, मेरो आत्माले यै भन्छ । उ आए पछि तपाईले भनिदिनु की उसकी आमा मैले बचाउनलाई बाँच्न थियो अनि दुनियासँग संघर्ष गरे लडे तर सम्मानित अपमानित मैले वास्ता गरिन । यो जीवन र प्रेमको लडाई थियो यसमा मैले अस्तित्वको लेखाजोखा गरिन, उसलाई भनिदिनु मैले जीवनको महाभारत लडेता पनि महाभारतको नीतिलाई अख्तियार गरीन किनकी त्यहा आवरण जस्तो लाग्यो मलाई । किनभने युद्ध महाभारतको थियो तर नीति थियो श्रीकृष्णको । साँच्चै जेलर साहेवनी प्रेम र युद्धमा हरकुरो जायज हुन्छ । उसलाई यै भनी दिनु । मेरी छोरी गुडीयालाई ।'

'ल ल म भनिदिउला, आईछ भने । अब तिमी गाडीमा गएर बस चाँडै ।' जेलरनीले भनी ।

भगिरथी गाडीमा गएर बसेको एकछिन पछि गाडी चल्यो । र गाडीको रफ्तारले विस्तारै गती समायो । क्रमश : जेल पछाडी छाडिदै गयो पलपल । भगिरथीको भोकालु नयनले गाडीको झ्यालबाट सडकतिर के के खोजिरहेथ्यो । कतै गुडिया दौडदै पो आउदै छे की । तर सडक खाली खाली र शुन्य थियो । कतै कुनै मनव आकृति देखिएन, देखा परेन । सडकको अबस्था उस्तै छ । खाली खाली शुन्य शुन्य । भगिरथीको आशाहिन नयन जस्तो निराश निराश ।

# नासाका सपनाहरू



लेसरको गतीमा प्रकाश वर्षको चाप नपुगे पछि रिचार्ड फल्किनरको प्राक्टीकल रुमको कन्ट्रोल कक्षमा जडान गरेका रातो बत्तिहरू झपक्-झपक् गर्दै बल्यो। उनले आपतकालीन सुचक बेल थिच्ने साथ हतासिदै मसिनो लोहा मानव रोबर्टहरू दौडेर आयो र उनको अगाडी उभियो। ठूलो टेवुलमा अलपत्रै छरिएको प्रिटेन बोर्डहरूलाई एउटा रोवर्टले ओल्टाई पल्टाई हेऱ्यो र जस्तो अबस्थामा थियो त्यसै छोडिदियो। सोल्डिङ्ग आईरनबाट तप्तप् झरेको शिशाका पग्लदो थोपाहरू मोजक माथि पर्ना साथ कक्रक्क परेर जम्थ्यो।

रातो बत्तिहरू अझै अफ भएको थिएन र साईरनको आवाज पनि रोकिएको थिएन। उसले आईसोलेटर घुमायो र साईरन र रातो बत्तिहरूलाई अफ गऱ्यो। तर समस्या पूर्णरुपले निदान भएको थिएन। उसले मोजाकमाथी ढिकामा परिणत भएको शिशाको टुक्राहरूलाई हातमा लियो त्यो तातै थियो राम्रो सेलाएको थिएन। उसले अनुमान लगायो पक्कै तीनसय भन्दा माथि नै हुनुपर्छ तापक्रमको सेल्सियस। अनि उ रोवर्टहरू तिर फर्कियो। रोवर्टहरू आफ्नो धुनमा यताउती हिडीरहेथ्यो। उसले कराएर भन्यो,- 'ए !' त्यसपछि अर्को रोवर्ट करायो,- 'वी !'। त्यसपछि मौनता छायो। अरु रोवर्टहरूले क्रमश 'सि', 'डी' आदी ईत्यादी भनेन। अब भने रिचार्ड फल्कोनरको खोपडी घुम्यो। उसले एउटा रोवर्टलाई समाएर उर्जाहीन बनायो र त्यसको पिठ्यु पछाडीको कभरलाई खोल्यो। त्यो भित्र जतिवटा

प्रिटेनवोर्डहरू थियो एक-एकलाई चेक गऱ्यो सर्किट बुक हेर्दै अनि उनले लामो स्वास छोड्यो र पाईप सल्कायो । एकछिन बाहिर निस्केर टहलियो ।

परको समुन्द्रीतटमा एउटा साईनवोर्ड राखेको थियो । साईनबोर्डमा यस्तो लेखिएको थियो,- 'सावधान ! सार्क आतंक ।' उसलाई पनि थाहा थियो की साईनबोर्डमा सावधान सार्क आतंक लेखिएको छ भनेर । तर पनि उ त्यहा पुग्यो र साईनबोर्ड पढ्यो, 'सावधान सार्क आतंक ।' केही बेर पछि उ भित्र आयो । उसलाई देखेर रोवर्टहरू एक अर्काको अनुहार हेर्न थाले । रिचार्ड फल्कोनरले सर्किटको बुकलाई उठायो र आफ्नै टाउकोमा हान्यो । रोवर्टहरूले ताली बजाए । एउटा रोवर्ट त्यैबेला उनको सामुन्ने उभियो र जोडले करायो, 'सी !' ।

रिचार्ड फल्कोनरलाई रोवर्ट देखि उठ्नै सम्मको रिस उठ्यो र एकलात दियो, रोवर्टलाई । तर रोवर्ट ढलेन र पुन करायो 'सी !' त्यसपछि रिचार्ड फल्कोनरले त्यसलाई पनि निष्कृय पारिदियो । अन्य रोवर्टहरू सामान्य थिए । त्यो रोवर्ट निस्कृय भएर ढल्यो र टुक्राटुक्रा भयो । रिचार्ड फल्कोनर यसरी फत्फताउदै थियो,-'साले हरामी यतिबेला पो भन्छ है 'सी' भनेर । के पुगेको थिएन र प्रिटेन बोर्डमा ? सबै एलिमिटरले जाँची जाँची नै लगाएको हुँ त !'

त्यसपछि उसले बाँकी रोवर्टहरूलाई हेऱ्यो । रोवर्टहरू एक आपसमा कुरा गरिरहेको थियो । एउटा रोवर्टले यसो भन्दैथियो,- 'हिजो म बाल्कोनीमा हावा खाईरहेको थिए त्यैबेला पल्लो पट्टी फ्लायटको एउटी सानी बच्ची म निर आई उसले हातमा काठको एउटा सानो घोडा बोकेकी थिई । अनि त्यो देखाउदै उसले मलाई भनी,- 'हेर्नुस् त मेरो काठको सानो घोडा । कति राम्रो छ हगी ?'

मैले बच्चीको हातबाट घोडा लिएर उल्टाई पल्टाई हेर्दै थिए तर अचानक मेरो हात बाट घोडा झऱ्यो र बाल्कोनीमा बजारियो । अनि घोडाको पछाडीको खुट्टा भाँचियो ।

अर्को रोवर्टले सोध्यो,- 'अनि के भयो ? बच्ची रोईन ?'

अर्कोले भन्यो,- 'रोईन तर उसले मलाई घोडा पहिलेको जस्तै बनाई दिने सर्तमा छोडी दिई । तर अहिले सम्म मैले त्यो घोडाको खुट्टालाई जोड्न सकेको छैन ।'

रोवर्टहरूको कुरा सुनेर रिचार्ड फल्कोनर मुर्मुरीयो र भन्यो,- 'तिमीहरूलाई कसले मानव समाजमा घुलमिल गर्ने अधिकार दियो ? के प्राकृतिक र भौतिकवादको गठबन्धनबाट आएको कुराहरूको आयु दिर्घायु हुन्छ ? प्राकृतिक र भौतिकको समन्वयता छ ? तिमीहरूको संरचना प्राकृतिकसँग मिल्छ ?' अनि उसले फेरी आईसोलेटर घुमायो र भन्यो,- 'ल हेर रातो बत्तिको चमक अनि सुन साईरनको आवाज ।'

रातो बत्तिको चमकलाई हेरेपछि रोवर्टहरूले साईरनको आवाजलाई पनि ध्यान दिएर सुने अनि सबैले अनुहार बिगारे । एउटा रोवर्टले हातको ईशाराबाट रिचार्ड फल्कोनरलाई भन्यो,- 'त्यो बत्तिहरू र साईरन अफ गर ।'

त्यो अघि निस्कृय भएर ढलेको रोवर्ट अलि-अलि काम्दै थियो । विद्युतिय कम्पनको एउटा झट्काले त्यो निस्कृय रोवर्ट माथि मात्रै त्यति असर पार्न सकेको थियो । रिचार्ड फल्कोनरले सर्किट बुक पल्टायो र निकै गम्भिर भयो । उसले तयार पारेको विद्युतीय सर्किट बोर्डमा एक सेकेण्ड बराबर लगभग आठ किलोमिटर विद्युत प्रवाह हुनपर्ने हो तर त्यसो भएको थिएन । किन भएको थिएन ? नहुनुको कारण के थियो ? यो समस्याको निदान नभए पछि उसको टाउको घुमेको थियो । रिचार्ड फल्कोनरले एउटा कलम टिप्यो र कागजमा यस्तो लेख्यो,- 'भाईरस भर्सिज भाईरस ।'

रोवर्ट उनको छेवैमा आयो र त्यो हेऱ्यो, पढ्यो अनि रिसले टेवुलमा मुक्का ठोक्दै परतिर कुनामा गएर बस्यो । रिचार्ड फल्कोनरले मनमनै भन्यो,- 'बल्ल चाख्यो ।'

अचानक रातो बत्तिहरू र साईरन आफै अफ भयो । अब एउटा मुर्दाशान्ति छायो, रिचार्ड फल्कोनरको प्राक्टीकल रुम भित्र । तर यो अकस्मात आएको मुर्दा शान्तिले कसैलाई तर्साउन सकेन ।

आखिरी के भएर यस्तो हुदैछ त ? विद्युतीय क्षमताको हाराहारीमै त उसले ट्रान्सफर्मरलाई करिव चार हजार फन्को मारी दिएको थियो, क्वायलले । खै केमा खर्च भयो लेसर ?

'लेसर प्रवाह ?'

सहायक रोवर्टहरूबाट कुनै उर्जा नमिल्ने लक्षण देखेपछि रिचार्ड फल्कोनर क्रोधले अति नै काम्यो । उसले निस्कृय लडेको रोवर्टमाथि एक लात बजाउदै भन्यो,- 'तिमीहरू पनि यस्तै हो । यै जस्तो छौ । कोही काम लाग्दैनौ ।' अनि उसले पाईप सल्कायो र धुवाको मुस्लो निल्यो अनि फेरी मज्जाले उकाल्यो । चश्मा उताऱ्यो आँखाबाट र टोपीले मुख छोप्यो अनि भन्यो,- 'भाईरस भर्सिज भाईरस ।' त्यसपछि मुसुमुसु हाँस्यो । कुनामा थुप्रिएर बसेका रोवर्टहरू कराए,- 'चल्यो चल्यो निकै जोडले चल्यो ।'

रिचार्ड फल्कोनरले रोवर्टहरू तिर अनुहार घुमायो । एउटा रोवर्टले त्यो निस्कृय ढलेको रोवर्टतिर औंलाले संकेत गरेर फेरी भन्यो,- 'चल्यो ।'

रिचार्ड फल्कोनरले त्यो निस्कृय ढलेको रोवर्टको बडी भित्रबाट आएको आवाज सुन्यो र कम्पन महशुस गऱ्यो । अब भने उ निकै बेर घोत्लियो र बडी भित्रबाट एउटा ठूलो प्रिटेनवोर्डको टुक्रा उठाएर हातमा लियो र राम्रो सँग हेऱ्यो । अब उ छक्क पऱ्यो र अचानक भन्यो,- 'oh my god !'

रेजीस्टेन ? केवल एउटा रेजीस्टेन ? अनि यत्रो डिफेक्ट ? उसले आफ्नो सबै ध्यान रेजीस्टेनमा लगायो । त्यसो गर्दा उसको निधार खुम्चियो । अब उ फुसफुस गुनगुनाउन थाल्यो । लाग्छ उसले संसारको सबै रहस्य बुझ्यो । बाकी केही रहेन बुझ्न अब । माटो ढुङ्गा, पहाड, पर्वत, खोला-नाला अनि एउटा अकाट्य बडेमाको रहस्यमय ब्रमाण्ड । तर अब यो पनि उसको लागि रहस्यको विषय रहेन ।

सौर्यमण्डलमा उ विचरण गर्न थाल्यो । पृथ्वीको गुरुत्वाकर्षण शक्ति देखि पनि उ डराएन । उसले आफूलाई पृथ्वीको त्यै ऐङ्गलमा ढल्कायो र पृथ्वीको बर्जित कोणलाई आफूसँग दाँज्यो । अन्य ग्रहहरूसँग त्यै दुरीमा यथावत बस्यो र जिरोको ठूलो घनत्वमा आफूले टेक्ने ठाउँ खोज्यो ।

'खोज !' अनि उ विस्तारै बोल्यो फेरी,- 'खोज ।'

कुनामा थुप्रिएका रोवर्टहरू क्रोधले दाह्रा किट्दै थिए कट कट कट । तर एउटा महा-शुन्यता भित्र्याउने रातो बटनको एकदम नजिकमा कुनै मानवरुपी हातको औला देखेर तिनीहरू डराईरहेका थिए । किनकी तिनीहरू ब्याट्री द्धारा संचालित रोवर्टहरू थिए ।

रिचार्ड फल्कोनरले भन्यो,- 'फिनिस !' तर उसैलाई थाहा थिएन की ति रोवर्टहरू अब उ माथि आत्मघाती हमला गर्ने मनस्थितिमा आईसकेको थियो । यस्तो भान पर्छ की अब 'डु एण्ड डाई' । रोवर्टहरूले पनि आफूलाई पूर्व तयारीमा राखे । रिचार्ड फल्कोनर यस कुराबाट पुरै अनभिज्ञ थियो । फेरी उसको दिमाग घुम्यो । उनले अझ नजिकैबाट त्यो सानो रेजीस्टेनलाई घोत्लिएर हेऱ्यो,- 'अहो ! कस्तो वित्याँस छ्या ।'

अनि एकाग्र उसको स्वर विस्तारै सुनियो । रोवर्टहरू पनि छक्कै परेर सुनिरहे ।

रातो भोल्यूम - ३५०.००

पहेलो भोल्यूम - २५०.००
सेतो भोल्यूम - ३००.००
कालो भोल्यूम - ४००.००

अहो ! १३००.०० मेगावाट भोल्यूम जम्मा । तर कसरी विद्युतीय प्रवाहमा कमी आयो ? यसले त ट्रान्सफर्मरलाई पुरै उर्जा मिल्नु पर्ने त ? रिचार्ड फल्कोनरले अझ गहिरीएर बुझ्यो अहो सर्किटमा विद्युतीय मार्ग बक्र मार्गमा परेछ । जसले ट्रान्सफर्मरसम्म पुग्नलाई चाहिदो मात्राको गती लिन सकेन अनि उसले प्रिटेनवोर्डमा जडित सबै समानहरूको परिक्षण, निरिक्षण दुवै गऱ्यो । ग्याडलाई वल्लो छेउबाट घुमाएर पल्लो छेउ सम्म पुऱ्यायो । तर अह कुनै किलोहर्जमा विद्युतीय प्रवाहले काम गर्न सकेन । उनलाई सनक चढ्यो । उनले निस्कृय ढलेको रोवर्टलाई हरेक पल्ट लात्तीले हान्दै करायो,- 'विद्युतीय प्रवाह त टुट्यो टुट्यो, भत्कियो-भत्कियो तर रेडियोधर्मी प्रशारण के भयो ? हावासँग किन यो समिप्यतामा छैन ? यसको गठबन्धनले किन काम गरेको छैन ? ट्रान्जिस्टरको a b c तीनवटै पोलले काम दिदैन । ल अरुपनि त्यस्तै निस्कृय ? डायोडले काम गरेन ? आई एफ टी ले ध्वनीलाई नियन्त्रणमा पारेन, पेपर कन्डेन्सरले लेसरलाई थमौती किन गर्दैन ? आई सी को फंड्सनमा विकार देखिन्छ । स्पिकरको कार्वन पेपरले ईको किन राम्रोसँग फाल्दैन ?'

त्यसपछि उ क्वाँ क्वा रोयो । उसको रुवाईको धोत्रो आवाजसँग एउटा सानो बच्चीको रुवाईको स्वर मिसियो । जुन स्वर ढोका बाहिर छेवैबाट आईरहेको थियो । रिचार्ड फल्कोनर आफ्नो यतिका लामो थेसिसले फेल खाएको क्रोध र दुःखले रोएको थियो भने कुनामा थुप्रेका रोवर्टहरू लेसर विकारका कारण पग्लन्दै गलेको देखेर त्यो सानो बच्ची रोएकी थिई । जो आफ्नो काठको सानो घोडाको टुटेको पछाडीको खुट्टा छिटो जोडिदेउ भन्न त्यो रोवर्टलाई भेट्न आएकी थिई । रोवर्टहरू क्रमशः पग्लिदै कोठा भरी यत्रतत्र बहन थाले । त्यो देखेर अझ जोडले चिच्यायो, करायो , रोयो रिचार्ड फल्कोनर । उसले आफूलाई काबुमा राख्न सकेन र भुईमा खुट्टा बजार्दै जोड जोडले करायो,- 'नो ! नो !! नो !!!'

सधै भरीको हल्ला कोलाहल कति सहने यो पागल वैज्ञानिकको ? भनेर पल्लो पटीको रिटायर्ड मेजरले सटगन बोकेर आयो । आज त उडाई दिन पऱ्यो यसलाई भनेर तर उ टक्क अडिनु पऱ्यो लम्किएको पाईतालाहरूलाई काबुमा राखेर किनकी रिचार्ड फक्लोनरको फ्ल्याटबाट एउटा मान्छे बाहिर निस्कदै थियो र उसले पनि सटगननै बोकेको थियो ।

'ए महाशय ! तपाई कहाँ बाट आउदै हुनुहुन्छ ?'

उसले टोपी झिक्यो र बडो आदरकासाथ अलिकती झुकेर भन्यो,- 'पहिले भन्नुहोस महाशय ! तपाई कहाँ जादैहुनुहुन्छ ?'

रिटायर्ड मेजरले भन्यो,- 'आज त्यो पागल बैज्ञानिकलाई उडाई दिउ भनेर म त्यतैतिर लाग्दैछु ।'

अर्कोले भन्यो,- 'म पनि त्यै सोचेर आएको थिए तर भो पर्दैन हिड्नुस् फर्कौ ।'

'किन र ?'- रिटायर्ड मेजरले सोध्यो ।

अर्कोले भन्यो,- 'त्यो त अस्तिको हप्ता मात्र नासाबाट अबकाश पाएको बैज्ञानिक रहेछ ।'

रिटायर्ड मेजरले छक्क पर्दै भन्यो,- 'ए ! हो र ?'

त्यसपछि दुवैजना त्यहाबाट फर्किए तर अझैपनि तिनीहरूको कानमा रिचार्ड फक्लोनर कराएको आवाज ठोक्किईनै रहेथ्यो,- नो ! नो !! नो !!! ✦✦✦

४७ **युद्ध समाधि**

# युद्ध समाधी



एउटा बडेमाको थ्रिटन गाडी जाँडसुडको कच्चीबाटोबाट धुलो उडाउदै आईरहेको थियो । धुलाम्मे वातावरणमा घरीघरी धमिलो देखिन्थ्यो । एक थोपा वर्षातको लालसामा नियास्रो मरणासन्न सकि-नसकी धर्तीमा उभिएका पत्राँसका टिठ लाग्दा रुखहरू । तर एउटा ठूलो हर्षोल्लासको सामुहिक स्वर जो थ्रिटन गाडीको भित्रबाट आईरहेथ्यो, त्यो भने स्पष्ट सुनिन्थ्यो । ती आर्मीका जवानहरूले गाएको त्यो गीत एउटा स्वतन्त्रताको गीत थियो । जो उनीहरूले एउटा ठूलो आतंकवादी दस्ताको वेसक्याम्पलाई नेस्तानाबुद गरेर फर्किदा गर्वले सामुहिक स्वरमा गाएका थिए,-

अब हामीहरू खुल्ला हावामा घुम्न सक्छौ ।

र पक्कै भयमुक्त,

हाम्रा नानीहरू स्कूल जान सक्छन् ।

बाबरीका मसिना फूलहरू आईमाईहरूको चुल्ठोमा खुल्न सक्छन ।

बादलहरू चिरेर घाम,

बलेसी र धुरीहरूमा झुल्कन सक्छन् ।

सबै विजयको हर्षोल्लासमा झुमेका थिए तर एउटा जवान (वीर) कुनै एक कुण्ठा पालेर झोक्रिरहेको थियो गाडी भित्र । उसले यसरी पाल्यो कुण्ठा आफूभित्र, 'अझै पनि लुईले बाबुको बारेमा भनेकी छैनन् वीरलाई ।' लुई वीरको आमा हुन् तर वीरले उनलाई आमा भनेर बोलाउदैन, लुई भनेर नै सम्बोधन गर्छ । तर उसले हजुर-आमालाई चै आमा भन्छ । आर्मी जवानहरूले बेलाबखतमा वीरलाई खिज्याउछन् 'तेरो नाम भिन्नै' भनेर । हुनपनि हो, अन्यको झै उसको नाम छैन । वानशू, पाकतान, चेनसाई, क्वानतिक, मिम्हान, फूक्शान आदी ईत्यादी । त्यसमा उनको नाम पृथक छ 'वीर' ।

साँझको झिसमिसमा थ्रिटन गाडीले बोर्डर काटेर रिफूजी क्याम्पमा आई पुग्यो । आर्मीहरूले उबारेर ल्याएको पाउरोटीहरू बाँडीयो रिफूजी क्याम्पको बच्चाहरूलाई । कसैले पाउरोटी धेरै पाउने मनशाय लिएर आर्मीहरूलाई भन्थे, - 'मेरा छोरीहरू भोकै छन् ।'

कसैले बर्षादी (रेनकोट) को ठुलाठुला चार दुले बटम (टाँक) सँग गतिलो कुखुराको भाले साट्थे र टाँकलाई धागाले उनेर माला लाउथे अनि कुनै पुरुषलाई भेटेकी यसरी सोधिहाल्थे,- 'मलाई सुहाएको छ यो मालाले ?'

कसैले भन्थे,- 'अं सुहाएको छ ।'

कसैले भन्थे,- 'धेरै नबोल् वाईफाले आईमाई ।'

आफूलाई हर्पाने सैनिकहरूलाई क्याम्पका युवतीहरूले यसरी गाली गर्थे,- 'रण्डा ! फेरी त आउलास्नी ? हाम्रो सरकारले बाडेको रक्सी खाएर मातिएको गधा ।'

साबिक झै क्याम्पको कमाण्डरले रोलकल गर्दा एकजना गयल थियो 'वीर' । भोली पल्ट विहानै कमाण्डरको आदेशमा क्याम्पको वरीपरी तीनपल्ट फन्टुल हान्दा वीरले तोरीको फूल देख्यो । उसले अघिल्लो रात पुरै समय भट्टीमा विताएको थियो । अर्को पल्टन बदलीमा आईपुगे पछि अघिल्लो पल्टनकाहरूले एक हप्ताको आराम वीदा पाए । सुर्यको भोरले कासतानको धुरीहरूलाई चुम्बन गर्न थाल्दा वीर घरको आगनमा थियो । उ दगुरेर गयो र हजुरआमालाई ग्वाम्म छाँद हाल्यो र भन्यो,- 'आमा ! हामीले जित्यौ ।'

हजुरआमाले खोक्दै भनी,- 'के गर्छ यो ? पहिला तेरो हतियारहरू बिसा'न । मलाई दुखायो ।'

छेवैमा उभिएकी लुईले भावावेशमा भनी,- 'वीर ! आईपुग्यौ छोरा ?'

'अं.. आईपुगे । अब मलाई छिटो खानेकुरा बनाईदेउ ।'

नजरभरी मातृत्वको भोको नयनले लुई हेर्न चाहन्छीन् वीरलाई तर वीरको रुखो यो व्यवहारले लुई केही खिन्न हुन्छिन् । तर विछिप्त भने हुदिनन् किनभने अब उनी पत्थर समान भई सकेकी छिन् तर पनि सृष्टीको महानतालाई मनन गरेर गुथेर हेर्ने हो भने अक्करको छात्ति फुटाएर फूलहरू कहाँ फक्रेका छैनन र ? छोरा प्रतिको उनको माया आज त्यस्तै भएको छ । फरक यति हो उनले वीरलाई भन्न सकेकी छैनन् । राती लुईले भनीन्,- 'शरिर गलेको होला हैन ? बोलमा पानी तताउँ म सेकी दिन्छु ।'

'पानी तताउनु पर्दैन, राईफलको तेल छ आफै मालिस गर्छु ।'

लुईले चुपचाप अगाडी आएर भनीन्,- 'खै मै गरी दिन्छु ।'

वीरले अलि झर्केर भन्यो,- 'आमा ! हेर्नुस त लुईले जबरजस्ती गर्दैछिन् ।'

पल्लो कोठाबाट 'ऐ लुई ! त्यसलाई नचलान ।' भन्ने स्वर आयो । रातभरी लुईलाई निन्द्रा परेन । करीव सात महिनापछि छोरा छाउनीको क्याम्पबाट फर्केको त्यो पनि उनीसँग खै किन हो राम्रो सँग बोल्दैन । कतापटी ग'को यो ? बाबु त यस्तो थिएन । उ त बडो फर्साईलो मान्छे थियो । लुईलाई निन्द्रा नपरेको कारण उठीन् र सानो तानपुरा टिपी परको बुढो पत्राँसको फेदनिर बनेको चप्लेटीमा गएर बसीन् र साउतीन नदीको पानीलाई हेर्दै तानपुरा बजाउदै सुसेली अनि धिमाधिमा स्वरले गीत गाईन्,-

ए साउतीनको ब्यथा,
मलाई तिम्रो चिसो हातहरूले छोऊ
निधारमा, छात्तिमा
अनि शरिरको भाग-भागहरूमा...।

अचानक लुईले टक्क गीत रोकीन् । हातमा एउटा धुसा लिएर वीर छेवैमा उभिएको थियो ।

'लुई ! यसरी पाप पखालिन्छ र ? यसो गर्दैमा तिमी पाप मुक्त हुन्छेउ ? लौ यो धुसा ओढ, अनि घरतिर हिड । अब केही छिन पछि शित पर्छ । आमाले मलाई पठाउनु भा'को ।'- वीरले भन्यो र आफ्नै हातले लुईलाई धुसा ओढाई दियो अनि अंगालोमा कस्यो र भन्यो,- 'लुई !'

छोराको पुत्र कर्तब्यपरायणताको प्रथम मिठो आभाषले लुई धुरु धुरु रोईन् । उनले तानपुरा एक छेवमा राखेर भनीन्,- 'छोरा ! मलाई अझजोडसँग समाउ ताकी अब देखि मैले साउतीन नदीलाई आफ्नो ब्यथितभूत गीतहरू सुनाउन नपरोस् । जो म तिम्रो कठोरतामा बिरहले गाउछु अनि आफूलाई साउतीन नदी भन्दा फरकको सम्झिदिन ।'

लुई धेरैवेर छोराको अंगालोमा रोईरहिन् । वीरले उनलाई निक्कै वेरसम्म स्नेहले सुमसुमाई रह्यो । लुईले भनीन्,- 'मलाई आमा भनेर भन्दैनौ ?'

वीर चुपचाप भयो । जुनेली रातको धमिलो उज्यालोमा वीरले आमाको मुहारतिर हेऱ्यो लुईले भनीन्,- 'छोरा ! युद्ध तिमीले होईन मैले जिते, आज जिते , युद्ध जिते ।'

लालटीनको मधुरो उज्यालोमा सबै कुराको वस्तुस्थिति मधुरो नै लाग्छ । हृदयमा ठूलो उद्वेग सम्हालेर बस्न सक्नु भिन्नै कुरा हो तर मुखारविन्दमा यो प्रतिविम्वीत हुने भएकोले यसको शिकार त हुन्छ नै जो कोही पनि ।

वीर एउटा सपडी (कपडाले बनाएको फोल्डिङ्ग खाट) मा पल्टिएको छ । उसकै नजिकमा लुई घोरिएर बसेकी छिन् । लाग्छ यो मौनता आँधी आउनु अघिको चकमन्नता हो ।

बोर्डरको ईलाकामा आतंकवादीहरू र भारतिय गोर्खाली पल्टनको भिडन्त शुरु भयो । एक विहानै कासतानलाई कालो कालो धुवाहरूले आफ्नो साम्राज्यमा लियो । दुधे बालकहरू संगीनमा उनिए, बृद्धहरू गोलीले भुटिए, चौतर्फी त्राहिमाम मच्चियो । कासतानको बनपाखा बारुदको धमकाले थर्किदा साउतीन नदीमा रक्तभेल बग्दा लुईको मन साह्रै कुडियो । आफ्नो बाबु र भाई मारिए । एउटी बहिनीलाई आतंकवादीहरूले लगेर गएको अहिले सम्म पत्तो छैन ।

युद्ध चलेको पाँचौ दिन एउटा भारतिय गोर्खा सैनिक प्यारा अबतरण हुन अबागै गोली लागेर घाईते भयो । विहानीको त्यो झिसमिस उज्यालो भित्र साउतीनको किनारमा उ लड्यो र वेहोस भयो । जव उसको आँखा खुल्यो उ एउटा सानो झुप्रो घरमा थियो ।

युवतीले भनी,- 'मेरो नाम लुई हो । अनि तिम्रो चै सुकवीर हैन ?'

'कसरी चाल पायौ तिमीले ?'

'तिम्रो बिल्लामा थियो नी त्यै हेरेर ।'

त्यै रात लुईले अस्थाई शिवीरको डाक्टर ल्याईवरी सुकवीरको उपचार गराई ।

'म जान्छु, मलाई बोर्डर कटाई दिन सक्छौ ?'

'बोर्डर काटेर कता जान्छौ ?'

'त्यसपछि हाम्रो अस्थाई क्याम्प आउछ ।'

'अब आउदैन त्यो अस्थाई क्याम्प, त्यो त आतंकवादीहरूले उडाई दिई सक्यो । तिम्रा साथीहरू भिड्न सकेनन्, उनीहरू बन्दी भए सबै । तिमी यहाँ एक्लै छौ ।'

'बाबु भाई भर्खर मारिए, बहिनीलाई उनीहरूले लगे । बहिनी खोज्न गाकी आमा बोर्डरको सैनिकहरूले...। पागल बुढी भनेर थुनेको छ पछि हाम्रो मान्छेहरू फर्केपछि कुरा गरेर झिकाउछु ।'

'तर मैले त जानु पर्छ ।'

'त्यो त मलाई थाहा छ तर यस्तो अबस्थामा तिमी कसरी जान्छौ ? तिमीलाई आतंकवादीहरूले त्यसै छाड्छन् ? म तिमीलाई मृत्युको मुखन्जि धकेल्न चाहन्न ।'

युद्ध रोकिएको थिएन बोर्डरको एरिया र कासतान युद्धको चपेटोमा परेर एकदमै धुजा धुजा भईसकेको थियो । आतंकवादी गिरोहको गुप्तचरहरूले लुई माथि शंका नगरेको हैन तर प्रत्यक्षदर्शी नभएको कारणबाट पक्डीहाल्नु भने सकेको थिएन ।

एकविहान सुकवीर उठ्दा उसैको छेवैमा बसेर लुई रोईरहेकी थिई,-

'तिमी गएको राती रक्सिले मातेको थियौ । म पनि मातिएको थिए वैशले । अनि...!'

'अनि के भयो ?'

'हामी दुवैजनाबाट भूल भयो । सुकवीर ! तिमी मलाई गोर्खा लान सक्छौ ?'

करीव चार महिनापछि आतंकवादी र सरकार विच वार्ता सफल भयो र बर्मा सरकारको पहलमा आतंकवादीहरूले भारतीय गोर्खा सैनिकहरूलाई बन्दी मुक्त गर्ने कुरा गरे ।

एकदिन सुकवीरले भन्यो,- 'अब तिम्री आमा पनि छे । तिमीसँग मैले जानु पर्छ फेरी आउनलाई यो बच्चाको लागि तिमी विश्वासले मलाई विदा गर्न सक्छौ ?'

'फेरी आउछौ भन्ने विश्वास छ मनमा जाऊ सुकवीर र छिट्टै आउ म पर्खने छु तिमीलाई ।'

करीव एकहप्ता पछि आतंकवादीको एउटा हुल आएर लुईको घर जलाई दिए ।

'तिमीहरू किन यसो गर्छौ ? हाम्रो के कसुर छ ?'

'खोई त्यो भारतीय गोर्खा सैनिक ? त्यसलाई उडाई दिन्छौ गोलीले ।'

'सरकार र तिमीहरू माझ कुरा मिलिसके पछि तिमीहरूले यसो गर्न पाउदैनौ ।'

'कुरा भाँडीई सक्यो, धोकेवाज सरकार, खोई त्यो मान्छे ?'

'उ गई सक्यो, छैन ।'

'लुकाएर राखेको छस् की राँड ?'

केही बोल्न अबागै लुईको टाउको पछाडी एक पटक बन्दुकको कुंजा जोडसँग ठोकियो, लुई त्यही ढली र मुर्छा परी ।

आतंकवादी र सरकारको कुरा नमिले पछि नाकाहरू खोलिएन र सीमा क्षेत्र सरकार द्धारा असुरक्षीत ईलाका भनेर घोषण भयो ।

सात महिनाको गर्भ र साथमा बुढी आमालाई लिएर लुईले गाउँ छोडी फेरफार कपडाको एउटा पोको सिवाय केही ल्याउन सकिन उसले ।

जव तिमी तीनवर्षको भयौ भारत सहित त्रिपक्षीय सम्झौता भयो र हामी पुन आफ्नै गाउँ कासतानमा आयौ । नाका खोलियो, सीमाक्षेत्र सुचारु रुपले चल्यो तर सुकवीर फर्केर आएन ।

'छोरा वीर ! के तिमी फेरी कम्पनी फर्कन चाहन्छौ ?'

'लुई ! त्यहाँ म जस्तै धेरै वीरहरू छन् र तिनीहरूको पनि तिमी जस्ती धेरै लुईहरू छन् हामी मुक्तीको लागि लडेका हौ अब म नजानु ?'

'कुन मुक्ति ? जव मान्छे मुक्तिको लागि लड्छ त्यहा हिंसा हुदैन । अनि हिंसा त्यहा हुन्छ जव मान्छे प्राप्तीको लागि लड्छ । अनि मुक्ती प्राप्ती पनि होईन यो त एउटा भित्री अनुभुत हो । हृदयको अन्तस्करणमा यो चलमलाउछ । आफैमा भएको मुक्ति पाउन तिमी किन युद्धमा उत्रन्छौ ? किन एक अर्काको ज्यानलिने युद्ध गर्छौ ? तिमी आफू नश्वर देहमा छौ यो भौतिकवाद हो । अब तिमी आफू आफ्नो त्यो भित्री आध्यात्मिकवादसँग युद्धमा लड्छौ तव तिमीलाई यी बन्दुकका युद्धहरू बेअर्थको लाग्छ । एकदम निस्सार । छोरा वीर ! हिंसाले युद्ध थामिन्छ केही समय तर युद्ध सकिदैन । युद्धको मरण त त्यो नावी हो जो विभिषणले चिनेको थियो ।'

आमाको कुरा वीरले चुपचाप सुनिरहेको थियो । बल्ल उसलाई थाहा भयो की लुई किन साउतीनको पानीलाई हेर्दै तानपुरा बजाएर गीत गाउछे ।

विहान वीरले आफ्नो झोलाहरू कस्यो र आमालाई अबाक् हेरिरहयो । लुईले केही भन्न सकिन । छोराको यो चाला देखेर लुईले लामो सुस्केरा छोडी । अब भन्नु के छ र उसलाई ? लुईले लिस्नु छेवैमा राखेको बन्दुक टिपेर छोरा तर्फ बढाउदै भनी,- 'ई यो ! यसले तिमीलाई बिछट्टै सुहाएको जस्तो लाग्यो मलाई ।'

'लुई...!' वीरले यति मात्र बोल्न सक्यो अनि उसले आमाको नयनमा आँखा मिलाएर भन्यो,- 'हामीले गाएको स्वतन्त्रताको गीत भन्दा साउतीन नदीको पानीमा बगेको तिम्रो गीतहरू मिठो छ ।'

पारीको डाँडामा फायरिङ भएको सुनेपछि वीरले लुईलाई अंकमाल गऱ्यो र गालामा म्वाई खायो र भन्यो,-'लुई ! मैले जानु पर्छ अब ।'

त्यसपछि उ हिड्यो फटाफट । मुर्तीवत् डेग रहेकी लुईले निकै बेर उतैतिर हेरिरही जुन दिशा तर्फ वीर हिडेको थियो । त्यो रात पनि उ साउतीन नदी किनारको बुढो पत्राँसको फेदनिरको ठूलो चप्लेटीमा बसी र तानपुरा बजाई रही । तर उसले आज शब्दमा गीतहरू नगाएर भाकालाई सुसेलीले ओकली ।

सिरेटोको प्रकोप बढ्न थालेपछि उ बसेरामा आई र खाटमा ढल्की । जीवन र मृत्यु विचको सम्बन्धमा गहिरो चिन्तन मनन गरी र विस्तारै यसो भनी,- 'बाँच्न नजानेर मरेकाहरू, अनि बाँचेर पनि मरेकाहरू ।'

सुकवीरले त भन्थ्यो,- 'नाका त मनको खोलीनु पर्छ तर उ नै फर्केर आएन ।' युद्धको

बिभक्त दृश्य परिदृश्यहरूले देखाएको त्राहिमाम मान्छे विरुद्धको रासलीला, नौटंकी, प्रकृति विपरीतको, मानवता विपरीतको, जरजर ताण्डव । जहाँ एउटी चेतना शुन्य आमा आफ्नो बच्चाको शरिरको टुक्राहरू बेतको ढाकीमा बोकेर परेला झिमिक्क नगरी हिडी रहिछ, निरुद्धेश्य कतै हिडी रहिछ ।

कसैले प्याँच्च सोधिहाले,- 'कता हिडेकी ?'

उ प्रश्नकर्तालाई नै उल्टो सोध्छे,- 'म कता हिडी रहेकी छु ?'

मान्छेको साम् मृत्यु बडेमाको मुख बाँएर उभिएको छ, लाचार मान्छेहरू चिन्न सक्दैनन् आफ्नै मृत्युलाई र सम्मोहित हरीण अजिंगरको मुख तिर शनै शनै आए झै मान्छेहरू आफ्नो मृत्यु प्रति झुकाव देखाउछन् । यो कस्तो विडम्बना हो जीवनको ?

पाँच महिना विती सक्दा पनि वीरको कुनै खवर, एउटै पत्र, एउटा टेलिग्राम छैन । भित्री मनमा दयाको अथाह सागरले सुनामी ल्याए पनि मानव प्रेम प्रति कठोर देखिन्छे लुई । यसै विचमा लुईको आमा पनि वितीन् तर वीर आई पुगेन । लुईले शुन्यमा हेर्न छाडेकी थिईन ।

एकदिन कासतानको विच बजारमा एउटा मान्छेलाई केही उट्पट्याङ्ग बच्चाहरूले लखेट्दै जिस्काउदै मसिनो ढुङ्गाले हान्दै थिए र दुःख दिदै थिए । अलि उमेर पाको भएकाहरू चै बडो स्वाद मानेर त्यो घटनालाई रमिता सम्झि हेरी रहेका थिए । कपाल खौरेको, एउटा सानो झोलाभिरेको, गेरु वस्त्रमा आफूलाई ढालेको त्यो मान्छे कतै कुनै कुराको मोहमा भुलेको थिएन । उ सरासर हिडी रहेथ्यो । सिरानको गल्लीबाट उ देब्रे पटी छिर्‍यो र एउटा छाप्रोको दैलो अगाडी ठिङ्ग उभियो । उसले दुवै आँखा ध्यानमग्न अवस्थामा बन्द गर्‍यो र आफूलाई धीर बनायो र विस्तारै हुँ... गर्‍यो । फेरी हुँ.. फेरी हुँ... गर्‍यो ।

भित्रबाट लुई निस्की त्यसपछि लुई अर्धमुर्छित अवस्थामा थचक्क जमिनमा बसी । उसको स्वर काँप्यो,- '... वीर... ! अब म के दिउ तिमीलाई ?'

'लुई ! म त यहा लिनु आ'को हैन । यहाँ बाट मेरो जीवन शुरु भयो । यस जीवनको इहालीलाको समाप्ती पनि म यहीबाट गरौ भनेर यहाँ आएको हुँ । मैले जीवनको सोमरस पाएँ र यसैलाई पिए । हामीले गाएको स्वतन्त्रताको गीत भन्दा साउतीनको पानीमा बगेको तिम्रो गीत धेरै मिठो । यै सोमरस जस्तो । लुई ! शरिर प्राप्तीको मोह माटोको आधिकारीक हो । संसार यो नाश्वरमोहमा भुलेको छ । तिमीले अब मलाई भुल्नु पर्छ । मेरो मनको आध्यात्मिक चिन्तनले यै कुरा भन्छ मलाई । संसारको दुईवटा रुप छ । आँखा उघारेर तिमी संसारलाई हेर । संसार रमिता भएको छ आाखाँलाई, अनि आँखा बन्द गरेर संसारलाई हेर संसार उज्यालो भएको छ जीवनलाई । लुई ! म जान्छु मलाई बाटो देउ ।'

लुई घोप्टो परेर धुरुधुरु रोई, रोईरही । कुन आत्मिक शक्तिले वीरलाई अगाडी ठेलेको छ की उसले यो पाली लुईलाई अंकमाल गरेन केवल लुईको शिरमाथी आफ्नो दाहिने हात राख्यो र भन्यो,- हु...हु...हु...।

केहीबेर पछि लुईले आँशु पुछी र नयन उठाई तर वीर त्यहा थिएन । उ त अगि नै हिडी सकेको थियो । आत्मिक गन्तब्यतिर । पलपल आफ्नो दृष्टीबाट टाढा टाढा सानो सानो हुदै गएको वीरको

पार्थीव देहको बनावट लुईलाई कुनै एउटा विशाल युद्ध समाप्तीको समाधी झै लाग्यो जो कासतानको रक्त भूमिमा निर्मित भएको छ ।

रात पुरै निखारिएको थिएन । उ उठ्यो, आफ्नो कारनेट उठायो र छेवैमा डल्लो परेर सुती रहेको कुकुरको सानो छाउरालाई कारनेटको टुप्पोले विस्तारै च्वास्स घोच्यो । त्यो छाउरो पनि उठ्यो र उसको पछि लाग्यो । यै हो उसको दिन चर्या ।

नोभेम्बरको पहिलो साताबाट नै हिमपात हुन थालेको थियो र त्यो सानो शहरको बजार हिमपातको प्रकोपमा परेकोले त्यति सुचारु रुपले चल्न सकेको थिएन । उ त्यहा क्रिसमिस साँझ खस्दा आई पुगको थियो र प्यारापिडमा बसेर कुकुरसँग कुरा गरिरहेको थियो । कुकुरले पुच्छर हल्लाई रहेथ्यो । उ भन्दै थियो,- 'थैङ्क्स महाशय ! तपाई मेरो असल सहयात्री हुनुभएकोमा । म के अब यो हाम्रो मित्रताको पललाई अलिकती पिएर सजाउन सक्छु ?

कुकुरले पुन : पुच्छर हल्लायो । लाग्छ उ कुरो बुझिरहेछ र आफ्नो सहयात्री प्रति कृतज्ञाता प्रकट गरिरहेछ । छेवछाऊका भुस्याहा कुकुरहरूले भुक्दा उ आफ्नो त्यो सानो कुकुरको छाउरोलाई उठाएर बोक्थ्यो र अन्य कुकुरहरूलाई यसरी कराउदै धपाउथ्यो,- 'पर पर जावो । यसको कोही छैन भनेर हेप्न नआवो । यसको म छु ।'

उसको छेवैमा कुकुर डल्लो परेर सुत्थ्यो र उसले कुकुरलाई एउटा धुसा ओडाईदिन्थ्यो । उ एकनाशले प्राणीको सम्बन्ध भित्र एउटा सम्बन्ध खोजिरहन्थ्यो सधै र यसैमा उ चुक्थ्यो । हिमपात रोकिएको थिएन । यो नरोकिने छाँट भनी अड्कल गरेपछि उ एउटा घरको ढोका खट्खटाउन पुग्यो,- 'कुनै महाशय हुनुहुन्छ यो घर भित्र ?'

घर भित्रबाट एउटा बुढो मान्छे निस्कियो र भन्यो,- 'कमसेकम ईश्वर सँग त डराउनुस् । मेरी श्रीमती भित्र योगामा लीन छीन् के तपाईको यस प्रकारको सम्बोधनले उनको योगामा खलल् आउदैन र ?'

✦✦✦

# सांसारीक परदेशी



'ए महाशय ! आज एकरातको निम्ती तपाई मलाई यो पटाङ्गनीमा बास बस्ने अनुमतीदिन सक्नु हुन्छ ? म मात्र छुईन नी यो सानो छाउरो मेरो सहयात्री हो ।'

घरवालाले उसको हुलिया हेऱ्यो । लामो लामो स्याहार नपुगेको दाह्री कैचीको मुखको सामना गर्नु परेको जुँगा, नकोरिएको लामो कपाल तर एउटा पुरानो फौजी टोपीले आफ्नो वहशमा राखेको अनि एउटा खैरो रंगको ओभरकोटमा उसले आफूलाई सर्वाङ्ग लुकाएको । आहाराको कमीले गर्दा मात्र कुकुरको एउटा अवशेष । एउटा लुते कुकुरको छाउरा । धरवालाले भन्यो,- 'तपाई सँग पैसा छ ?'

'छैन त । किन ?'

'अब पैसा नभए पछि किन प्रश्नको जवाफै छैन मसँग । बुझ्नु भो तपाईले ?'

'बुझिन, बताउनुस न !'

'आ...! भै'गो भै'गो ।'

'हैन तपाईले बताउनै पर्छ ।'

'ए हजुर ! तपाई कति जिद्दी गर्नु हुन्छ ? ल सुन्नुहोस, तपाई सँग पैसा भएको भए तपाई भाडा तिरेर ट्रेनद्वारा उ त्यो पारी पट्टी शहरको बृद्धा आश्रममा पुग्न सक्नुहुन्थ्यो ।'

उ चुपलाग्यो र घरीघरी कुकुरको छाउरोलाई हेर्दै यसो भन्थ्यो,- 'देखिस् ! देखिस् तैले ?'

घरवालाले भन्यो,- 'यो छाउरोले तपाईको दुखेसो बुझ्छ र ?'

'मज्जाले ! यो कुकुर हेर्दा पो यस्तो छ, यसको कमठूलो गुण छ म माथी ।'

घरवालाले भन्यो,- 'ल ल भै'गो एकरातलाई बास बस्ने अनुमती भयो तपाईलाई । तर यो पटाङ्गनिमा चै होईन नी ।'

'अनि काँ त ?' उसले अलि दिक्क मान्दै सोध्यो ।

'यहा पछाडी, घोडाको गोदाम छ त्यसैमा । हुन्छ के ?'

उसले कुकुरको छाउरोलाई प्याट्ट हान्यो र पछाडीतिर लाग्यो । गोदाम भित्र पनि अलि अप्ठ्यारो भयो उसलाई तर उ चुपचाप पल्टियो । कुकुरको छाउरो पनि एकडल्लो परेर सुत्यो । उसले एउटा हातले कुकुरलाई सुम्सुम्याउदै एउटा पुरानो गीतलाई खस्रो स्वरले गाउन थाल्यो अनि उसको भाकामा धेरै गीतको स्वरहरू फेरिन्थ्यो तरपनि उसको आवरण ढाँचामा कुनै दुःख र पश्चातापको भावहरू पाईदैनथ्यो । उ एउटा महायुद्धको गीत, जीवन यात्राको महागीत, समाजवादको महागीत गुन्गुनाउथ्यो । उ एउटा गीत यस्तो शब्दमा गाउदै थियो,-

तिमीहरूलाई
चुम्बन लिनबाट फुर्सद मिल्यो भने
समुन्द्र तिर हेर
र हेर वरीपरी ।

त्यसपछि उनले गुन्गुनाएको गीत शब्दमा बुझिएन केवल ह ह ह को लयमा सुनिन सकिन्थ्यो । अचानक उसको अगाडी घरवाला आईपुग्यो र भन्यो,- 'ए हजुर ! जाडो निथारिएको छैन, हिमपात उही गतीमा छ, तपाईलाई के ल्याँउ ?'

उसले निकैवेर सम्म घरवालाको मनोभाव झाँक्यो र भन्यो,- 'छ भने मलाई एक क्वाटर भोड्का र एक टुक्रा बोनरोटी देउ ।'

घरवाला हाँस्यो, उसको माग सुनेर अनि भन्यो,- 'के तपाई चै भोड्कासँग बोनरोटी खाने पागल मान्छेमा दरिन चाहनु हुन्छ ?'

'हैन हैन, भोड्का मेरो लागि र बोनरोटी यो छाउराको लागि ।'

अब उ भोड्का घुट्क्याउन थाल्यो भने कुकुरको छाउरो बोनरोटीमा जुट्यो । तर त्यति जाँगरीलो पाराले छाउराले बोनरोटी नखाएको भाँपे पछि उसले मायालु स्वरमा भन्यो,- 'मालिकले दिनु भएको पो त नखरा नगरी खा'न ! हजुर यति सम्म त गर्नु भयो अब एउटा अनुभुती पनि प्राप्त होला की मलाई ?'

'अब के पुगेन तपाईलाई ?'

'पुगेको छ, सबैकुरा पुगेको छ । चित्त बुझाएर पुऱ्याएको छु ।'

'तव के त ?'

उनले घरवालालाई अति अनुनय विनयको दृष्टीले हेरेर भन्यो,- 'हजुर ! यहा मलाई यो करनेट बजाउने अनुमती भए राम्रो हुन्थ्यो ।'

'ल ल बजाउ तर धेरै जोडले हैन नी ! मेरी उनीलाई संगीतसँग त्यति लगाव छैन ।'

'अनि तपाईलाई नि त ?'

घरवालाले उठ्दै भन्यो,- 'गुड नाईट, अब म ओछ्यान तिरलागे ।'

उसले सम्झियो,- 'कस्तो खालको सन्काहा घरवाला रै'छ, जवाफ पनि दिएन ।'

बाहिर हिमपात रोकिएको थिएन । दुर्गम ईलाकाको क्षेत्र भएकोले मुन्सिपालिटीको हिउ सोर्ने गाडीहरू पनि कम्ती थिए यस क्षेत्रमा । वातावरण कठ्याङ्ग्रिदो छ । हट ओभनको चिम्नीबाट धुवा निस्किएको अस्पष्ट देखिन्छ धुरीमाथीको शुन्यमा । त्यसैलाई उ एकोहोरो निहाली रहेको छ कारनेटमा संगीत फुक्दै । बुलडोजरबाट आएको कुनैबेलाको कर्कश आवाजले उसको कारनेटको धुनलाई बिथोल्न खोज्छ । उ त्यो  बुलडोजर चालकलाई गाली गर्छ,- 'कस्तो शैतान ! त्यसको बाउको घ्यार घ्यार घ्यार घ्यार ?'

उ एकदत्त चित्तले कारनेटबाट धुन उपार्जन गर्नुमा जुट्छ । कुकुरको छाउरो डल्लो परेको छ, । चटपटाएको छैन । अब उ निकै मर्माहत भएको छ र कारनेटको बहसबाट बाहिर छ । भन्नु पर्दा कारनेट उसको बहसमा छ र कारनेटको शरिर भरी उसको भद्दा अदुवा जस्तो औंलाहरू सिम्फोनी मादक्तामा नाचिरहेछ । धुनमा मर्म छ । जीवनसँग भोगाईहरू को कुण्ठा सम्झौताका मिठोपना कहिले काँही अप्राप्ती र अप्रयाप्त प्रतिको आक्रोस सबै सबै यो धुनमा उनिएको छ । उ निरन्तर बजाईरहेछ कारनेट र कहिले काही कुकुरको छाउरोलाई हेर्छ कारनेटको माउथपिसबाट मुख ननिकाली नै । कुकुर डल्लै अबस्थामा छ, पहिलाको जस्तै । उसलाई कुकुर देखि अलि दुःख लाग्छ र कारनेटको चुचोले कुकुरलाई हल्का च्वास्स घोच्छ । कुकुर उठेर आउछ र उसको काखमा पुन डल्लै परेर सुत्छ । हिमपात थामिएछ की क्या, बुलडोजरको कर्कश आवाज सुन्न छोडियो । अब यो रातको सुनसान मधुरो उज्यालोमा उसको कारनेटको धुनले आधिपत्य जमायो र वातावरणलाई नै क्षुब्ध बनायो । मुर्दाशान्तिको परिधी भित्र उ मात्र एउटा यस्तो ब्याक्ति थियो की जसले जीवनको अस्तित्व पुरै पिएको छ । मात्र उ भविश्यको उत्तरार्द्धमा एउटाभोरलाई पर्खेर बसेको छ जसले उसको पदयात्रामा अलिकती उज्यालो दिन सक्छ । मात्र अर्को बाससम्म पुग्नलाई  । एउटा निश्चित बास । जहाँ पुगेर उ सांसारीक यी परदेशीको ट्रेडमार्क फुकाल्ने छ र अब उप्रान्त उ परदेशी रहने छैन । उ तन्मय भनौ एकाग्र कारनेटको धुनमा गोता लाई रहेछ । मर्मको जलाम्मे विशाल जल संसारमा उ जीवनको मोती टिप्न ब्यस्त छ । मारीयाना ट्रेन्चको गहिराई उसको हृदयको अन्तर कुन्तरबाट प्रस्फुटित वेदनायुक्त धुन भन्दा पीडादायी र गहिरो छैन । जो अहिले निरन्तर, अविराम कारनेटको मुखबाट बमन भईरहेको छ । कारनेटको शरिर भरी उसको औंलाहरू तालको फेरो समाएर चलेको छ । त्यस्तै प्रकारले श्वास प्रश्वासको प्रदन्तामा उ माहिर छ । त्यो त उसले छात्ति भित्र पवन फेरेको कलाले नै बोध गराउछ । उसको भावनाको अन्त्य कतै छैन । धुनमा जीवन छ र अनि जीवनमा रस । यी दुवैको घनिष्ट समायोजनमा धुनले धुन जन्माउछ अनि प्रादुर्भाविक धुनले मान्छेलाई समाहितको धरातलमा अबतरण गराउछ । आज उ यसैमा डुब्यो । यसैको शिकार भयो । माथि डली गार्डेन छेवको गीर्जाघरबाट प्राथना गरेको सामुहिक आवाज पहिलो चोटी उसको कानमा पऱ्यो । रात्रीश्राव फाँटिन एकाध घण्टा बाँकी छ । जव उसले कारनेटबाट मुख हटायो तव उसले देख्यो कि कारनेटको माउथ पिसमा अलिकती रगत लागेको छ । त्यो देखेर उ फिस्स हाँस्यो

र काखमा एक डल्लो परेको कुकुरको छाउरोलाई स्नेहको हातले मसार्दै बिस्तारै भन्यो,- 'म मरे भने तँ कहाँ जान्छस् ? भन् त ?'

कुकुरले पुच्छर हल्लायो, मानौ : त्यसलाई पनि अब मालिकको मृत्यु प्रति कुनै दु:ख छैन र यो परिआए त्यो पशू नै भए पनि त्यसले सहजै बहन गर्न सक्छ ।

कुकुरको अन्जान अभिव्याक्ति प्रति उ मुसमुस हाँस्यो र भन्यो,- ' ईडियट !'

विहानी फाँटी सक्नै लागेको थियो तर घोडाको आहारा गोदामको ढोका खोलिएको थिएन । घरवाला बाहिर आयो र ढोकानेर कान थाप्यो । कतै चाईचुईको आवाज थिएन । उसले लखकाट्यो बिहानसम्म अनिदै रहेर कारनेट फुक्दै थियो बरा भुस निन्द्रामा परेछ ।

गीर्जाघरमा दोश्रो चरणको प्रार्थना हुनेताका सम्म पनि गोदामघरको ढोका खुलिएन । अब भने उनको मनमा चिसो पस्यो र उसले विटबाट पुलिस मगायो । उसैको आज्ञा बमोजिम ढोका भत्काईयो । भित्र एउटा सन्नाटा ब्याप्त थियो । अपरिचित त्यो परदेशीको शरिर चिसो भई सकेको थियो । कारनेट छेवैमा राखिएको थियो । कुकुरको छाउरो केहीपर डल्लो परेर सुतिरहेको थियो ।

यो त मरिसक्यो । पुलिस त्यसो भन्दा घरवालाले भन्यो,- 'के को मऱ्यो ? मरेको छैन ।'

पुलिसले आफ्नो प्रशासनिक काम सिध्याएपछि भन्यो,- 'अब के गर्ने ?'

एकहप्ता सम्म पनि सरकारी मुर्दाघरमा उसको सनाखत हुन सकेन । मुन्सिपालिटीको शवबहानलाई बोलाउने कुरा चल्दै थियो घरवालाले भन्यो,- 'म लिन्छु लासको जिम्मा ।'

पुलिस मुचुल्का र पोष्टमार्टमको कागजमा सही धस्काएपछि घरवालाले उसको लासलाई आफ्नै प्रकारले दाह संस्कार गरिदियो । उ यसो भन्थ्यो,- 'उ एकरातको परदेशी भए पनि मेरो घरको थियो । उसले मलाई संगीत मन पर्छ भनेर सोधेको थियो तर मैले जवाफ दिएको थिईन किनकी मलाई संगीत मन पर्छ र मनपर्ने कुरामा के को प्रश्न ? के को जवाफ ? उसले आफ्नो अधुरो गीत पुरा गरेथ्यो । त्यो त मैले राम्ररी सुने । पहिला त उ हु...हु... गर्दै थियो पछि उसले हु...हु...हु...शब्दमा फेरियो । मलाई याद छ यति छिट्टै भुलेको छुईन मैले ।

र हेर वरीपरी  
र धेरै जीवनहरू यात्रामा छन्  
निश्चित एउटा टुङ्गो छ  
अनि यात्रा पनि निश्चित  
यति हो हामी चुम्बनमा लिन छौ  
अनि आजको बसेरा भुल्छौ ।

घरवालाले उसले गाएको गीत वाचन गरी सक्दा बल्ल कुकुरको छाउराले पुच्छर हल्लायो । सायद उसको मालिक उ नभएपनि मालिक प्रतिको खड्कदो उपस्थितिको अलिकती छनक कुकुरको छाउराले उसमा खोजेको हुनुपर्छ । घरवालाले कुकुरको छाउरोलाई समाएर भन्यो,- 'तेरो मालिक अब सांसारीक परदेशी रहेन, चल् अब तँ म सँग यात्रा गर् ।'

✦✦✦

# दिलासाका सिरिन्जहरु



**जी**वनको अन्तिम घडी थिरीलाई आफ्नो बाबुले भनेको कारण उ एक जना साथीलाई लिएर आफ्नो बाबुको जन्मभुमी नेपाल घुम्न आएको थियो, त्यो बेला । कर्ल्याङ्ग कुर्लङ्ग घुमेको बर्मेली लिपीलाई हेरेपछि थिरीले 'oh god !' भन्दै अंग्रेजीमा लेखी र मलाई देखाई । त्यो मैले पढ्दा यस्तो भयो,-

नाम्जाङ - ३ धनकुटा,<br>
कोशी अञ्चल<br>
नेपाल ।

मैले भने,- 'यो त मलाई थाहा छ ।' अनि मनमनै भने,- 'गाउँ पञ्चायत चै के त ?'

बसभित्र यस्तै कुराहरू सोच्दै यात्रा काटिरहे । बागो शहरको ब्यस्त बस स्टपमा म उत्रिदा मैले ईनवालाई देखे । उसले आएर म सँग हात मिलायो र मेरो झोला बोक्न माग्यो तर मैले उनलाई झोला दिईन । जादाँ जादै बाटोमा मैले भने,- 'थिरीले टाटनको मुजेत्रो मन पराएकी थीई, ल्याई दिएको छु उपहार ।'

ईनवाले भन्यो,- 'मलाई चै भुल्यौ ?'

मैले भने,- 'हाम्रो त छदैछ नी ।' अनि फेरी सोधे,- 'थिरीलाई कस्तो छ अचेल ?'

ईनवाले मलाई अल्छीलाग्दो पाराले हेऱ्यो तर केही भनेन । मैले अड्कल लगाए, 'थिरी देखि ईनवा पनि दिक्क भईसकेको हुनु पर्छ ।' तर किन ? थिरी त उनको प्रेमीका हुन्, के त्यैबेला ईनवालाई थाहा थिएन र थिरीले ड्रग्स लिन्छे भन्ने कुरा ? पुरै थाहा थियो । ईनवाले पनि त ड्रग्स लिन्थ्यो ।

एकपल्ट हाम्रो बास हिलेमा परेको थियो । त्यो बेला थिरीको ब्यागमा भएको केही सामाग्रीहरूलाई मैले देखे । चुरोटको सिल्भर पेपरको टुक्राहरू, बर्मेली सिक्का पैसा जो b.s.(ब्राउन सुगर) को कसले काई जमाएको थियो । अनि एउटा सानो अलि लाम्चो कागज जस्तै प्लास्टिकको घुमाउरो आकारको । म पनि कुलतको आदती त थिए नै तर थिरी र ईनवा जतिको चै होईन ।

ईनवाले एउटा चमेना गृहतिर पसौ भन्ने संकेत गर्दै मलाई भन्यो,- मनी !

मैले 'हुँ' भनेपछि उ बोल्यो,- 'म थिरीलाई छोडी दिन्छु । उ अब सुध्रिन्न ।'

मैले मनमनै सोचे, 'रेयुकाईले संचालन गरेको नयाँ प्रोजेक्ट, नव जीवन सुधार केन्द्र बाट निस्किए पछि ईनवा स्वार्थी भए छ ।' यस बारेमा ईनवाले मलाई चिठ्ठी लेखेको थियो र फोन पनि गरेको थियो । त्यो बेला मैले भनेको थिए,- 'थिरीलाई पनि भर्ना गरन त्यहाँ ।'

हामी एउटा रेष्टुरेन्टमा पस्यौ । ईनवाले सी-फुडको सुप र चामलको भक्का लेखिएको मेनुमा चिन्ह लगायो । एउटी बर्मेली बठनिया मस्किदै आई र मेनु लगी । मैले त नास्ता नगरौ भनेको थिए ईनवा नै नमानेको कारण एकाविहानै ब्रस नगरी नास्ता खानु पऱ्यो मलाई । म चाँडै थिरीलाई भेट्न चाहन्थे र उनको पागलपन जस्तो स्वभावको मज्जा लिदै उ भित्र एउटा दर्शन खोज्न चाहन्थे ।

टमटमले दश जना प्यासेन्जर नपुगी नहिडाउने भनेपछि मैले ईनवालाई भने,- 'आ ! अटो रिक्सामै जाऊँ ।'

'हिनथाडा !'- थिरीको गाउँ पुगियो, एक घण्टाको यात्रा पछि । हामी दुवै थिरीको घरमा पुग्यौ । विहानको यस्तै १० बजेको छ । एउटी आईमाईले ईनवालाई खाउला झैं गरेर हेरी । ईनवाले हतार हतार भन्यो,- 'नेपाल नेपाल ।' त्यसपछि त्यो आईमाई हाँसी अनि बर्मेली कुराबाट के के भनी । ईनवाले मलाई भित्र लगेर गयो र भन्यो,- 'यै हो थिरीको कोठा ।'

तर कोठा भित्र बाट बन्द थियो,- 'थिरी ! थिरी !' ईनवा करायो ।

निकैबेर पछि ढोका खोलियो अगाडी थिरी उभिएकी थिई । मैले भने,- 'शुभप्रभात थिरी !'

थिरी मुसुक्क हाँसी र मलाई गालामा स्वाई खाई । मैले थाहा पाई हाले भर्खर मात्र थिरीले ब्राउन सुगर तानेकी रहिछ । उनको स्वासबाट नै मैले थाहा पाए । थिरीको बोझिलो नयनलाई मैले हेरेर मनमनै भने,- 'यो ईनवा पागल हो । यति राम्री केटीलाई छाड्छु भन्छ ।'

थिरीकी बहिनी मार्लाले भान्सा तयार गर्छु भनेर भन्न आई र गईपनि हाली ।

ब्राउन सुगरको नशाले थिरी अल्छि भएकी थिई र मसँग जबरजस्ती गफ गर्दै थिई । मैले यो कुरा भाँपे र भने,- 'थिरी ! अहिले तिमी आराम गर पछि कुरा गरौला है !'

'हुदैन तिमी नेपालबाट आएको साथी हौ, सुनाउ तिम्रो कुराहरू ।'

मैले भने,- 'तिम्रो भ्वाईलिन प्रतिको सफलताले म साह्रै प्रभावित भएको छु । कुनै बेला कर्ण श्रवण गर्न पाए साथी प्रति तिमीले चढाएको उपहार सम्भने छु ।'

अनि फेरी सम्भिएर मैले भने,- 'ए साँच्ची तिमीलाई टाटनको मुजेत्रो पनि ल्याई दिएको छु ।' मैले निकालेर दिए । थिरीले टेवलमा त्यो फ्यात्तै राखी । मलाई यस्तो लाग्यो की टाटनको मुजेत्रो प्रति उसको मोह हराई सकेको छ अथवा मेरो उपहार प्रति उसलाई कुनै लगाव छैन । मैले नजर झुकाएछु । त्यो देखेर थिरीले भनी,- 'मन दुख्यो ?'

त्यैबेला ईनवाले भन्यो,- 'म मार्लालाई सघाउन भान्सामा जाउँ ?

मैले भने,- 'तिमी यही बस ।'

थिरीले अलि दुखेसो गर्दै भनी,- 'मनि ! थाहा छ तिमीलाई ? अचेल ईनवाको झुकाव मार्लापट्टी गएको छ, त्यसले ड्रग्स तान्दिन नी ! त्यसैले ।'

मैले भने,- थिरी ! तिमी यति विघ्न किन तान्छौ ?

थिरी उठी र टबतिर गई अनि अनुहार पखालेर आई र भनी,- 'तिमी नेपालबाट यहाँ किन आयौ ? म प्रतिको एउटा झुकाव हो या साथी प्रतिको झुकाव ।'

त्यसपछि निकैबेर सम्म थिरी बोलीन । उनकै कोठामा खानपिन भयो । मार्लाले सबै काम गरी । भाँडा माझ्न सघाउन चै ईनवा गयो । म त पाहुना भै'हाले । मैले भने,- 'थिरी ! बर्मामा पनि त नेपाली बस्ती छ नि त्यो कता पर्छ ?'

उसले भनी,- 'जिन क्याईटमा । पुरै नेपाली बस्ती हो ।'

मैले यस बारेमा केही सोधौ भन्ने लागेको थियो तर थिरीले विचैमा भनी,- 'त्यताको कुरा नगरौ । ए ! अ तिमीले ड्रग्सको बारेमा कुरो गर्दै थियौ नि ?'

मैले भने,- कुरा मैले गरेको हैन, तिमी पनि ईनवा जस्तै सुध्रिनु पर्छ भनेको पो त !'

उनीले कुरा कतातिर मोडेर भनी,- 'कविताहरू लिएर आएनौ ?

'ल्याईन ।'

यत्रो लामो बसको सफरमा लेखेनौ ?'

मैले भन्दिए,- 'लेखिन, भाव फुरेन ।'

'तिमीलाई भाव फुर्नु पर्छ है ?' अचानक थिरीले यसरी सोधी ।

'हो त !'- मैले भने ।

'त्यो गर्मी ठाउँ के रे नेपालको ?'

मैले भने,- 'ए त्यो ! दमक, झापामा पर्छ ।

थिरीले भनी,- 'तिमीले त्यहा मलाई र ईनवालाई एउटा कविता सुनाएको थियौ नी, त्यो कविताको दारुण रुप पछि मैले यही आएर उतारे । त्यो कविताले अस्तित्व र स्वायत्तता प्रति कडा वकालत गरेको थियो ।'

'कस्तो दारुण रुप ?' भनेर मैले सोध्दा थिरीले भनी,- 'भरै बजाएर सुनाउछु ।'

भाडा माझ्ने काम सकिएछ । ईनवा र मार्ला कोठामा आई पुगे । मैले भने,- 'थिरी ! तिमी कमजोर भएकी छौ अहिले । तिमी आराम गर म ईनवासँग यसो घुमेर आउछु ।'

'रक्सि नपिई आउनु है, भरेलाई यही बन्दोबस्त छ ।'- थिरीले उर्दी यसरी सुनाई ।

राती खाना नखाई ईनवा जाने भयो । पर्सी ईनवाकोमा मलाई निम्तो छ । उसले रक्सि खान मानेन । मार्लाले मलाई कुनै कुराको कमी हुन दिईनन् । उनी पुरै मेरो आतिथ्य सत्कारमा लागी परीन् । मैले भने,- 'मार्ला ! तिमी जाऊ अब ।'

मार्ला चुपचाप उभिईरही । थिरीले झपारी,- 'जा'न के उभीरा'की ? कुकुरनी ।'

मैले भने,- 'ए ! बैनीलाई त्यसो नभन ।'

थिरी अझ कड्की,- 'यो त्यस्तै छे ।'

मार्ला गएपछि मैले थिरीको आँखामा हेरेर भने,- 'थिरी ! तिम्रो नयन कति सुन्दर छ ।'

थिरीले हाँसेर भनी,- 'ए अब तिमीलाई रक्सि लाग्न थालेछ । म त सोच्दै थिएकी तिमीलाई तिम्रो कविताको दारुण रुप सुनाउ भनेर ।'

मैले 'ओके ओके' भन्दै आफ्नो उत्ताउलो स्वभावलाई काबु पारेर भने,- 'खोई त ?'

थिरीको बेडको दाहिने पट्टी प्याक थियो र त्यसमा बाहिरबाट सेतो पर्दा लगाएको थियो । त्यो थिरीले सर्काई र प्याक भित्रबाट भ्वाईलिन निकाली । तार मिलाई । तारहरू स्केलमा आईसकेकोपछि बजाउलीकी भनेको त बजाईन, यसो भन्न थाली,- 'जो धुन अब म बजाउछु कुनै गीतको हैन । कुनै प्रेम वियोगान्तको आवाज हैन । तपाईको त्यो कवितामा न कुनै गीतको रुप थियो, न प्रेमको । अस्तित्वको आर्तनाद, स्वायत्तताको हुंकार, र पहिचानको आवाज थियो कवितामा ।'

त्यसपछि थिरीले भ्वाईलिन उठाई र नेकप्लेटमा चिउडो अडाई अनि लामो स्वास छोडी । दाहिने हातमा रहेको बो चारवटा तारको छात्तिमाथी विस्तारै विस्तारै दौडिन थाल्यो । थिरीको हातको सुकिलो चारवटा औंलाहरू भ्वाईलिनको फ्रेडमा सल्वलायो । मलाई यस्तो लाग्यो,- 'थिरी बग्दै छ शुरमा र भयावह दृश्यको घुईचोबाट एक एक गर्दै रस बटुल्दैछ ।'

भ्वाईलिन सँगै थिरी पनि रोई । निकैबेर बजाईसकेपछि थिरीले भ्वाईलिनलाई केशमा राख्दै भनी,- 'यै हो तपाईको कविताको दारुण रुप ।'

मैले अलि कुरा बुझिन र थिरीलाई नजिकबाट हेरे । थिरीले भनी,- 'यहा पनि प्रवासी नेपालीहरूले अस्तित्व र पहिचानको निम्ती एउटा बुलन्द आवाज उठाएको थियो । चन्दनको ब्यापार गर्न आउदा यतै घरजाम गरेर बसेका अनि भारतसँगको लडाई पछि यतै छाडिएका नेपालीहरूको ठूलो जमात यहाँ पनि छ, जिनक्याईटमा । बर्माको सैनिक सरकारले त्यो आन्दोलनलाई यति क्रुर पाश्विक तरिकाले दमन गऱ्यो की न वृद्ध न युवा, न बच्चा ! कसैलाई पनि छोडेन । उनीहरूको शिर गिडियो, ज्यानको वेपता भयो, छोरीचेलीहरूलाई नाङ्गो पारेर सडकमा कुदाईयो आर्मीहरूको निम्ती । भौतिक निजी सम्पतीहरूको

कुनै लेखाजोखा भएन । त्यसमा सैनिक हस्तक्षेप भयो । पछि b.p.c.p. (बर्मा पिपुल्स कम्यूनिष्ट पार्टी) ले सैनिक सरकारको त्यो अत्याचार माथि कडा आलोचना गरेपछि त्यो थामियो ।' थिरीले केही सोचे जस्तो गरेर भनी,- 'मेरी आमा चै बर्मेली नागरीक भएकोले हामी चै बाँच्यौ ।' अनि थिरीले भनी,- 'मनि ! तिमीलाई याद छ नेपालबाट हामी बर्मा फर्कदा भारत जोगवनी छेवैमा बर्मेली टोल नाम भएको एउटा सानो बस्ती थियो । त्यो तिमीले देखाएको थियौ हामीलाई । हो तिनीहरूको अग्रज पुर्खाहरू नै त्यो आन्दोलनबाट भागेर त्यहा बसेको हुन पर्छ ।'

विहान तीन बजेसम्म थिरी र म कुरा गरीबस्यौ । थिरीको प्रोग्राम अनुसार आज हामी टमटम समातेर ईररावररी नदी तिर घुम्न जानेवाला छौ । ईररावररी नदी नागवेली भएर बगेको छ । नदी किनारबाट पूर्वपटी उत्तर दक्षिण भएर फिजीएको छ नरीवल घारी । विच विचमा काठको फलैचा छ । अहिले थिरी र म फलैचामा बसेका छौ । ईनवा माछा उघाउन कोप्रे जाल बोकेर किनारतिर हल्लिदैछ । म एकटक लगाएर थिरीलाई हेरिरहन्छु । थिरी रिसाउछे र भन्छे,- 'के हेरिरा'को हौ ? आईमाईको अनुहार नै नदेखेको जस्तो !'

म भन्छु,- 'हेर्नै नहुने तिमीलाई ?'

त्यसपछि थिरी हाँसि । थिरीले आफ्नो हातको पाखुरा, नाडी सुम्सुम्याई र म तिर हेर्दै भनी,- 'सिरीन्जले घोच्दा घोच्दा मेरो त नशाहरू नै हराई सक्यो ।'

एउटा अलि ठूलो माछा परेछ, नरीवल घारी थर्किने गरी ईनवा करायो,- 'पऱ्यो ।'

मैले त्यतातिर ध्यानै नदिई भने,- 'थिरी ! जीवनलाई बुझ । जीवनको महत्वलाई विचार गर । बाँच्नुको सारतत्व भित्र जीवनको अनुपम रस छ यसलाई पिउ । जिम्मेवारीको बोधले आफूलाई श्रृंगार अनि हेर मान्छे सृष्टीको कति लोभलाग्दो उपार्जन हो । किन बर्वाद गर्छौ जीवनलाई एक पप् ड्रग्समा ? के अब यसलाई थमौती दिन सक्दिनौ ? आफैलाई हेर ड्रग्सको पप्ले तिमी सुकिसकेकी छौ । तिम्रो आँखाको गरतिरहरूमा यो कालोपन पोतिदैछ । तिमीलाई यहाँ लाज लाग्छ भने बरु मसँग नेपाल हिड, नेपालमा पनि थुप्रै सुधार केन्द्रहरू खोलीएको छ । महिलाहरूको निम्ती त अझ राम्रो ब्यवस्था छ ।'

थिरी चुपचाप थिई र एउटा काठको टुक्राले बालुवा चलाईरहिथी । अचानक थिरीले भनी,- 'तिमी मलाई मन पराउछौ ?

मैले भने,- 'म तिमीलाई मन पराउछु । तिम्रो दर्शन, चिन्तन, मानव प्रतिको समवेदना, संगीत प्रतिको झुकाव, सबै सबै मन पराउछु तर एउटै कुरा के भने तिमी ड्रग्सको दलदलमा भासिदै गयौ । ईनवाले अस्ती बाटोमा आउदा भनेको तिमीले क्लोरोम पनि लिन थाल्यौ रे ।'

थिरीले भनी,- 'अर्काको बेग (झोला) खोतल्ने बानी साह्रै नराम्रो ईनवाको ।'

'ईनवा कसरी पराई भयो तिम्रो लागि ? उ त तिम्रो हुनेवाला श्रीमान हो ।'

थिरीले गलेको स्वरमा भनी,- 'मैले पनि यस्तै सोच्थे तर जव उसकै करमा परेर मैले दुईपटक एबर्सन गर्नु पऱ्यो त्यसपछि उ प्रति मेरो आशा र विश्वास मरेको छ ।'

बेलुकी सूर्यास्तकोबेला हामी घर फर्क्यौ । अर्कोपल्ट मेखा नदीतिर गयौ । त्यो रात म मेखा नदीको बारेमा सोचमग्न थिए । मार्लाले एक बटुको रक्सि तताएर ल्याईदिई । आज त ईनवाले पनि खायो ।

मेरो कुराले असर परेर हो की ! या त उ मलाई भद्रपन देखाउन चाहन्छे । खुब शान्त भएर बसेकी छ । थिरीले मलाई डायरी हेर्न दिई जो अंग्रेजीमा लेखिएको थियो । मैले भने,- 'थिरी ! तिम्रो डायरी त कालो अक्षर भैसी बराबर भयो मलाई ।'

त्यसपछि थिरीले हाँसेर भनी,- 'एउटा कविता लेखेको छु त्यो म पढ्छु र तिमीलाई सामान्य अर्थमा बताउछु ।'

मैले भने,- 'अर्थमा हैन, भाषामा भन्नु नी !'

त्यसपछि थिरीले कविता सुनाई र सरल भाषामा उल्था गरी । थिरीको कविताको भाव यस्तो थियो,-

ए ईररावररी
नबौलाउनु तिमी म जस्तै
तिमीले त
अर्को देशमा जानु छ
त्यहा पानी छ
पानीसँग मिल्नु छ ।

त्यो रातभरी थिरीको कविताको अर्थ खोज्नुमै मेरो आधा निन्द्रा उड्यो । करीव एकसाता त्यहा बसेपछि अब फर्कन्छु भने । ईनवा र मार्लाले भने,- 'मेखामा मारेको माछा सुकुटी भएको छ सिल बनाई दिउँ ? लाने ?'

मैले लान्न भनेपछि उनीहरूले जिब्रो निकाले । अन्तिम दिनको अघिल्लो अपरान्ह बाट नै थिरी मसँग थिई । उ मलाई केही भन्न चाहन्थी । मैले अनुमान लगाएर भने,- 'तिमी केही भन्न चाहन्छौ ?'

थिरीले अनुरोधको लवजमा भनी,- 'म एक पप् मात्र ब्राउन सुगर लिन्छु नरिसाउ ल !'

मैले थिरीलाई हेरेर भने,- 'थिरी ! यो त राम्रो कुरा होईन तर म हिड्नेबेलामा तिमीलाई दुःखी बनाउन चाहन्न । हुन्छ लिऊ तर मात्र एक स्टिक ।'

थिरी जब आफ्नै दुनियामा झुमी उनले मसँग बडो आदर्शको कुराहरू गरी । यसो भनी,- 'मैले जीवनलाई नजिकबाट बुझ्केकी छैन भनेर आमाले भन्नु हुन्छ । के थाहा उ बुढी मान्छेलाई ! तिमीलाई थाहा छ, मनि ? चाहना, आकांक्षा सहजै सजिलै पुरा हुने भए मान्छेको जीवनमा यस कुराले यति ठूलो महत्व राख्दैनथ्यो । नपुग्नको कसक् भित्र जो अनुभवहरू संगालिन्छ त्यो नै हो जीवनको तितो तर मिठो सोमरस । पाईने र पाईएको कुरामा त मान्छेसँग भोगको नाता रहन्छ । खड्किदो अभावको अनुभव हैन अनि त्यसको परिभाषा निमिट्यान्न भएर त्यहाँ परिभाषीत हुन्छ जहाँ त्यो हुदैन मान्छेहरू सँग ।'

सिरिन्जले घोचेर छेन्द्रा छेन्द्रा परेको उसको सुकेको दुवै हातलाई मैले निकैबेर सुम्सुमाएर भने,- 'थिरी ! यी हातहरू भ्वाईलिनको फ्रेडमा र बो मा खेल्दा कति भय मुक्त कति बोझहिन लाग्छ मलाई । के तिमी यसलाई पुनर्जीवन दिन चाहन्नौ ? आमाले पनि तिमीलाई वास्ता गर्नु हुन्न, एउटा अण्डा फुट्यो भन्नु हुन्छ । बरु हिड म सँग नेपाल, तिम्रै भलाईका लागि भन्दैछु । के म आमा र ईनवासँग कुरा गरौ ?'

थिरीले भनी,- 'होस् म यही ठीक छु, यै अबस्थामा ।'

बेलुकी ईनवा र मार्ला मेरो टिकट लिएर आईपुगे । बसको यात्रा ट्रेनको जति सुलभ हुदैन । त्यसैले ट्रेनबाट फर्किने निधो गरेको हुँ मैले । याङगुनबाट आउने ट्रेनको टिकट ईनवाले मलाई दियो । भोली पल्ट रातीको नौ बजे प्रस्थान समय लेखिएको थियो । अब म पूर्वी वंगालको बाटो भएर भारतका पूर्वी दक्षिण ईम्फाल भन्ने ठाउँमा उत्रिने छु । भोलीपल्ट हामीहरू चारैजना घरबाट निस्क्यौ । टमटम समायौ र बागो शहरमा आईपुग्यौ । बागो प्लेटफर्म ठूलो रहेछ र अनेकानेक रमाईलोहरू रहेछ ।

थिरीले लङ्ग स्विटर, टावजर, स्नो ह्याट र खुट्टामा क्याम्बोस लगाएकी थिई र आँखामा हल्का गाजल । जव चिसो चिसो हावा चल्यो त्यसपछि हामी फिरन्ते कफी पिउदै डक्ज हलको प्रतिक्षालयमा गएर बस्यौ । मैले विचार गरे । थिरीले पप् स्टिक तान्ने बेला भएछ । उसको शरिर चिलाउदैथ्यो सायद । पप्स्टिकको तलतलमा उसले आफ्नो सुकेका हातहरू आफ्नो नङग्राले कोपरी र मलाई हेर्दै लजाई ।

मार्लाले अलि सतर्क भएर भनी,- 'दिदी !'

थिरीले हकारी मार्लालाई,- 'तँ नकरा कुकुरनी !'

ईनवाको लागि एउटा कलम र मार्लाको लागि एउटा हेण्ड ब्याग किनेको थिए मैले, त्यो तिनीहरूलाई दिए । थिरीको लागि केही किनेको थिईन तर म सँग थियो । मैले भने,- 'थिरी ! यो तिमीलाई ।'

थिरीले 'के ?' भन्दै लिफा समाती ।

मैले भने,- 'यो भित्र कविताहरू छ जो मैले नेपालीमा लेखेको छु । तिमी नेपाली बुझ्दीनौ म अंग्रेजीबाट उल्था गर्न जान्दिन ।'

थिरीले दिक्क मान्दै भनी,- 'तिमीसँग अंग्रेजीमा कुरा गर्नु भन्दा सजिलो त फलामको च्युरा चपाउनु हुन्छ । तिम्रो ब्रोकेन अंग्रेजीले म त दिक्क भईसके । संवाद गर्नु कति अप्ठेरो छ ।'

मैले भने,- 'के गर्छौ त ? धन्न यति पनि बोलेको छ कठै भनन । थिरी ! म चाहन्छु हामी दुईविचको संवादमा आएको यो अप्ठेरो आजीवनलाई रहोस् । यसमा तिमीले आफ्नो भ्वाईलिनलाई रुवाउ र एउटा मिठो पार्शव सिम्फोनी निकाल अनि मलाई सम्झ । आफैले हामी दुईलाई सम्झ र अड्कल गर हामी विचमा आएको यो अप्ठेरोपनले हाम्रो मित्रता कति सुहाउदो बनाई दिएको छ ।'

प्लेटफर्मको माईकले ट्रेन आईपुगको जानकारी दियो । b.t.b.e. को आगमन हुदैछ भनेर लाईट स्क्रिन पोलहरू पनि झलमल बल्यो । मैले थिरी, मार्ला र ईनवालाई पालैपालो अंगालो मारेर गालामा म्वाई दिए । तिनीहरूले पनि त्यसै गरे । म ट्रेन भित्र पसे । बाहिरी पटी मेरो झ्यालको नजिक थिरी उभिएकी थिई । उसले भनी,- 'मनि ! फेरी फेरी आउछौ बर्मा मेरो हरिबिजोग हेर्नलाई ?'

म हाँसे मात्र ।

ट्रेनले प्रस्थानको साईरन बजायो । फ्लाग मेनले रातो झण्डा निकाल्यो पोलबाट र हरियो झण्डा हल्लायो । ट्रेन विस्तारै अगाडी बढ्यो । म ट्रेन भित्र ट्रेन सँगै अगाडि बढे । म सँग छोडिएका थिए ईनवा, मार्ला र थिरी । ट्रेन भित्र मैले धेरै त थिरीलाई सम्झिरहे । यस्तै पाराले उसले ड्रग्स सँग मोह कायम राखे थिरी धेरै बाँच्ने छैन अब । त्यसपछि उसको भ्वाईलिन नितान्तै टुहुरो हुनेछ । थिरीलाई उपहार स्वरुप लेखेर दिएको मेरो कविताले सिम्फोनी स्पर्शहरू पाउने छैन ।

यस्तै कल्पनाले ट्रेन यात्रा भरी मेरो मन अमिलो भईरहयो थिरीलाई सम्झेर ।

# आमाको जिउनी



जब काजीमानको होस खुल्यो, उसलाई एक प्रकारको अनौठो अप्ठेरो महसुस भयो। यस्तो प्रकारको अप्ठ्यारो काजीमानले जीवनमा पहिलो चोटी महसुस गरेको थियो। स्लायन वाटर स्टेण्ड, ब्लडकारित्तो प्याकेटहरू अलि अलि दर्दका आर्तनाद स्वरहरू। बल्ल उसलाई यकिन हुन सक्यो की यसबेला उ अस्पतालमा छ। उसको मानशपटलमा बिस्तारै बिस्तारै सबैकुराहरू उज्यालिन थाल्यो।

उ काम गर्दागर्दै मेशिनमा परेर सख्त घाईते भएको थियो। त्यसपछि के भयो उसलाई थाहा हुन सकेन। उसलाई त्यो अप्ठेरोपनले असहज जस्तो पारिरहेको थियो। अब उ झसङ्ग तर्सियो। धेरैमाथिबाट तल जरजर जमिनमा पछारिएर टुक्रा टुक्रामा विभक्त भए झै लाग्यो उसलाई। उ सिरानीमा घोप्टो परेर रोयो। निकै समयको रुवाई पछि उसले विस्तारै कम्बल भित्र चियायो। उसलाई आफू स्वयं म हैन झै लाग्यो। उसको दाहिने खुट्टा घुडा मुनीबाट काटिएको थियो।

प्रवास त त्यैबेला उसको कल्पनामा भत्कि सकेको थियो जव सम्झौता अनुसारको काम, तलव-सुविधाहरू पटक्कै थिएन, उ लागेको कम्पनीमा । चौतर्फी यस्तै समस्या थियो । आखिरी आफ्नै लगानीमा बेचिएर विदेशीनुको एउटा उपज भन्दा उतापटिको कुरा नहोला यो । एउटा ठूलो नैराश्यता र हिनताबोधको पिरामिड एकाएक उसको दृश्य र मानशपटलमा चाङ्ग बनेर थुप्रियो । देश फर्कौ त फर्किनुको, प्रवासमा बसौ त बस्नुको अब कुनै अर्थ रहेको थिएन । सपाङ्गहरूको त यो कान्त बिजोग छ, अपाङ्गहरूको के गणना होला ? भूमिगत जीवन बाचेको अबस्थामा छ अहिले उ ।

मानवताका कुरा र मानव अधिकारका कुराहरू मानव प्रति संवेदनाशिल भएर मानव प्रति नै देखाउनु पर्ने मानव स्वभावका कुराहरू, राज्यले देखाउनु पर्ने कुटनीतिक पहलहरू, धर्मले दिनु पर्ने धार्मिक संरक्षणहरू र प्रशासनले गुर्न पर्ने न्यायीक कुराहरू जव विधान र शास्त्रका ठेली भित्रबाट बाहिरको सामाजिक र ब्यवहारीक हावामा घोलिदैन तव यी यावत कुराहरू एउटा हात्तिका देखाउने दाह्रा भन्दा पृथक हुदैन । अनि यिनै यावत कुराहरूलाई कवच बनाएर रोजीरोटीको रथलाई जीवन पथको वान वे बाटोमा अन्धाधुन्ध हाक्ने सारथीहरूको पनि यहाँ कमी छैन । काजीमानले अब यी सब कुराहरू विस्तारै बुझ्दै गयो ।

भिषा थप्दै बसेको यो पाँचौ वर्षको अन्त्यतिर चै उसले नेपाल फर्कने सोच बनाएको थियो तर अब उसले आफ्नो सोचलाई पनि आफ्नो शरिरलाई झै अपाङ्ग ठान्यो र मुसुमुसु हाँस्यो ।

एकहुल साथी भनाउदाहरू यो घडीमा आलोचना लायक कै भए पनि उसले हालमा मौनता साँधेर बस्नुपरेको छ किनकी उसको पेटको भोक र उसको नश्वरदेहले उसको यो कारुणीक अबस्थालाई बुझ्न सक्दैन । कतिले त मुख यसरी खोल्थे,- 'छिटो यहाबाट जाने बन्दोवस्त गर्नु । हाम्रो वोसले थाहा पायो भने हामीलाई पनि गाह्रो पर्छ ।'

राती होष्टल खाली हुन्छ । उ बाहेक कोही हुदैन । पल्लो पट्टीको होष्टलमा बर्मिजहरू छन् । तिनीहरूले एउटा फिरन्ते बिरालोको नरलाई केही मासुका टुक्राहरू दिन्छ तर बिरालोको झुकाव मासु पट्टी देखिदैन । काजीमानको ओठ विस्तारै काम्यो र केही अस्फुष्ट स्वरमा बलैले बाहिरीयो ।

'मलेसिया !' गगनचुम्वी महल, अन्तर्राष्ट्रिय उडान, आकाश यात्रा अनि साईली-माईली अहो ! अन्तर्राष्ट्रिय अनि अन्तरजातिय प्रेम सोध्दा उनीहरू भन्थे,- 'कुरो नगरौ । कुरो गर्नलाई शब्द छैन तर मान्छेले एक पटक चै विदेश लाग्नै पर्ने रहेछ ।'

विदेशको जानकारी सम्बन्धी गोबर गणेश उपाधी भएकाहरूलाई के थाहा की उ पेपरमा वान्टेट ब्यक्ति हो भनेर । कसैले भन्छ र ? म अबैधानिक थिए, अबैधानिक हुण्डी चलाउथे, ठुटे एजेण्ड भएर घुमे अनि दुःख पाएका दुनियालाई ठगे भनेर । सबै कुरोको गुदी सम्म पुगेर फर्किएको काजीमानको वर्तमान अबस्थाले अब एउटा सम्झौता गऱ्यो । जे पर्छ त्यै टर्छ । होलानी केही न केही उपाय त । उसलाई रात भरी निन्द्रा परेन । उसको शुन्य आँखामा मलेसिया आउनु पूर्वको एक एक कुराहरू सलबलायो तोरीको फूल झै ।

एकफोक्टा बारी तोकेको जति रकममा बन्धक हुन नसकेपछि काजीमानले स्वास्नीलाई माईती नपठाएको पनि हैन तर ससुरालीबाट पनि १६ को ७ हातमा पऱ्यो खोलेत्त भएपछि उ रन्थनिदै स्वास्नीमाथी खनिएको सम्झना पनि उसलाई ताजै छ । 'विचरी फूलमाया !' स्वास्नी प्रति उसलाई टिठ

लागेर आयो । ठीकै त भनेकी थिई नी मोरीले पैसा भए त बाबुले दिन्नथ्यो र ज्वाईलाई ? नभएपछि के गरोस् ? ओली ओली नभन्नुस है मेरो माईतीलाई । के नै खाईदिए जस्तो । अनि कानको, नाकको, घाँटीको फुकाल्न नमान्दा फूलमायाले भुईफुट्टे ब्रुश्ली लोग्नेको एक राउण्ड किक् खानु परेको थियो ।

साँझ आमाले बोलाएर काजीमानलाई भनी,- बुहारीलाई किन हिर्काईस् ? यै बुद्धीले विदेश गरी खान्छस् ? ला यो कागज सबै मिलाउदा पुग्छ । भोली गएर साहुलाई बुझा ।

'यो तपाईको जिउनी हो ?' काजीमानले सोध्यो ।

आमाले भनी,- 'यो जिउनी हैन, जिउनी जस्तो मात्रै हो । यो जिउनीको लागि मैले यो जिउनीलाई साहुकोमा दिनै पर्छ ।'

काजीमान आमाको कुराले अलमल पऱ्यो र भन्यो,- 'आमाको के कुरा हो ?'

'फटाहा ! मेरो कुरा बुझ्ने भए बुहारी कुट्थीस् ?'

काजीमानले आमाको खै ! गराईमा एउटा मातृत्वको आभाष पायो र चुपचाप बस्यो ।

जव काजीमानले आकास गंगाको मार्ग हुदै मलेसियाको विमान स्थलमा पाईला टेक्यो त्यसपछि उसको प्रवासी जीवनमा भुकम्प गयो र बैजन्ती रंगले बुट्टा भरेका भावी सपनाहरू पनि एकाएक तुहियो । मलेसियाको अन्तर्राष्ट्रिय विमान स्थलको आगमन परिसर भरी यस्तो प्रकारको नेपाली शब्दहरू सुनियो,- 'दाई नेपाली पैसा छ ? साटौन । हामीसँग त सुको छैन । कम्पनी मालिक लिन नआएको महिना दिन भई सक्यो । दाई वाई-वाई बोक्नु भा'छ ? भाई केही रकम छैन ? नेपालमा मेनपावरलाई फोन गरौ भनेको । एजेण्टले फोन नै उठाउदैन । आउछु आउछु भनेको दुई महिना भईसक्यो तर खोई ? ए त्यो हामी भन्दा एक हप्ता अगाडी आउने साथीहरूलाई ? एयर पोर्ट ईमिग्रेसनको पुलिसले लग्यो रे ? फेरी एउटा हल्ला चल्यो । उ त्यहाँ एउटा मान्छे भोकले ढल्यो रे ।'

त्यसपछि उ मलेसियाको मुटु क्वालालम्पुरमा आईपुग्यो ।

शारिरीक बनौटमा मान्छे र पशुमा भिन्नता देखेपनि उसले प्रवासीहरू माथी गरीने मानव व्यवहार पशुहरूलाई गरिने भन्दा तल्लो स्तरको पायो । दास ईतिहासले स्पाटकरको अगाडी घुडा टेकेको ईतिहासलाई आजको यो प्रवासी माथि लादिएको रक्तपिपासु मालिकहरूको मनपरी तन्त्र माथि आधारीत नियम कानुनले जिस्काए झै भयो ।

काजीमानको शिर चक्रायो । उनले दुवै हातले आफ्नो शिर समातेर यसरी करायो की मानौ अहिले उसले आफूलाई अपाङ्ग भएको बिर्सिएको छ र उ अपाङ्गबाट एउटा घोर पागलमा परिणत भएको छ ।

उसले बैसाखीलाई ढोकामा ठटाउदै भन्यो,- ' चुकेको त हामी पनि छौ । नत्र भने यति विघ्न दुःख पाउनुको पछाडी के हामीबाट कुनै गल्तीहरू भएका छैनन् ? गल्ती गरिएको छैन ? प्रवासी भुमि प्रवासीहरूको निम्ती एउटा मंञ्चनथलो बनेको छ । जसलाई जे जसरी मन लाग्छ त्यसरी नै मंञ्चन गर्छ वर्तमानहरू ।'

नेपालमा हुदा साकार भयो की भएन, थियो की थिएन,तर यहाँ मलेसियामा सब साकार नभए पनि कार नै कार । साहित्यकार, गीतकार, कथाकार, गजलकार, पत्रकार, नाटककार । काजीमानलाई उठ्नै सम्मको रिसउठ्यो । कस्तो स्वभाव अझ हाम्रो ? के रे त्यो हाम्रो भाषामा ? ए अ....सार्वजानिक ससुराली घर । दिनभरीको ओटी सहितको हाजिरी आर.एम.....दुलेपानीमा झ्वाम्मै । अन्तराष्ट्रिय

जीवनजल (जाँड, रक्सी, वियर ) मा स्वाट्ट । विपनामा दश नङग्रा खियाउदा पनि नभएको सपनाको भर परेर 6d काटेको नम्बर पनि खुलित्तै । वाह रे ! गोर्खे वाह !

फेरी यो के रे ? संघ-संस्थाहरू । असारको झरीमा उम्रेको पड्के च्याँउ जस्तै । यो रे, उ रे । प्रवासीहरूलाई भऱ्याङ्ग बनाएर स्वार्थको जुनतारा टिप्न सम्म पछि परेका छैनन् यिनीहरू । मच्छड मार्न मस्क्युटो स्प्रे, मच्छड धुप भन्दा पहिला मच्छड नै चाहिन्छ भन्ने कुराको हेक्का मनमा नराखी तँछाड मछाड गर्दै खोलिएको रेमिटहरू । नेपालीहरूले प्राप्त गरेको आयको अनुपातमा खस्कन्दै छ रेमिटको अबस्था पनि । फेरी काजीमानले यसो सोच्यो र मनमनै भन्यो,- 'हैन कति त सकारात्मक कामहरू पनि गरेको छ संघ-संस्था र रेमिटहरूले । तर तर तर । वर्षभरी दुःख गरेको प्रवासी मजदुरको थकानलाई यहाको चाडवाडको बुई चढेर थकान मेटाउने अर्को उपाय कठै नेपालबाट झिकाएको तरुनी गायीका, नायीका र नृत्याङ्गनाहरूको सुडौलो सेतो तिघ्रा हेरेर थकान मेटिने भए, कम्मर भाँची भाँची छात्ति थर्काएको भरमा नेपालमा चाँडै शान्ति छाई जनताको गणतान्त्रिक संविधान लेखिने भए आज विमारी बोकेर गएको एम्बुलेन्सको शिशामा ढुङ्गा बर्सिदैन थियो । ीय यावत कुराहरू सम्झिदा त काजीमान शारिरीक अपाङ्ग त छदै थियो अझ उ मानसिक रुपले पनि अपाङ्ग भयो ।

के सोचेर हानिएको थियो मलेसिया के भयो । काजीमानको खासै ठूलो सपना थिएन । जे जसरी भएपनि घरवारी उकासेर आमाको जिउनी आमाकै चरणकमलमा चढाए पछि यसो घरगाउँतिरै खेलो गरीखाने सम्म रकम जोहो भएपछि काजीमान घर फर्कन चाहन्थ्यो । तर भयो सपना भताभुङ्ग ।

आफ्नो बर्बादीको पछाडी उ स्वयं जिम्मेवारी छ झै पनि लाग्यो उसलाई । नभए एउटा सामान्य सपना भित्र उसको यतिलामो प्रवास बसाई कसरी भयो । अनि काजीमानले सम्झियो, डिमाण्डका कुराहरू, जसले एउटा दुलेपानीको निम्ती धेरै योजनाहरूको प्रतिफललाई त्यसैमा चढायो । 'सायाङ्ग कु !' भनेर मस्किदिए पछि उ हुन्थ्यो पानी पानी । अनि भदौमा आँखा फुटेको गोरुले चैत बैसाखको खडेरीमा पनि हरियो देख्छ जतातत्तै भने झै भयो, गुलियोमा भवरा भुलियो । दुलेपानीको शक्तिले काजीमानलाई मात्र हैन उसको सपना सहित बगायो । आफू कुन बाटोमा थियो उसलाई हेक्का थिएन तर बेलाबखतमा स्वास्नीलाई मोवाईलबाट उ यसरी थकाएउथ्यो,- 'खोई कोनी है ! चोरले म चोर हुँ भन्छ ? खबरदार चर्लीस् ! किलो छोड्लीस् ? छोराको मुख हेरेर सुनपानीले चोख्याँउछ भन्ने नसोच् । म त त्यै नाठोलाई जिम्मालगाई दिन्छु ।'

अब काजीमानलाई खपिखानु भएन । उसले सोच्यो जसरी भए पनि नेपाल फर्कन्छु । तर कसरी ? पेटको दैनिकी आन्दोलन साम्य पार्न त उ परजिवीको अबस्थामा छ भने यो त एउटा बडो अकाट्यको टड्कारो समस्या हो उसको निम्ती । उसको मनमा अचानक एउटा कुरा आयो, 'एम्बेसी ।' पछि फेरी त्यो आशा बालुवामा पानी बिलाए झै भयो । आ...! एम्बेसी पनि म जस्तै अपाङ्ग छ । जोगीको घरमा सन्यासी पाहुना ! आखिरीमा केही सीप नलागेपछि विद्रोही पलायनवादी मनस्थितिलाई दवाएर उसले सहयोगको लागि चौतर्फी हात फैलायो । संसारको अस्तित्व नै मानवहीत विपरीत छैन भन्ने उसलाई त्योबेला लाग्यो जव उसलाई धेरथोर चौतर्फी सबैबाट सहयोग मिल्यो । त्यसपछि उसलाई एउटा कुरा पक्का के भयो भने, 'आफू अनुसारको च्यापु भनेको ठीकै रहेछ ।'

आज काजीमानको हातमा टिकट छ । सहयोगार्थ केही रकम पनि उसले पाएको छ । कसैकसैले विदाईको कोसेली स्वरुप उसलाई दैनिकीको भौतिक आवश्यक सामानहरूको पोका थमाई दिएको छ । आउदो साताको विहान उसको उडान छ । उडान हुने अघिल्लो रात काजीमान एक्लै धुरुधुरु रोईरहयो । उसले दुवै बैसाखी टेकेर ऐना अगाडी उभियो र आफूलाई ऐनाको परिधी भित्र हेर्‍यो, छाम्यो, दुवै बैसाखीलाई पालैपालो टक टक बजायो र हा हा हा गर्दै खुव मज्जाले हाँस्यो । साथीभाईहरूले पनि काजीमानको घरमा यो घट्नाको जानकारी दिन चाहेर पनि दिन सकेको थिएन । काजीमानले यसो भन्थ्यो,- 'यो खबर सुनेपछि त आमा ठहरै पर्नु हुन्छ ।'

एउटा लामो अतीतको छाँगाबाट बग्दै बर्तमानको यो धरातलसम्म आईपुग्दा विहानको चार बजीसकेछ । अघिल्लो दिन नै साथीहरूले बुकिङ्ग गरेको ट्याक्सी आईपुग्यो र उ ट्याक्सी भित्र पस्यो । विमान स्थलसम्म पुर्‍याउन एकजना साथी उसको साथमा थियो ।

रात झमक्कै परि सकेको थियो । एउटा मान्छेले यसो भन्दै थियो अर्को मान्छेलाई,- 'साहुले घरमा ताला लगाएपछि बडीहरू यहँ तल सरेको हो । तर यत्रो हुदा सम्म तपाईले घरमा जानकारी दिनु भएन किन ? याँबाट बडी र भाउजुले कति पटक फोन गर्नु भो तर तपाई सम्पर्कमा आउनु नै भएन । काजीमान दाई ! हुने हार दैव नटार भन्ने कथन छ त्यस्तरी बडी र भाउजुलाई ओझेलमै राख्नु थियो त अहिले किन आउनु भयो ?तपाई आउनुको कुनै औचित्य नै भएन त । के यो अबस्थामा तपाईलाई अचानक देख्दा उनीहरू माथी के बित्छ ?'

सानेको अगाडी थचक्क भुईमा बसेर काजीमान धुरुधुरु रोयो । सानेले भन्यो,- 'अब रोएर के काम ! तपाई नै हिम्मत हार्नु हुन्छ भने बडी र भाउजुले कसरी मन थाम्ला ? अब हिड्नुस् म पुर्‍याई दिन्छु तपाईलाई ।'

'यै घर ।' भनेर साने अर्को पटी लाग्यो । काजीमानले भन्यो,- 'तँ पनि आईज न !'

सानेले भन्यो,- 'अब के वित्ने हो बडी र भाउजु अनि सानो भतिजको मनमा यो घडीको मार्मीक दारुण अबस्थाको यथार्थ चित्रण हेर्न म मा आँट छैन अहिले । म भोली आउछु ।' अनि साने बिलायो अन्धकारमा ।

सुकुम्बासी बस्तीको एउटा साँगुरो गल्लीको पल्लो मोड निरको झोपडीको ढोका विस्तारै घ्याक्क गरेर उघ्रियो र एउटा थकित स्वर सुनियो,- 'आमा ...!'

एउटी बुढी आईमाई 'को ? काजीमान ?' भन्दै ढोका तर्फ आई । उनको पछि बुहारी र नाती पनि थियो । बुहारी चै ले धिब्री सल्काएर ल्याई । अब त्यो धिब्रीको धीमा उज्यालोमा पनि सबै अन्धकार भयो । आमा एकापटी बेहोस भएर ढली, उतापटि स्वास्नी घोप्टो परेर रुन थाली, सात वर्ष जतिको छोरा पनि बजु बजु भन्दै रोयो ।

लामो समयको रुवावासी रोकिएपछि काजीमानले भन्यो,-'नआउने विचार गरेको थिएँ आमा तर तपाईको जिउनी मैले फर्काउनु थियो त्यसैले म फर्किएर आईपुगे । साहुकोबाट जे जसरी भएनी तपाईको जिउनी चै म फर्काएरै छोड्छु । अरु कागज र तमसुकहरू जे होला होला तपाईको जिउनी मैले फर्काउनै पर्छ । दुधको भार हो पाप लाग्छ मलाई ।'

आमाले आँशु पुछ्दै भनी,- 'त्यो त कागजको सानो टुक्रा मात्र हो । मेरो जिउनी त जो थियो जे जस्तो छ आज आईपुग्यो आज मैले मेरो जिउनी पाएँ बाबु !'

कुनामा एउटा बाल अन्यौलता ईश्वरीय रुपमा थियो । त्यो बोल्यो,- 'बोजु ! उसको एउटा खुट्टा खोई ?'

बुढीले नातीलाई आफुपटी तानेर भन्यो,- 'बाबु ! उ त तिम्रो बाबा पो हो त ! जाऊ बाबाको छेवमा ।'

छोरा अलि हिच्किचायो । सायद अनौठो प्रकारको नौलो मान्छेको आगमन त्यो सानो बाल हृदयको निम्ती एउटा जिज्ञासा भयो होला पक्कै ।

हुनपनि त काजीमान परदेश लाग्दा उसको छोराको उमेर मुस्किलले पुगनपुग दुई वर्ष हुदै थियो । त्यो अवस्थामा को के कस्तो ? कसलाई के थाहा ?

काजीमानले छोरालाई अंगाल्न चाहदा उसले आफ्नो बैसाखीतिर हेर्‍यो । स्वास्नी चै ले पनि मलिन अनुहार लगाउदै एउटा कुनामा ठड्याईराखेको बैसाखी तिर हेरी र हात अगाडी बढाई । काजीमान उठ्न खोज्यो त्यैबेला परबाट छोरा दोडदै आयो र उसको सामुन्य उभियो र भन्यो,- 'बाबा ! हात दिनु त म उठाउछु ।'

स्वास्नी चै ले बरर आँशु झारी । काजीमानले पनि घुटुक्कै पियो आँशु । बुढी आमाले भन्यो,- 'देखिस काजीमान ! के भन्यो तलाई तेरो जिउनीले ? जे जस्तो भए पनि यै लालाबालालाई हेरेर तैले बाँच्नु पर्छ । यै तेरो पनि जिउनी हो । तेरो अंश हो । परदेशबाट तँ आईपुगिस् मेरो निम्ती यै हो मेरो अमूल्य जिउनी ।'

काजीमान खोच्याउदै अगाडी बढ्यो र आमाको खुट्टामा ढोग दियो । बुढी आमाले आँशु झार्दै भनी,- 'आज मैले मेरो जिउनी पाएँ, छोरा ! पाँए ।'

# ईश्वर



सदाकोले आमालाई भनीन्,- 'आमा ! घरबाट आउनुहुदा मलाई लेखीसिध्याएको पुरानो कपीहरू ल्याईदिनुस् है !'

बाबुले ट्वाल्ल परेर सदाकोलाई हेरीरह्यो । आमा नबोली झ्यालतिर गईन् र चुपचाप आँशु खसालीन् । तिनलाई यस्तो लाग्यो की यो आग्रह विदाईको हो । बाबुले स्नेह थाम्न सकेन र छोरीको छेवैमा गएर बस्यो अनि रुन्चे स्वरमा भन्यो,- 'कति पुग्यो अहिले सम्म ?'

सदाकोले तकिया पल्टाएर कपीको पाना गनी र यसो भनी,- 'भर्खर चालिस ।'

एउटी नर्स आएर फूकुदालाई सम्झायो,- 'तपाई आफ्नी छोरीसँग धेरै कुरा नगर्नुस् । उनलाई आराम चाहिएको छ । कुरुवा पर्दैन, हामी छौ भन्दा मान्नु हुन्न ।' अनि नर्सले सदाकोको रिजल्ट फर्ममा ध्यान दिएर हेरे पछि सुस्केरा छोडी ।

बाहिर बेन्चमा बस्दै फूकुदाले यसो भन्यो,- 'सिस्टर ! तपाईले चेरीको बोट देख्नु भा'छ ?' अनि फूकुदाले जवाफ नपर्खी भन्यो,- 'शिकोकुको माटोमा सधै कचडलिएको चेरीको बोट झै भईसकी मेरी छोरी ।'

त्यसपछि उ सुक्कसुक्क रोयो । अहिले सदाको निदाएकी थिई र टेवुलमा कपीका पानाहरू छरीएको थियो । फूकुदा एक किसान थियो र उसलाई अचेल शिकोकुको माटो प्रति विश्वास लाग्न छोडीसकेको थियो । किनभने शिकोकुबाट हिरोसिमा उत्तरी पश्चिममा पर्थ्यो तर नागासाकी जति टाढा हैन । नागासाकीका विकारले कुमामोतो सम्म छोएको र यसमा फूकुदा त्यति चिन्तित थिएन ।

रात चकमन्न रहदा अस्पतालको रात्री वातावरण ज्यादै उराठलाग्दो हुन्थ्यो । अनि त्यसमा एकादुई पदाचापको आवाजहरू सुनिन्थ्यो । चौतर्फी भयावह कोलाहलहीन एउटा शुन्यताले जन्माएको अन्तरभय । त्यो दोश्रो विश्व युद्धले जन्माएको पाशवीक मानव संहार र आर्तनाद जस्तो हैन । के निम्त्याएन त्यो आणवीक युद्धले ? आँधी आउनु अघिको सफा आकाश झै एउटा गार्भीक भय, एउटा अन्यौलता, मान्छेहरू हिड्दा हिड्दै टुक्रिएका थिए । खै कता लाग्दै थिए लावा लस्कर लागेर कोही ढल्थे तर उसलाई अरुले नाघेर हिड्थे अथवा उनैसँग ठोकिएर उनी माथि लड्थे ।

फूकुदाले सदाकोलाई नजिकबाट हेरिरहयो अनि मनमनै भन्यो,- 'प्यारी छोरी ! तिमी जाती बन न म तिमीलाई ओडाईबाको रेम्बो ब्रिज घुमाउन लैजाउला । होरयूजीको बौद्धीष्ट मन्दिरमा धुप बालौला । त्यहाबाट नारा ट्रेन स्टेशन घुम्न जाउला ।'

एउटी नर्स आएर उनलाई यसो भनी,- 'श्रीमान फूकुदा ! अब केही समय पछि ठूलो डक्टर आउनु हुन्छ के तपाई बाहिर गईदिन सक्नु हुन्छ ?'

फूकुदा बाहिर निस्कियो र बेन्चमा बस्यो । अनि उ केही परपतिरको पोखरीमा पुग्यो । त्यहा टहलियो । आकाशतिर हेर्दै छोरीको कपालको दुई चुल्ठीलाई सम्झिरह्यो । आह...! उ मनमनै गुनगुनायो । शिकोकुको माटोमा अझै चेरीको बिरुवाले स्वच्छ हावा फ्याँक्न सकेको छैन । युद्धले विभक्त कोपरेको हेर्दै एउटा डरलाग्दो युद्धमुखी अनुहार जहाँ सदाकोको दिप्ती मुहारको नर उज्यालीन्छ र ती त्राहीमाम लाग्ने अनुहारलाई थुक्न भनेर थुक्छ । एउटा ईश्वरको विचरण अनि उदाङ्गो रुप । आणविक हमला विच एउटा युद्ध विरामको सानो कपोर जो १९४२ र १९४५ को जर्जर पाशविक युद्धले निमोठ्न चाह्यो र निमोठ्यो । सूर्योदयको त्यो देशमा आणविकले बान्ता गरेको बिषादी कालो धुवाको मुस्लो अनि त्यसको एउटा भयानक चपेटोमा सृष्टीको गर्भ पतन भयो । मान्छेहरू कता हिडी रहेछन् ? विना उद्देश्य सपनाहीन आँखाहरूले मात्र एउटा महा-प्रलय ताकिरहेको भान हुन्छ । लाग्छ, उनीहरूमा अब कुनै जीवन छैन र जो बाँचिरहेछन् उनीहरू पनि मृत्यु प्राप्तीमा प्रतिक्षारत छन् ।

भोलीपल्ट विहानै मिका अस्पतालमा आई पुगी । उसले छोरीको कपालमा एउटा काईयो र एक थुङ्गा सेतो डेलिया फूल खिलीदीई । अनि भनी,- 'छोरी ! अब तिमी चाँडै जाती हुने छौ र गाउँको स्कुलमा कान्जिताकासँग जाने छौ र उनको अपाङ्ग भाईलाई पनि सहयोग गर्ने छौ । स्कुलको जन्म दिवशमा भागलिने छौ र धेरै भन्दा धेरै पुरस्कारहरू ल्याउने छौ ।'

सदाकोले आमालाई अश्रु नयनले हेरी र भनी,- 'आमा ! पहिले यो भन्नुस् की तपाईले मेरो निम्ती पुरानो कापीको पानाहरू ल्याई दिनु भो ?' अनि उसले परेली झिमिक्क नगरी मिकाको अनुहार ताकिरही । यसकारणले कि उनले एक हजारवटा कागजको उड्ने हाँस बनाई सक्नु पर्ने छ र त्यो उडे पछि उनी पूर्णरुपले जाती हुनेछीन् र त्यसपछि के के गरौला भनेर उनले सोचेकी छीन् । काठै-काठले निर्मीत प्रसिद्ध कियोमिजुको मन्दिरमा गएर कान्जिताकाको अपाङ्ग भाईको निम्ती प्राथना गर्नु पर्ने सोचेकी छीन् ।

फूकुदा स्वानीको छेवैमा आएर उभीयो र भन्यो,- 'युद्धले हाम्री छोरीलाई खाने भो अनि दुवै लोग्ने स्वास्नी एक आपसलाई अंगालेर धेरै रोए । तर त्यो सब सदाकोले देख्न सकिन किनकी एउटी नर्स आएर ति दम्पतीलाई बाहिर बसिदिने अनुरोध गरेकी थिई ।

नर्सले सोधी,- 'कति वटा पुऱ्याई सक्यौ ?'

'भर्खर साठीवटा पुग्दैछ । कागजै सकिएको थियो । बल्ल त आमाले कागज ल्याउनु भो ?' अनि उनी फेरी कागजको हाँस बनाउनमा जुटीन् । नर्सले उनको मन बहलाउने अभिप्रायले भनी,- 'शितकालीन याम आईपुग्दा सम्म त तिमी जाती भईसक्छौ सदाको ।'

सदाकोले मुसुक्क हाँसेर भनी,- 'त्यतिन्जेल त एकहजार वटा कागजको हाँस पनि त म बनाई सक्छु नी सिस्टर ।'

सदाकोको कुरा सुनेर नर्स डराई । उसको मनमा एक प्रकारको भयले निर्ममता सँग प्रहार गऱ्यो, 'साँच्चै सदाकोले बनाई सकीन् भने ! र उनी जाती भईनन् भने !'

सदाकोले यसो भनी,- 'सिस्टर ! अब म दश वर्ष पुग्नै लागे, वर्षको एकसयको हिसावको दरले दश वर्षको एक हजार हैन ? ल यो ठीक छ । आमाले सघाउछु भन्नु'भा थियो तर मैले मानीन । यति काम त म आफै फत्ते गरी हाल्छु नी ।'

दिनभरी कागजको हाँस बनाउदा बनाउदा थकित भएकी सदाकोले नर्सलाई भनी,- 'सिस्टर ! साँझ मलाई पल्लो झ्यालनिर लानुहोस् । त्यहाँबाट म जुन हेर्छु । हेर्छु अनि निलो आकाश फराकिलो ठूलो आकाश जहाँ अब मेरो हाँसहरू उड्दा यो आकाश ढाकिने छ, रमाईलो देखिने छ ।'

त्यो रात मध्य-प्रहर सदाकोको स्वास्थ्यमा अचनक गडवडी भयो । उनलाई प्रथम त बान्ता भयो र बान्तामा रगतका केही थोपाहरू मिसिएको थियो । विहान हुने ताका सम्म त उ अचेतन अबस्थामा लडिरहेकी थिई । सदाकोको केश लिने प्रमुख डाक्टरले टोक्यो स्थित ओपेरा सिटीको डक्टरहरूलाई सदाकोको बारेमा जानकारी दियो । सबैको संयुक्त प्रयासबाट यो विपत्तीलाई केही दिन थमौती दिनेसम्म काम हुन सक्यो । त्यसको विहानै मिकाले प्रमुख डाक्टरसँग एक घण्टाको अनुमती लिएर सदाकोलाई भेटी । उ कागजको हाँस बनाउनमा व्यस्त थिई । उसले आफ्नी आमालाई देखि र यसो भनी,- 'नमस्ते आमा ! एकसय असी वटा पुऱ्याउनै आँटे !'

मिकाले पेपर रंग ल्याएकी थिई र एक सानो बोतलमा केमीकल वाटर पनि अनि त्यसैमा ब्रश भिजाउदै पेपर रंगमा दली र सदाकोले बनाएको कागजको हाँसहरूलाई रंगाउन थाली । आँखा बनाई मिकाले र वरीपरी डीम कालोले सेडो दिई । पखेटाहरूमा प्वाँखको बुट्टा भरी र थुतुनो अनि खुट्टाहरूमा पहेलो अलि अलि हरियो मिसाएर लगाई । एक्कासी उनको मुखबाट शब्द फुत्कियो,- 'छोरी !'

'हजुर !'

'तिमीलाई थाहा छ ?'

'के आमा ?' यो पाली सदाकोले आमा तिर हेरी । मानौ आमाको प्रश्नमा उनीले एउटा समाधान दिनु पर्ने छ । फेरी उसले भनी,- 'भन्नुस् न आमा !'

'मान्छे मरेर गएपछि फूल बन्छ । तारा बन्छ । बादल, झर्ना, पहाड सबै सबै बन्छ ।'

'त्यसो भए कान्जिताकाकी आमा नि त ?' एउटा जिज्ञासा लिएर आमालाई सोधी सदाकोले ।

'उनी पनि तारा भईसकीन् ।'

'तर उसको बाबुले त रक्सी खाएर पिट्दा तँ मरिस् भने चुडैल हुन्छेस् भन्नु हुन्थ्यो ।'

'त्यो त बित्थामा भनेको त्यो रक्स्याहाले ।'

'ला...! बल्ल दुईसय पाँच वटा भयो ।'

एउटी नर्स आएर भनी,- 'श्रीमती मीका ! तपाईको एक घण्टा पुग्यो । फेरी सदाकोलाई आराम गर्नु पनि त छ नी !'

त्यसपछि मीका बाहिर निस्की ।

सन्ध्या खसे पछि धर्तीमा आकाशले जूनको मद्धिम उज्यालोमा जल स्नान गऱ्यो । एउटी नर्सले सदाकोलाई ह्विल चेयरमा राखेर पल्लो पट्टीको झ्यालनिर लगी । सदाकोले भनी,- 'हो यै भनेको । याँबाट म एकछिन आकाश हेर्छु । मेरो कागजको हाँसहरूले यो आकाशमा उड्नु छ, पखेटा फट्कार्दै ।' उसले एउटा हाँस खल्तीमा हालेकी थिई र त्यो निकाली अनि आकाशसँग दाँजेपछि समर्थनको लवजमा भनी,- ' मेरै हाँस राम्रो नी !

त्यो बेला नर्सले सोधी,- 'टेलिस्कोपको कन्ट्याक लेन्सबाट आकाश हेर्न चाहन्छौ तिमी ?

सदाकोले मौन भएर भनी,- 'सिस्टर ! त्यहाबाट सिङ्गो आकाश देखिदैन । आकाशलाई त्यसले एउटा घनत्व भित्र बाँध्छ । म आफ्नै आँखाबाट सारा आकाशको फैलावट हेर्न चाहन्छु । ठूलो ठूलो फैलावट ।'

समय बित्नुको पछि सदाको दिनानु दिन सुक्दै गई । घरीघरी उ प्राण झर्ने गरी खोक्थी र झण्डै झण्डै मुर्छा हुन्थी । पर कुनाबाट लुकेर हेरेका दम्पतीले आशु झार्दै भगवानलाई सम्झनु सिवाय अरु केही गर्न सक्दैनथे ।

सदाकोको शारिरीक अबस्था अझ बिग्रदै गयो । यस बिचमा उसले जबरजस्ती उठेर कागजको हाँस बनाउने प्रयास गरी तर जव उ उठ्थी उसलाई थामि नसकनुको चक्कर आउथ्यो र उ पुन ओच्छ्यानमै पल्टिन्थी । त्यसो हुदा उसको कागजको हाँसको संख्या बढ्ने क्रममा गतिरोध उत्पन्न भयो । एउटा बेतको गोलाकार ढाकीमा सदाकोले कागजको हाँसहरू राखेर ढाकीलाई टेबुलको छेवैमा राखेकी थिई । त्यै सबलाई हेरेर सदाकोले दिन काट्न थाली ।

एकदिन एउटा डाक्टरले भन्यो,- 'ईश्वर यति बिघ्न दयाहीन र कठोर हुन्छ भन्ने कुरा मैले विश्वासै गरेको थिईन । सदाको केही दिनको लागि मात्र पाहुना भएकी छे यो संसारमा । तर पनि हामी सक्दो प्रयास गरिरहेछौ । एउटा कुनै चमत्कार हुन्छकी भन्ने आशाले । बरु अब त उनलाई हामीहरूले पनि कागजको हाँस बनाउन सहयोग गरे राम्रो हुन्छ ।'

डाक्टरको कुरा सुने पछि मीका धरधरी रोई । फूकुदा चै यसो भन्दैथियो,- 'मैले छोरीलाई ओडाईबाको रेम्बो ब्रिज घुम्न जाउला भनेको थिए । होरयूजीको बौद्धीष्ट मन्दिरमा धुप बालौला भनेको थिए अनि त्यहाँबाट नारा ट्रेन स्टेशन घुम्न जानु पर्छ भनेको थिए । अधुरै भयो यी कुराहरू ।'

एकदिन एउटी नर्स रातीको ड्युटीमा थिई । उनले बेहोस अबस्थामा पल्टीएकी सदाकोलाई बिस्तारै सुमसुम्याई अनि ढाकीमा भएको कागजको हाँसहरूलाई हेर्दै भनी,- 'ए हाँसहरू हो ! एक हजार पुगेर माथि माथि आकाश तिर उडन तिमीहरू ।' त्यसपछि उसले दुवै हातले आफ्नो अनुहार छोपी र धुरुधुरु रोई अनि त्यो रोदनसँगै विच विचमा भनी,- 'सदाको मलाई माफ गरिदेऊ, तिम्रो कलिलो भावना सँग मैले विश्वासघात गरे ।'

पर्सीपल्टको कुरो हो, सदाकोले केही भन्न चाहेकी थिई तर उसको बाक्य बन्द भईसकेको थियो । अचेत अबस्थामा रहेकी सदाकोलाई हतार हतार आईसियुमा लगेर राखीयो अनि डबल ब्यारोमिटर भएको अक्सिजन सिलिण्डर दिईयो । सदाकोलाई शुलभ प्रकारको मास्क भित्र राखिएको थियो । केही डाक्टर र नर्सहरूको अलावा छोरीलाई अन्तिम विदाई गर्न फूकुदा र मीका पनि वार्ड भित्रै थिए । अचानक सदाकोको श्वास प्रश्वासमा ठूलो गती आयो तर उनको यो अन्तिम अबस्थाको संकेत सम्झेर डाक्टरले भन्यो,- 'अहिले सम्म त सिलिण्डरको भरले थेगिरहेको छ । उनलाई यति धेरै कष्ट किन दिने, मास्क निकालौ ?'

फूकुदा घोप्टो परेर रुदै भन्यो,- 'म के भनौ डाक्टर साहव ! मेरो त छोरी रहीनन् ।'

फेरी सदाकोको श्वास प्रश्वास प्रकृयामा धीमापन आयो र यो क्रमशः धीमाधीमा हुदै गयो । सिलिण्डरको ब्यारोमिटर भित्र रहेको दुवै लेवल पोईन्टहरू बिस्तारै मात्र हल्लिरहेको थियो । एक छिन पछि त्यो पनि हल्लिन छोड्यो र स्थिर भयो । एउटी नर्सले डाक्टरको ईसारा पाएपछि सदाकोको अनुहार बाट मास्क निकाली । सदाकोको दुवै आँखा खुल्ला थियो । डाक्टरले सदाकोको खुल्ला आँखा एकछिन सम्म हेरे पछि आफ्नो हातले बन्द गरिदियो ।

युद्धको एउटा मौन तर भयावह चित्रण थियो सदाकोको निर्दोष आँखा भित्र । जो अहिले पनि एक सुर भएर आगोमा अग्राख कोईलाहरू स्विकारी रहेको थियो । जहाँ मानव र बनस्पतीको गठवन्धन माझ चेरीको विरुवा हुर्कन सकेको थिएन शिकोकुको माटोमा । बनस्पती र जीवात्मा प्रति ईश्वरको जो अनुपम र सुन्दर संरचना थियो, त्यो सदाकोको शुन्य आँखा भित्र थियो र उनी झै प्राणहीन थियो । नभए सूर्योदयको देशलाई जो एउटा अद्‌भुत लेसर प्राविधीक चमत्कारलाई लिएर अहिले पनि रेसको मैदानमा अहिले सम्म अगाडी दौडिरहेछ । अनुपम प्राकृतिक सुन्दरताको अंग प्रत्याङ्गहरू फूजी माउन्टेन, ओडाईबाको रेम्बो ब्रिज, फूजीमाउन्टेनको फेदीबाट हुदै आएर जमेको अशी पोखरी, याकुसीजी मन्दिर, शन-माची सुजीका पुरानो ऐतिहाँसिक काष्ठ भवनहरू, असो पार्क, ईडो म्यूजियम, कानसाई अन्तर्राष्ट्रिय विमान स्थल, सिनकानसेनको बुलेट रेलवे सेवा आदी ईत्यादी । अनि यिनै प्राकृतिक र भौतिक सुन्दरताको वाह वाह विच एउटा कुरुप दाग लुकेको थियो । कुनै एक सुन्दरी युवतीको अनुहारमा तेजावको झोल परेको झै, हिरोसीमा र नागासाकीका अनुहारहरू ।

डाक्टरले यो सबै देख्यो, सबै पढ्यो सदाकोको निर्दोश आँखा भित्र । कस्तो ईश्वरीय विश्वास, ईश्वरीय प्रेम थियो उनको कागजको निष्प्राण हाँसहरू माथि । कसले खेल्यो एउटा ईश्वरसँग नौटंकी सान्त्वनाका शब्द दोहरी ?

सदाकोलाई दफन गरेर फर्किएको साँझ फूकुदाले पिउनै सम्म रक्सि पियो । तर पनि छोरीको सम्झना अलिकती कम हुन सकेन । बेतको ढाकीमा थुप्रिएर रहेको कागजको हाँसहरू जस्ताको त्यस्तै थियो र अर्धपागल अबस्था विच नै ति कागजको हाँसहरूलाई एक एक गरी मीकाले रंगाउदै थिई । त्यो देखेर फूकुदाको मन रोयो । उनले छात्ति पिटी पिटी भन्यो,- 'ए कागजको हाँसहरू हो ! तिमीहरू उड न उड, माथि-माथि आकशसम्म उड ।'

तर कठै ! कागजको हाँस किन उड्थ्यो ।

✦✦✦

# श्रापित तपोभूमि



प्रधान दम्पतीको सपना आज पुरा भएको छ । यस संघर्षमा अरुणले संघर्षको अन्तिम घडी सम्म शुष्मालाई साथ दिन नसकेता पनि अरुणकै उपार्जन हो यो सपना र छोरी भनेर जीवनको आधा आयु शुष्माले यो संघर्षमा खर्चेकी थिई । यो सपनालाई आज ममताले पुरा गरेर फर्किएकी छे , कोलकता कला विद्यालयबाट ।

जाडोको मौसम, कोलनीको चहलपहल साँझ खस्नासाथ साम्य हुदै गयो । हिटरको तातोपनमा बसेर शुष्माले स्क्याप बुनिरहेकी थिई । त्यैबेला पल्लो कोठाको ढोका खुल्यो र ममता देखापरी र भनी,-
'माम्मा !'

शुष्माले उनलाई छात्तिमा लगाई र विस्तारै भनी,- 'छोरी ! मलाई थाहा छ मेरो प्रमिस । आज म भन्छु सबै-सबै भन्छु, तिमीलाई जान्ने अधिकार छ ।'

त्यसपछि शुष्माले छोरीको अनुहारमा राम्रो सँग निहालेर हेरी र भनी,- 'शुष्मा एउटा बेश्या थिई । तिम्री आमा विगतका दिनहरूमा एउटी नामुद बेश्या कहलाउथी ।' अनि शुष्माको नयनमा आँशु भरीयो । उ शनैशनै अतीतमा बग्दै गई ।

'एउटा शान्त हल, गुलावी मधुरो विजुलीको प्रकाशमा स्नानयुक्त शान्त संन्ध्याको घडी माझ, क्यानभाशका केही कपीहरू हातमा पेन्सिलसँग च्यापेर बडो धीर कसैको प्रतिक्षामा धनिभुत आर्टस्का विद्यार्थीहरू । धैर्यताको पखाई विच प्रोफेसरले दुई पटक दिवाल घडीमा हेरे पछि परको एउटा सानो क्याविनको ढोका विस्तारै खुल्यो र त्यसभित्रबाट एउटा मानव आकृती विस्तारै विस्तारै अगाडी बढ्दै विद्यार्थीहरूतिर लम्कियो । लाईटम्यानले आकृतीतिर स्ट्याण्ड घुमायो र आकृती माथि डिम सेतो प्रकाश फ्याँक्यो । अब आकृतीको रुप विस्तारै विस्तारै खुलिदै आयो ।

हलको गुलावी र स्टउण्डबाट भएको रंगको मादक समायोजनमा आकृतीको रुप ८० प्रतिशत उघ्रियो । त्यो एउटी युवतीको आकृती थियो । यस्तै बीस-एक्काईस वर्ष जतीकी मस्त युवतीको थिई । विद्यार्थीहरूले त्यो सब श्वास रोकेर हेरीरहेका थिए । युवतीले सेतो पातलो नाईटी लगाएकी थिई । युवती विस्तारै अगाडी आई र विद्यार्थीहरूको माझमा बनाएको सानो ओपन स्टेजमा चढी । लाईटम्यानले उनी तर्फ फोकस दियो । युवतीले केही आसनहरूमा शरिरलाई लच्काउदै विस्तारै विस्तारै नाईटी खोल्न थाली । लाईटम्यानले ईनडेक्स अनुरुप लाईटको कलरहरूमा परिवर्तन दियो । निलो..रातो..गुलावी..पहेलो । प्रोफेसरले सेडोको बारेमा धेरैकुराहरू भने विद्यार्थीहरूले त्यो नोट गरे । अन्तिम आईटममा युवतीको अर्ध-खुला शरिरको बनावटलाई विद्यार्थीहरूले क्यानभाशमा त्यस्तै अर्मुत उतारे । प्रोग्रामको अन्तिम चरणमा हल विजुलीको चम्किलो प्रकाशमा नुहायो र त्यसमा युवतीको रुप निखारीयो । युवती बेहद राम्री थिई । उनको शरीरको वनावटमा सृष्टीको कला मोहीनी रुपमा कुँदिएको थियो । युवतीलाई देखेर सबैजना अबाक भए । युवती ओपनस्टेजबाट तल झरी र सबैको सामु अलिकती झुकी । त्यसपछि उसले नाईटी टिपी र लगाई ।

एउटाले सोध्यो,- 'सर ! यिनको नाम नी ?'

प्रोफेसरले भन्यो,- 'माफ गर्नुहोला नाम नबताउने सर्तमा यिनी यहा आउन राजी भएकी हुन् ।'

त्यसपछि युवती बाहिर लागी र बाहिरको अंन्धकारमा हराई ।

'नमस्ते !' युवकले हात जोडेको थियो । युवतीले उनलाई निकैबेर हेरी रही ।

'म तिमीलाई चिन्छु ।' युवतीले युवकको बोलीमा एउटा सामिप्यताको आभाष पाई तर सायद यो धोका त हैन भन्ने शंकाले डराई ।

'कसरी चिन्नु भो मलाई ? कहाँ देख्नु भएको थियो ? म त तपाईलाई चिन्दिन त ? खै याद गर्नै सकिन मैले ।'

युवकले भन्यो,- 'त्यो आर्टस् कलेजको हलमा । विद्यार्थीहरू माझ । ओपन स्टेज ।'

युवतीले शिर झुकाई ।

'म अरुण, आर्टस्को विद्यार्थी ।'

त्यसपछि युवतीले भनी,- 'त्यो मेरो बाध्यतावस अंगाल्नु परेको पेशा थियो । कृपया प्रेस सम्म नपुऱ्याईदिनु होला यो कुरालाई । म शुष्मा ! तपाई त कवि अनि आर्टीष्ट पनि हुनुहुदो रहेछ । खै म त यस्तै भए ।'

अरुणले भन्यो,- ' साहित्य र चित्रकलाको निर्धारीत सीमा हुदैन । यसको फैलावट छ तर सीमा छैन । म त भर्खर चित्र कोर्न सिक्दैछु अनि यसैको बारेमा पढ्दैछु ।'

तिनीहरूको अगाडी चिया आईपुग्यो । अरुण बोल्यो,- 'तिम्रो बारेमा मलाई केही त सुनाउ !'

शुष्माले भनी,- 'आज मलाई हतार छ, अरु कुनैदिन ।'

एउटा प्रतिक्षाको छट्पटिदो रात डल्लै अनिदो काटेको छ, अरुणले । अनि त्यसैको भोलीपल्ट उ चुपचाप छ । शुष्मा पनि चुप छे तर अतीतमा डुबेकी छे ।

पुर्वी नेपालको काकडभिट्टामा हामी भाडाको घरमा बस्थ्यौ । म सानै छदाँ आमा मरीन्, म टुहुरी भए । बाबुले बस चलाउथ्यो । मलाई काकाकोमा राखेर पछि बाबुले अर्कै विवाह गरेर कतै बस्यो । कहिले कही आउथ्यो मलाई लैजाउ भन्दा पनि मान्दैन थियो । दुखै दुखको घडी टेकेर म बढ्दै गए । काका त ठीकै थियो तर काकीको कुटाई र वचनले म धेरै तड्पिएको थिए । ईण्डीयाको एउटा कपडा व्यापारीले दिल्ही लगेर माहाजनको पसलमा काममा लगाई दिने आश्वासन दियो । त्यै सँग भागेर म दिल्ही पुगे । त्यसले विश्वासघात गऱ्यो । मैले चिया पिए त्यसपछि मलाई निन्द्रा लाग्यो । भोलीपल्ट आँखा खुल्दा म एउटा ठूलो कोठामा एक्लै थिए । त्यो वेश्यालय थियो । त्यसरात त्यो ब्यापरी आयो र मलाई भोग्यो । त्यसपछि क्रमश....। एक वर्ष वेश्यालयमा बसे । नहुने रहेछ भन्ने लाग्यो । एकदिन त्यहाबाट भाग्न सफल भए । शहरमा मजदुरी पनि पाईन । पुनः बेश्यावृत्ति नै अपनाए, तर फर्केर वेश्यालय गईन । त्यसपछि सबैकुरा पेटको ज्वाला र दिल्ही शहरको फुटपाथले सिकायो । पछि म नामुद कलगर्ल भए । अहिले म यै रुपमा तपाईको सामु उपस्थित छु ।'

शुष्माले सासुलाई खुट्टामा ढोग गरी । शुष्माको बारेमा अरुणले आमालाई सबै कुरा भनेको थियो । सासुले भनी,- 'बुहारी मान्छे परिस्थितिको दास हो कुमार्गबाट सुमार्गतिर लम्कनु राम्रो कुरा हो । मलाई तिम्रो अतीत सँग कुनै सरोकार छैन । अब त म यो मात्र चाहन्छु की तिमीहरूको दाम्पत्य जीवन सफल बनोस् ।' शुष्मा सासुको अंगालो भित्र खुव रोई, रोईरही ।

शुष्माले अरुणलाई भनी,- 'तपाईले भन्नुहुन्थ्यो म तपाईको जीवनमा आएँ भने मात्र तपाईले आफ्नो परिवारको बारेमा भन्नेछु नत्र त भन्नुको कुनै अर्थ रहदैन भन्नुहुन्थ्यो, म तपाईको भै'सके, खोई तपाईको वचन ?'

त्यो रातभरी अरुणले शुष्मालाई आफ्नो परिवारको विगत बतायो र अन्त्यमा भन्यो,- 'जेक राईफलको एउटा बहादुर गोर्खा कमाण्डो कमिसर आतंकवादीहरूको मुडभेडमा शहिद भयो । सरकारले बाबुको पेन्शन दियो, आमालाई अस्पतालमा नोकरी । म सरकारी आर्मी स्कुलमा दाखिला भए । मलाई सिपाही बन्नु थिएन । मेरो मोह त सानैबाट साहित्य र चित्र प्रति थियो । त्यसैले आर्मी स्कुल छोडी दिए ।'

आमा र शुष्माले सम्झाउदा पनि अरुणले मानेन र भन्यो,- 'आमा ! तपाईको पेन्शन हुन अब धेरै वर्ष छैन । फेरी तपाई रोगी, घरको जिम्मेवारी अब मेरो टाउकोमा छ । म आफू आर्टीष्ट बन्न सकिन

त के भयो अब आउने हाम्रो सन्तानले मेरो यो सपना पुरा गर्ने छ ।' त्यसपछि अरुणले शुष्माको हात समातेर भन्यो,- 'हो शुष्मा ! अब मेरो अधुरो रहेको सपना हाम्रो आउने सन्तानले पुरा गर्ने छ । तिमी मलाई साथ मात्र देउ ।'

शुष्माले यसरी वचन दिई,- 'म तपाईको चरणधुली, तपाईको ईच्छा म शिरोधार्य गर्छु ।'

तीन महिनाको पेट थियो शुष्माको । यो देखेर अरुणले भन्यो,- 'शुष्मा ! तिमीलाई धेरै धेरै धन्यवाद । तिमी आमा बन्दैछौ र मैले पनि बाबु बन्ने सौभाग्य तिमी सँगसँगै पाए । अब यो हाम्रो सन्तानलाई ठूलो आर्टीष्ट बनाउनु पर्छ ।'

शुष्माले यसो भनी,- 'छोरी जन्मिई भने नी ?'

'के भो त छोरी जन्मदा ? छोरी मान्छे पनि आर्टीष्ट बन्न सक्छे । यसमा नर र नारीको के कुरा ! थाहा छ ? त्यो प्रोफेसरकी श्रीमती पनि त ठूलो चित्रकार हुन् । अस्तीमात्र महाराष्ट्रको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय आर्टस् एक्जिविशनमा भाग लिन बाहिरी देशमा गईन् ।'

एउटा प्राईभेट, नामी ठूलो कलाकुटीरमा अरुणले काम पायो । सानो परिवारको एउटा थोरै आयश्रोत, अब भने केही राहत भयो । मालिकको विश्वासी बन्नुमा अरुणलाई धेरै समय लागेन । अब प्राय एग्रिमेन्ट अनुसारको होडिङ्गबोर्ड बनाउन दलबल लिएर अरुण नै जान थाल्यो । त्यस समयको विचमा शुष्माले फूल जस्तै छोरी जन्माई । सासु रोगी भएकीले शुष्माले उनलाई नोकरी छोड्न कर गरी । सासुले चै यसो भन्थी,- 'मुखैमा आईपुगेको छ, पेन्शन किन नपकाउने र ! यो सब तिमीहरू कै लागि गर्दैछु । अरुणको नोकरीको के भर ! त्यो प्राईभेट हो आज छ भोली छैन ।'

एकदिन बेलुकीपख फोनको घण्टी बज्यो । शुष्माले रिसिभर उठाई अनि कानमा राखेर भनी,- 'हेल्लो !' त्यसपछि उ भुईमा लडी र बेहोस भई । फोन अस्पतालबाट आएको थियो ।

त्यसपछि शुष्माको बाक्य रोकियो । गला अबरुद्ध भयो । उ सुकसुक गर्दै रुन थाली ।

ममताले आमालाई अंगालोमा कसी र रोदनिय स्वरमा भनी,- 'सरी मम्मी !'

शुष्माले आँशु पुछेर भनी,- 'हैन छोरी ! तिमीले जान्नु जरुरी छ त्यसपछि के भयो । गाडी दुर्घटना भएको ठाउँको पुलिस विवरण, लासको पोसमार्टम, यताउताको कानुनी झमेला मिलाई सक्दा भोलीपल्ट बेलुकीको पाँच बजेताका मात्र हामीलाई अस्पतालले लास जिम्मा दियो । तिमी तीन वर्ष पुगेर चारमा हिड्दै थियौ ।'

'नमस्कार सर !'

'नमस्कार, नमस्कार ।'

'एडमिसन ओपन देखेर म बच्चाको भर्नाको निम्ती आएकी हुँ ।'

'नानीको अभिभावक नि ?'

'म आमा हुँ ।'

'मैले नानीको बाबु सोधेको ?'

शुष्माले केही अप्ठेरो मान्दै भनी,- 'वाहा हुनुहुन्न यो संसारमा ।'

'ओ सरी !' भन्दै प्रिन्सीपलले अरु डकुमेन्टसहरू माग्यो । विवाह दर्ता प्रमाण पत्र, जन्म दर्ता प्रमाण पत्र, मृत्यु दर्ता प्रमाण पत्र र अन्य आवश्यक कागजपत्र बुझाई शुष्माले । त्यैबेला एउटा मान्छे आएर

प्रिन्सीपलको कानैमा के के भन्यो त्यसपछि प्रिन्सीपल हच्कियो र भन्यो,- 'माफ गर्नुहोला नानीको एड्मिसन हुन सक्दैन ।'

आश्चर्यमा परी शुष्मा र भनी,- 'किन हुन सक्दैन ? के भयो ? के प्रावधान पुगेन ?'

प्रिन्सीपलले भन्यो,- 'हेर्नुस, हुदैन भनेपछि सकियो । यसकुरामा तपाईले जोड नगर्नु नै राम्रो हुन्छ ।'

शुष्माले अलि कडा स्वरमा भनी,- 'तर म जान्न चाहन्छु ।'

प्रिन्सिपलले भन्यो,- 'यो डकुमेन्टसहरूबाट तपाईको ठेगाना मलाई थाहा भयो । बच्चीको एड्मिसन हुन नसक्नुको कारण म भोली पर्सीतिर तपाईकै ठेगानामा पठाई दिन्छु । अहिलेलाई तपाई जानुस् ।'

एउटा मान्छे आएर शुष्मालाई एउटा ठूलो बन्द लिफा दियो । शुष्माले त्यो मान्छेलाई चिनी । त्यो मान्छे थियो बोर्डिङ्ग स्कुलको पियन । त्यो मान्छे गए पछि शुष्माले त्यो लिफा खोलेर हेरी, त्यसपछि शुष्मालाई अचानक छाँगाबाट खसेझै लाग्यो । उनलाई चक्कर लाग्यो । लिफा भित्र एउटा ब्लु मेगेजिन थियो जसको बाहिरी कभरमा एउटी नग्न युवतीको तस्विर थियो । त्यो तस्विर शुष्माकै थियो जो उनले एक पटक आर्टस् कलेजको हलमा विद्यार्थीहरू माझ नग्न शारिरीक आसनहरू देखाएकी थिई । त्यै आसन मध्यको एक आसनको तस्विर ब्लु मेगेजिनको कभरमा थियो । शुष्मा छक्कै परी । त्यो बेला त कसैले फोटो खिचेको थिएन । अब भने शुष्मालाई कुरो बुझ्नु कठिन भएन । उसले विस्तारै शिर हल्लाई, 'अ...! कसैले लुकेर मेरो फोटो खिचेछ त्यो बेला जो मलाई थाहा हुन सकेन ।'

ज्हा जहा गए पनि जुन जुन स्कुलतिर भौतारीए पनि ब्लु मेगेजिनमा भएको फोटोको कारण सानी ममताको एडमिसन हुन सकेन । ममताकै निम्ती अब शुष्माले यो शहर छोड्ने निर्णय गरी । सासुको पेन्शन र कार्यक्षेत्र पनि सार्न पर्ने भयो र त्यो पनि गरी । माहाराष्ट्रको माटोले शुष्मालाई शरणमा लियो ।

सप्तरंगी कलाकेन्द्र अधेरीले आयोजना गरेको चित्रकला प्रदर्शनीबाट ममतालाई निम्तो आएको थियो र उ त्यहा भाग लिन गएकी थिई । आयोजक कमिटीहरूले बनाएको निर्णायक मण्डलीहरूबाट यसपालीको उत्कृष्ट चित्रकलाको पुरस्कार ममता प्रधानले पाउने घोषणा निर्णायक मण्डलीले सुनायो ।

आज शुष्माको ४६ औ जन्मदिन । उसले केही साथीहरूलाई मात्र निम्त्याएकी छे । ममताले पनि आफ्ना हितैसी एक दुई सहपाठीहरूलाई डाकेकी छिन् ।

बुढी सासुले थरथर काम्दै शुष्मालाई टिका लगाई दिईन् । 'विधुवीको निधारमा रातो टिका !' उनको मन-प्राणमा एउटा भुकम्प गयो र नयनबाट मोती खस्यो । त्यत्तिकैमा उसले क्यान्डीलको बत्ति निभाई, केक काटी, सबैले जन्मदिनको शुभकामना सहित थपडी बजाए । उपहारहरू लिएर क्रमश टेवुलमा थुप्रिए । त्यैबेला हातमा एउटा ठूलो प्याकिङ्ग गरेको उपहार लिएर ममता अगाडी आई र भनी,- 'माम्मा ! जन्मदिनको शुभकामना । हजुरलाई यो मेरो तर्फबाट उपहार ।'

पातलो सेतो नाईटी, त्यस भित्र अनिच्छाले कैद भएकी, बाहिर आउन आतुर एउटी युवतीको कामुक कलशी वदन, विभिन्न रंगहरूको प्रकाशमा उन्मादले छल्किए झै तर आफैमा एउटा निरबता समेटेर चुपचाप, प्रोफेसरको ईसारामा शरिरलाई हलचल दिएपछि युवा विद्यार्थीहरूको नजरसँग एकल युद्धरत । जहा जहा भाँचिन्छ शरिरका जोर्नीहरू, लाईटम्यानको फोकसले त्यसलाई ईकित गरेको, अनि छायाँको

बारेमा एउटा महत्वपूर्ण टिप्पणी । देउरालीको आकारमा निर्मीत बक्षस्थल र दुई नितम्बको उचाईमा समाहित पारदर्शी झिल्ली, सेतो नाईटी भित्र एउटी विवश युवती शुष्मा ।'

शुष्माले त्यो आफ्नो ठूलो तैलपेन्टीङ्ग चित्रलाई हेरेर बरर आँशु झारी । जो आज उसलाई उसैको जन्मदिनमा शुभकामना सहित छोरी ममताले उपहार दिएकी थिई । जुन तस्विरले अचानक उसलाई २४ वर्ष पुरानो अतीतमा निर्ममताको साथ धकेली दिएको थियो ।

शुष्मालाई अंगालोमा बाँधेर ममताले रुदै भनी,- 'माम्मा ! यो तस्विरको बारेमा म सबै कुरा जान्दछु । प्रोफेसर नाडीयाले त्योबेला तपाईको तस्विर लुकेर लिनु भएको रहेछ । उहाँले आफ्नो डायरीमा यो सब लेख्नु भएको छ । पछि धोकावस उहाको एउटा मित्रले त्यो तस्विरलाई एउटा ब्लु मेगेजिनको हार्डकभरमा दिए पछि उहाँहरूको मित्रतामा चिसोपन आयो । प्रोफेसर नाडीया खराब मान्छे हुनुहुन्न तर उहाँबाट यै एउटा भुल भयो । माहाराष्ट्रका आर्टस् विश्वविद्यालयहरूको कुलपतीमा सरकारले उहाँलाई चयन गरेर कैयौ सम्मान पत्रहरू दिएको छ । कलेजमा उहाले मलाई देखे पछि एकदिन मलाई घरमा बोलाउनु भयो । उहाले डायरीको भित्री भागबाट एउटा पुरानो फोटो निकाल्नु भयो र मेरो अनुहार सँग दाँज्दै भन्नु भयो की .....एक्जेट्ली ।'

ममता आमाको काखमा घोप्टिएर सुकसुक रोईरही । शुष्माले छोरीको कपालमा स्नेहको हात डुलाईरही । दिवालमा तैलपेन्टीङ्ग थियो । शुष्माले परेला झिमिक्क नगरी तस्विरलाई हेरि रही । उनलाई यस्तो लाग्यो की त्योबेला तस्विर भित्रबाट केही आवाजहरू आउदैछ,- 'नमस्ते म तिमीलाई चिन्छु ।'

अनि फेरी नारी स्वर यसरी आयो,- 'त्यो मेरो बाध्यतालाई अंगाल्नु परेको पेशा थियो । कृपया प्रेस सम्म नपुऱ्याईदिनु होला यो कुरालाई ।'

शुष्माको नयनबाट बलिन्द्र आश्रुधारा बग्यो । उसले ममतालाई अझ जोडले अंगालोमा कसी र शिरमा म्वाई खाईरही ।

✦✦✦